सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ चैत २०८२, मंगलबार (7 Apr 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

फिर्ता बोलाइए दलीय भागबन्डामा नियुक्त ६ राजदूत



डा. शंकरप्रसाद शर्मा
(भारत)



चित्रलेखा यादव
(अस्ट्रेलिया)



डा. पूर्णबहादुर नेपाली
(श्रीलंका)



डा. शिवमाया तुम्बाहाङ्फे
(दक्षिण कोरिया)



सुम्निमा तुलाधर
(डेनमार्क)



कपिल श्रेष्ठ
(दक्षिण अफ्रिका)

● राजदूत शर्मा, यादव, नेपाली र श्रेष्ठ काग्रेसको कोटाबाट तथा तुम्बाहाङ्फे र तुलाधर एमाले कोटाबाट नियुक्त भएका थिए। केपी ओली नेतृत्वको सरकारले १४ साउन ०८१ मा उनीहरूलाई राजदूतमा सिफारिस गरेको थियो।

● सुशीला कार्की नेतृत्वको सरकारले फिर्ता बोलाएका ११ राजदूतमध्ये नौजनाले राजीनामा दिइसकेका छन्। जर्मनीबाट फिर्ता बोलाइएका डा. शैल रूपाखेती र स्पेनबाट फिर्ता बोलाइएका सनिल नेपालले परराष्ट्रमा हाजिर गरेर तलब खाइरहेका छन्। उनीहरू दुवैजना काग्रेस कोटाबाट नियुक्त भएका थिए।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अब १७ देशका नियोग नेतृत्वविहीन

रिक्त कूटनीतिक मिसनमा नयाँ राजदूत नियुक्ति नहुँदा महत्त्वपूर्ण देशमा समेत कूटनीतिक रिक्तताको अवस्था उत्पन्न भएको छ। ६ राजदूत फिर्ता बोलाउने पछिल्लो निर्णयसँगै भारत, चीन, अमेरिका, जापान, बेलायत, रुससहित महत्त्वपूर्ण १७ देशमा रहेका नेपाली कूटनीतिक नियोग नेतृत्वविहीन भएका छन्। पछिल्लो ६ महिनायता राजदूतहरू फिर्ता चलिरहेको भए पनि रिक्त कूटनीतिक मिसनका लागि नियुक्ति भने भएका छैनन्।

संयुक्त राष्ट्रसंघका लागि तीन मिसनसहित नेपालका ३४ राजदूतावास र १० महावाणिज्य दूतावास छन्। बेलायत, बहराइन, बंगलादेश, बेल्जियम, ब्राजिल, क्यानडा, चीन, डेनमार्क, इजिप्ट, फ्रान्स, जर्मनी, भारत, इजरायल, जापान, कोरिया, कुवेत, मलेसिया, म्यानमार, ओमान, पाकिस्तान, पोर्चुगल, कतार, रुस, साउदी अरेबिया, दक्षिण अफ्रिका, श्रीलंका, थाइल्यान्ड, युएई, बेलायत, अमेरिका र स्पेनमा नेपाली राजदूतावास छन्। न्युयोर्क, जेनेभा र भियनामा संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग छन्।

सबै स्थायी नियोगमा परराष्ट्र मन्त्रालयका सहसचिवहरू स्थायी प्रतिनिधि/राजदूत छन्। चीनको छेन्दु, ल्हासा, हङकङ र ग्वाङ्झाओ, अमेरिकाको न्युयोर्क, डालस र सनफ्रान्सिस्को, युएईको दुबई, भारतको कोलकातामा र साउदी अरेबियाको जेद्दामा महावाणिज्य दूतावास छन्।

सरकारले राजनीतिक पृष्ठभूमिका आधारमा नियुक्त छिमेकी भारतसहित ६ देशमा कार्यरत राजदूत फिर्ता गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकले आइतबार गरेको यससम्बन्धी निर्णय सम्बन्धित राजदूतावासलाई परराष्ट्र मन्त्रालयले सोमबार चिठी लेखेर जानकारी गराएको छ।



परराष्ट्रमन्त्री मोरिसस जाँदै

राजदूतहरूलाई सोमबारदेखि लागू हुने गरी एक महिनाभित्र फिर्ता हुन भनिएको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले ६ जना राजदूत फिर्ता गर्ने सरकारी निर्णयको पुष्टि गरे। 'उहाँहरूलाई फिर्ता गर्ने निर्णय भएको छ,' प्रवक्ता क्षेत्रीले नयाँ पत्रिकासँग भने। उनले थप जानकारी दिन अस्वीकार गरे।

फिर्ता भएका राजदूतहरूमा डा. शंकरप्रसाद शर्मा (भारत), चित्रलेखा यादव (अस्ट्रेलिया), डा. पूर्णबहादुर नेपाली (श्रीलंका) डा. शिवमाया तुम्बाहाङ्फे (दक्षिण कोरिया), सुम्निमा तुलाधर (डेनमार्क) र कपिल श्रेष्ठ (दक्षिण अफ्रिका) छन्। राजदूत शर्मा, यादव, नेपाली र श्रेष्ठ काग्रेसको कोटाबाट तथा तुम्बाहाङ्फे र तुलाधर एमाले कोटाबाट नियुक्त भएका थिए। केपी ओली नेतृत्वको सरकारले १४ साउन ०८१ मा उनीहरूलाई राजदूतमा सिफारिस गरेको थियो।

एक सरकारी अधिकारीले राजनीतिक भागबन्डाका आधारमा नियुक्त राजदूतहरूको राजीनामाको अपेक्षा गरेको, तर उनीहरूको राजीनामा नआएपछि फिर्ता गर्ने निर्णय गरिएको बताए। 'सकभर राजदूतहरू आफैंले राजीनामा गर्नुहोला भन्ने अपेक्षा थियो। उहाँहरूले त्यसो नगरेपछि सरकारले फिर्ता गरेको छ,' ती अधिकारीले भने।

फिर्ता बोलाइएका एक राजदूतले सरकारी निर्णय अपेक्षित रहेको र कार्यान्वयनमा सहयोग गर्ने बताए। 'नयाँ सरकार गठन भइसकेपछि फिर्ता गर्ने निर्णय अपेक्षित नै थियो, यो स्वाभाविक छ' ती राजदूतले भने, 'सरकारको निर्णय कार्यान्वयनमा सहयोग हुन्छ। तोकिएकै समयमा फिर्ता हुन्छौं।'

सुशीला कार्की नेतृत्वको अघिल्लो सरकारले ३० असोजमा ६ जनालाई छाडेर ११ राजदूत

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यसरी चलाएका थिए भट्टले 'बिचौलिया साम्राज्य'

दीपक, विकल, सुनील र प्रदीपको गठजोड



विकल पौडेल



सुनील पौडेल



प्रदीप अधिकारी

विकल पौडेल, सुनील पौडेल र प्रदीप अधिकारी कमिसन र भ्रष्टाचारजन्य गतिविधिमा बदनाम छन् भने दीपक भट्ट बिचौलियामा। पछिल्लो समय अख्तियारले कमिसनको शृंखला तोड्ने गरी सक्रियता बढाएपछि उनीहरू एक भएका थिए।

राज्यका निकायमा अनेकौं उजुरी, तर हुँदैनथ्यो कारबाही

सिंगापुर र थाइल्यान्डमा घर, स्वदेशमा सयौं रोपनी जग्गादेखि आधा दर्जन कम्पनीमा लगानी

सुवास भट्ट/नयाँ पत्रिका

सरकार कसको नेतृत्वमा बनाउनेदेखि कानुन कस्तो बनाउने र कुन कर्मचारीलाई कहाँ सरुवा गर्नेसम्म राज्यका महत्त्वपूर्ण मामिलामै प्रत्यक्ष प्रभाव पार्न सक्ने 'बिचौलिया साम्राज्य' थिए, दीपक भट्ट। नेता, कर्मचारी र सुरक्षा निकायका उच्चपदस्थलाई स-साना प्रलोभन र व्यवस्थापन गरिदिए उनी अकुत लाभ लिन सक्थे। यही 'बिचौलिया साम्राज्य' खडा गरेर उनले अर्बौंको सम्पत्ति जोडे, देशदेखि विदेशसम्म। अहिले कानुनी कारबाहीको कठघरामा छन्।

भट्टविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान टुंग्याएर सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाउने तयारी गरेको छ। विभागकै पत्रका

» पृष्ठ २ मा क्रमशः



दीपक भट्ट

■ राजनीतिक 'कनेक्सन'ले राज्य संयन्त्रमा भट्टको अनवरत पहुँच र प्रभाव

दीपक भट्टको मुख्य शक्ति नै उच्च राजनीतिक तहमा पहुँच विस्तार गर्ने र त्यसलाई भजाएर फाइदा लिने हो। यो क्रम दुई दशकयता रफ्तारमा बढ्यो। भट्टलाई चिन्नेहरूका अनुसार उच्च राजनीतिक तहमा उनको चिनजानको सिलसिला ०५३ देखि नै सुरु भएको हो। त्यतिखेर उनी १६/१७ वर्षका युवक थिए। ०५३ चैतमा एमाले र नेपाल सद्भावना पार्टीको समर्थन लिएर राप्रपा संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार बनेको थियो। जसमा एमाले नेता वामदेव गौतम उपप्रधानमन्त्री एवं गृहमन्त्री बने। वामदेवसँग गाढा सम्बन्ध बनाउँदै भट्टले त्यसलाई क्रमशः सिंगो एमालेको शीर्ष तहमा विस्तार गर्न थाले। त्यस्तै, १५ भदौ ०६५ मा तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा पनि गौतम नै उपप्रधानमन्त्री एवं गृहमन्त्री बने। गौतम शक्तिमा पुगेको फाइदा भट्टले फेरि पनि लिएको निकटस्थहरू बताउँछन्। काग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवासँग पनि उनको निकट सम्बन्ध थियो। सुरुमा प्रहरीका स-साना ठेक्का हात पार्न थालेका भट्टले पछि प्रहरीसहित सशस्त्र र सेनाको हतियार र रासन खरिदमा झन्डै एकलौटी आधिपत्य जमाएका थिए।

पछिल्ला वर्ष भट्टको पहुँच शीर्ष राजनीतिक तहसम्मै पुगेको थियो। उनले शीर्ष नेताहरूमार्फत आफ्ना काम गराउने मात्र होइन, दलका आन्तरिक गतिविधिमा समेत हस्तक्षेप गर्न सक्ने हैसियत बनाए। काग्रेस, एमाले र माओवादीका सबै शीर्ष नेतासम्म उनको पहुँच थियो। खासगरी एमाले र काग्रेसँग उनको सम्बन्ध गाढा नै थियो। ती दलका शीर्ष नेताहरूलाई एक ठाउँमा जुटाउने र वार्ता गराउनेसम्मको भूमिका खेल्दै आएका उनकै सहजीकरणमा पछिल्लो एमाले-काग्रेस गठबन्धनको सरकार बनेको बताइन्छ। पछिल्लो समय रास्वपा फुटाउनेसम्मको धम्की पनि भट्टले दिएको स्रोतहरू बताउँछन्।

राजनीतिक नेतृत्वमा शक्तिशाली पहुँच बनाएसँगै भट्टले पछिल्ला वर्ष नीतिगत तहमा हस्तक्षेप गर्न थालेका थिए। कानुनमा आफूअनुकूलका प्रावधान घुसाउनेदेखि बजेटमा छेडखानी गर्नेसम्मका हर्कतमा उनी लागेका थिए। प्रशासनिक गतिविधिमा उनको हस्तक्षेप देख्नेहरूका अनुसार आफ्नो स्वार्थ जोडिएको र महत्त्वपूर्ण मन्त्रालय, विभाग तथा संस्थानहरूमा सचिव, महाशाखा प्रमुख र महानिर्देशकहरू उनकै सिफारिसमा सरुवा हुन्थे। खासगरी अर्थ मन्त्रालयका सचिव, महाशाखा प्रमुख, आन्तरिक राजस्व विभाग, भन्सार विभाग हुँदै धितोपत्र बोर्ड, बिमा प्राधिकरण, नेप्से, नेपाल राष्ट्र बैंकजस्ता संवेदनशील निकाय र पदमा कसलाई लाने भन्नेमा उनको हस्तक्षेप हुन्थ्यो।

■ प्रहरीमा ठेक्कादेखि आइजिपी नियुक्तिसम्म भट्टको प्रभाव

०६२/६३ पछि बन्दोबस्तीका सामानको साना ठेक्काबाट प्रहरीसँग नजिकिएका भट्ट केही वर्षमै कसलाई आइजिपी बनाउने भन्ने खेलमा समेत सामेल हुन थालेका थिए। कतिपय प्रहरी अधिकारी बढुवाका लागि उनको दैलो धाउन थालेका थिए। शक्तिकेन्द्रसँगको निकटताका कारण प्रहरीका सरुवा-बढुवामा समेत उनको सिफारिस चल्न थालेको थियो।

आफूअनुकूल नभएको अवस्थामा उनकै दबाबमा एआइजीलाई सरुवा गरिएका उदाहरणसमेत प्रहरीमा छन्। हतियार खरिदमा असहयोग गरेको भन्दै उनकै दबाबमा ०७२ मा प्रशासन विभागको नेतृत्व फेरिएको प्रहरी स्रोत बताउँछ। 'हतियार खरिदका लागि हामीले माग्दा सरकारले बजेट दिँदैनथ्यो, उनी आफैं अर्थ मन्त्रालयमा धाएर बजेट मिलाउँथे र ठेक्का आफैं हात पार्थे,' एक अवकाशप्राप्त प्रहरी अधिकारी भन्छन्, 'केही आइजिपीहरूको नियुक्तिमा पनि उनको लगानी रहेको चर्चा प्रहरीमा रहँदै आएको छ।'

भट्टले गत वर्षसम्म पनि पुरानो ठेक्का ब्युँताएर हतियार खरिदको प्रक्रिया अघि बढाउन दबाब दिएका थिए। यद्यपि, पछि त्यो रोकिएको थियो। विगतमा भने उनले प्रहरीबाट धेरै ठेक्का हात पारिसकेका छन्। चलखेलकै आधारमा प्रहरीमा सञ्चारसेटका सिस्टम खरिदको ठेक्का पाएका थिए। समयमा काम नगरेपछि प्रहरीले ठेक्का रद्द गरेको थियो। पछि उनले तत्कालीन केपी ओलीको सरकारलाई नै प्रभावमा पारेर सार्वजनिक खरिद नियमावली संशोधन गराएका थिए। यद्यपि, म्यादथप भने भएन। हालसम्म यससम्बन्धी विवाद अदालतमा विचाराधीन छ।

■ टुँडिखेलको मुहार फेर्ने तयारी



काठमाडौं महानगरपालिकाले टुँडिखेलमा दुबो रोप्नका लागि मैदान सम्याउन थालेको छ। एक वर्षमा दुबो रोपेर सकाउने गरी हाल मैदानको 'लेबल' मिलाउने काम थालिएको महानगरपालिकाको सार्वजनिक निर्माण विभागका निर्देशक सुरेशकुमार राईले बताए। उनका अनुसार एक वर्षसम्म टुँडिखेलमा कुनै पनि सार्वजनिक कार्यक्रम तथा समारोह नगर्न सूचना प्रकाशन गरिएको छ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

फेवातालको ६५ मिटर मापदण्डभित्रको जग्गाको वस्तुस्थिति पत्ता लगाउन समिति

भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीको संयोजकत्वमा गठन गरिएको समितिलाई एक साताको समय, सर्वोच्चको परमादेश कार्यान्वयन हुने गरी गठन गरिएका विभिन्न समितिहरूको प्रतिवेदन अध्ययन गरी ६५ मिटरभित्रको जग्गाको अवस्था पत्ता लगाउने कार्यादेश

नयाँ पत्रिका

सरकारले रामसार सूचीमा सूचीकृत पोखरास्थित फेवातालको ६५ मिटर मापदण्डभित्रको जग्गाको वस्तुस्थिति पत्ता लगाउन समिति गठन गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले सोमबार गठन गरेको भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीको संयोजकत्वको पाँचसदस्यीय समितिलाई एक साताको समय तोकिएको छ। शनिबार मात्र पोखरा महानगरपालिकाले अतिक्रमित संरचनामा डोजर लगाएको थियो।

समितिलाई सर्वोच्च अदालतको परमादेश कार्यान्वयन हुने गरी संघ, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले गठन गरेका समितिको

» पृष्ठ २ मा क्रमशः

■ मधेश सरकारको गौरव योजना 'मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ' बन्द

सरकार, अख्तियार र कर्मचारीतन्त्रको बेवास्ताले तुहिए किशोरीका सपना



कबाड बन्दै झन्डै साढे पाँच हजार साइकल

(विस्तृत पृष्ठ ३)

स्मार्ट लाइसेन्स अब एकै दिनमा छापिने



छपाइ बाँकी रहेका करिब २९ लाख लाइसेन्स आगामी असार मसान्तसम्म छपाइ सम्पन्न गर्ने लक्ष्य

(विस्तृत पृष्ठ ६)

■ विद्यार्थी भर्नामा निजी विद्यालयको मनपरी रोक्न सरकार सक्रिय

भर्ना शुल्क एक महिनाको फी र वार्षिक शुल्क दुई महिनाको फीभन्दा बढी लिन नपाउने मापदण्डमा कडाइ



● **शिवकुमार सापकोटा**, प्रवक्ता, शिक्षा मन्त्रालय

निजी विद्यालयहरूले हरेक वर्ष थरीथरीका शीर्षकमा विद्यार्थीबाट शुल्क उठाएर हैरान पार्ने गरेका छन्। कतिपय विद्यालयले त वार्षिक र भर्ना शुल्कका नाममा बढी असुल्ने गरेका छन्। तर, निर्देशिकाले तोकेभन्दा बढी शुल्क उठाउन पाइँदैन। हामीले बढी शुल्क असुल्ने स्कुललाई कारबाही गर्न पालिकालाई भनेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

हरेक नयाँ शैक्षिक सत्र सुरु हुने वेला आमअभिभावकको एउटै गुनासो सुनिन्छ- स्कुलले अनेक शीर्षकमा अत्यधिक शुल्क तोकेर मर्कामा पाऱ्यो। तर, यसपालि भने दुईतिहाइनजिकको रास्वपा सरकारले भर्नालगायत शीर्षकमा मनपरी शुल्क उठाउन निजी विद्यालयलाई अंकुश लगाउने कदम चालेको छ। शिक्षा मन्त्रालयले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिकामा रहेका व्यवस्था सम्झाउँदै निर्देशिकामा तोकिएबाहेक शीर्षकमा र तोकिएकै शीर्षकमा पनि बढी शुल्क लिएमा कारबाही गर्न पालिकाहरूलाई सूचित गरेको हो।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ अनुसार 'भर्ना शुल्क' शीर्षकमा एक मासिक शुल्कबराबर मात्रै लिन पाइन्छ। त्यो पनि कुनै विद्यालयमा एकपटक भर्ना गरिसकेपछि उही विद्यार्थीसँग हरेक कक्षामा भर्ना

» पृष्ठ २ मा क्रमशः


■ कुन शीर्षकमा कति शुल्क लिन पाइन्छ ?

मासिक शुल्क	विद्यालयको समग्र खर्च, विद्यार्थीको संख्या र शिक्षा नियमावलीले तोकेको मापदण्डलगायतलाई आधार मानेर तय गरिन्छ।
भर्ना शुल्क	एकपटक मात्र लिन पाउने, त्यो पनि एक महिनाको मासिक शुल्कबराबर
वार्षिक शुल्क	दुई महिनाको मासिक शुल्कबराबर रकम मात्र लिन पाइने
परीक्षा शुल्क	मासिक शुल्कको ५० प्रतिशतभन्दा नबढाईकन वार्षिक वा किस्तामा लिनुपर्ने (परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च यसैभित्र समेटिनुपर्ने)
शैक्षिक सामग्री शुल्क	मासिक शुल्क १० प्रतिशत मात्र वर्षमा एकपटक लिन पाइने
आवास शुल्क	यो शीर्षकको शुल्क निर्धारण आवासीय विद्यार्थीका अभिभावक र विद्यालयबिच सहमतिअनुसार गर्नुपर्नेछ। जसलाई अभिभावक भेलाबाट पारित गराउनुपर्नेछ
खाजा शुल्क	यस्तो सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाबाट पारित गराउनुपर्छ
यातायात शुल्क	यो सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाको दुईतिहाइबाट यस्तो शुल्क पारित गराउनुपर्नेछ
विशेष प्रशिक्षण शुल्क	खेलकुद, संगीत तथा साहित्यिक कार्यक्रमलगायतका तालिम, प्रशिक्षण लिनेहरूसँग लिन पाउनेछ। यो शुल्क पनि त्यो सुविधा लिने विद्यार्थीका अभिभावकहरूको दुईतिहाइ भेलाबाट पारित गर्नुपर्छ।

यसबाहेक विद्यालयले धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क (कम्प्युटर विषय पढ्नेका लागि), स्थानान्तरण प्रमाणपत्र शुल्क, शैक्षिक भ्रमण शुल्क र अन्तरविद्यालय प्रयोगिता सञ्चालन शुल्क लिन पाउने व्यवस्था निर्देशिकामा छ।

पालना नगरे यस्तो कारबाही **पहिलोपटक कसुर हेरेर सम्बन्धित विद्यालयलाई २५ हजारसम्म जरिवाना गरिनेछ। दोस्रोपटक विद्यालयको अनुमति स्वीकृति नै रद्द गरिनेछ।**

कुनै विद्यालयले भर्ना शुल्क बढी लिए सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अघि बढाउन सबै स्थानीय तहलाई शिक्षा मन्त्रालयको अनुरोध



ओली र लेखकको थुना गैरकानुनी नरहेको सर्वोच्चको ठहर

भोलिसम्म अनुसन्धान नसके थुनामुक्त गर्न परमादेश

शिल्पा कर्ण/नयाँ पत्रिका





सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकमाथिको रिटमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न अस्वीकार गरेको छ। बन्दी प्रत्यक्षीकरणको रिट नै खारेज गरिदिएको छ। अदालतको यो ठहरले उनीहरूको पक्राउ र थुना गैरकानुनी नरहेको पुष्टि गरेको छ। बन्दी प्रत्यक्षीकरणको रिटमा सोमबार सुनुवाइ भएको थियो। रिट खारेजसँगै सर्वोच्चले २५ चैत (बुधबार)भित्र अनुसन्धान सम्पन्न गर्न अन्यथा दुवैजनालाई रिहा गर्न परमादेशसमेत दिएको छ।

'...प्राप्त अनुसन्धान तहकिकातको सिलसिलामा अदालतबाट म्याद थप भई न्यायिक हिरासतमा राखिएको कार्यलाई कानुन प्रतिकूल भन्न नमिल्ने हुँदा निवेदन दाबीअनुसार यी रिट निवेदकहरूको थुना गैरकानुनी देखिन नआएकाले निवेदन मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन,' न्यायाधीशहरू विनोद शर्मा र सुनीलकुमार पोखरेलको संयुक्त इजलासबाट भएको फैसलामा छ।

आइतबारदेखि लागू हुने गरी जिल्ला अदालत काठमाडौंले ओली र लेखकमाथि तेस्रोपटक पाँच दिनका लागि म्याद थपको आदेश गरेको थियो। यो नै अन्तिम म्याद थप हुने गरी सर्वोच्चबाट परमादेश भएको छ। इजलासले यसै घटनामा पक्राउ परेका काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसमेत खोजी भएको बखत उपस्थित गराउने गरी छाडिएको कुरालाई समेत आधार मानी यो आदेश गरेको हो। इजलाससमक्ष प्राप्त अनुसन्धान तहकिकातसम्बन्धी फाइल हेर्दा दुवैजनाको बयान कार्यलगायतका अनुसन्धानका अन्य कार्यसमेत सम्पन्न भइसकेको भन्दै अदालतले उनीहरूलाई अब थप समय थुनामा राख्नुनपर्ने निर्णय सुनाएको हो।

अभियुक्तहरूको बयान बेहोराबाट उनीहरू दुवैजना आफ्ना पिता, माताको निधनपश्चातको आशौचमा रहेको साथै निवेदकमध्येका केपी ओली जटिल बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमा भर्ना भई विशेष मेडिकल टिमको प्रत्यक्ष निगरानीमा उपचाररत रहेकोसमेतका आधारमा अदालतले यस मुद्दामा शीघ्र अनुसन्धान गरी मुद्दा चलाउने/नचलाउने निर्णय लिन आदेश गरेको छ। समग्र आधार प्रमाणहरूलाई विचार गर्दा अनुसन्धान प्रक्रिया छिटो टुंगो लगाउनु वाञ्छनीय देखिएको ठहर सर्वोच्चको छ।

संक्षिप्त फैसलामा भनिएको छ, '...निजहरूको हकमा मिति २०८२/१२/२१ देखि लागू हुने गरी तेस्रोपटक ५ (पाँच) दिनको म्याद थप अनुमति प्रदान गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०८२/१२/२२ मा भएको आदेशअनुसारको समयावधिमा अनुसन्धान कार्य सम्पन्न भई मुद्दा चल्ने, नचल्ने निर्णय भएमा सोहीअनुसार र सो हुन नसकेमा तत्पश्चात् अर्थात् तेस्रोपटकको म्याद थपको अवधि उपरान्त यी रिट निवेदक केपी शर्मा ओली र रमेश लेखकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को प्रक्रिया पूरा गरी हिरासत मुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी जे जो गर्नुपर्ने हो गर्नू, गराउनू भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी गरिएको छ।' सर्वोच्चको आदेशअनुसार अब २५ चैतभित्र मुद्दा चलाउने निर्णय गर्नुपर्ने हुन्छ, नत्र थुनामुक्त गर्नुपर्ने हुन्छ।

ओली र लेखक दुवै गत १४ चैतमा पक्राउ परेका थिए। पक्राउ परेसँगै स्वास्थ्यको कारण देखाई ओली अस्पतालमा छन् भने बयानलगायतका अनुसन्धानका कार्य उनले श्रव्यदृश्य माध्यमबाटै गरिरहेका छन्। पुरुषोत्तम खतिवडा खत्रीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको यस घटनामा प्रहरीले दुवैजनालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ।

■ कहाँ पुग्यो अनुसन्धान ?

जिल्ला प्रहरी परिसर काठमाडौंले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बयान सकाएपछि प्रमाण संकलनको काम गरिरहेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी रमेश थापाका अनुसार हाल घटना विवरण कागज गर्ने तथा थप प्रमाण जुटाउने काम भइरहेको छ। पीडित तथा साक्षीहरूसँग प्रहरीले घटना विवरण कागज गरिरहेको छ। साथै, जाँचबुझ आयोगको प्रतिवेदनमा आधारित भएर थप प्रमाण संकलन भइरहेको प्रहरीले जनाएको छ। बुधबारभित्र अनुसन्धान सकिने-नसकिने विषयमा अहिले भन्न नसकिने एसएसपी थापा बताउँछन्। 'अदालतको आदेश आधिकारिक रूपमा आएपछि सरकारी वकिल कार्यालयसँग परामर्श गरी तत्काल मुद्दा चलाउने कि हाजिरी जमानीमा छाड्ने भन्ने निर्णय गर्छौं,' उनले भने।

धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना **प्रकाशित मितिः २०८२/१२/२४**

यस संस्थाबाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले उपयोग गर्नु भएको कर्जाको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि भुक्तान गर्न पटक पटक मौखिक, लिखित र मिति २०७६/०७/०८ मा ३५ दिने कर्जा तिर्न आउने बारे सार्वजनिक सूचना प्रकाशित गराउदा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो वापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असूल उपर गर्नु पर्ने भएकोले सहकारी नियमावली २०७५, सहकारी ऐन २०७४ बमोजिम धितो लिलाम बिक्रीका लागी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा डाँक बडाबडमा कोही पनि सहभागी नभएकोले यो २१ दिने धितो लिलामि बिक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ। अतः यस सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र ऋण चुक्ता गर्ने अघिल्लो दिन सम्मको सावाँ व्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ती फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरुलाई पुनः जानकारी गराइन्छ। अन्यथा यो सूचना प्रकाशित भएको २२ औं दिनमा निम्न मिति समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही डाँक बडाबडबाट धितो लिलाम बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरुलाई यस सूचनाद्वारा आव्हान गरिन्छ। साथै धितो लिलाम बिक्री गर्दा सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पत्तीबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम थर, ठेगाना	धितो सुरक्षणको विवरण	जमानीकर्ताको नाम थर, ठेगाना
नाम: रमा ठकुरी ना.प्र.नं. ७२६४/१५१०८, काठमाडौं **ठेगाना**: का.जि., का.म.न.पा.-७, गौरीघाट **बाबु**: कृष्ण ब. ठकुरी **बाजे**: हरि ब. ठकुरी **पति**: गोविन्द ब. ठकुरी	का.जि., का.म.न.पा. वडा नं. ७ स्थित कित्ता नं. ५०१, क्षेत्रफल ०-२-३-३ जग्गा र सो मा बनेको घर तथा लिगलगापात समेत।	**नाम**: शंकर ठकुरी ना.प्र.नं. ८३४६८, काभ्रे **बाबु**: गोविन्द ब. ठकुरी **पत्नी**: सृजना शाही ठकुरी **ठेगाना**: का.जि., का.म.न.पा.-७, गौरीघाट

बोलकबोल सम्बन्धी शर्तहरुः

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० (दश) प्रतिशतले हुने रकम नगदै धरौटी वापत तत्कालै यस सहकारी संस्थामा बुझाउनु पर्नेछ।
२. डाँक बढा बढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तीलाई अचल सम्पती दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षीत रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम स्वीकृतको सुचना पाएको ७ दिन भित्र बाँकि रकम बुझाई अचल सम्पतीको स्वामित्व हस्तान्तरण गरि नलिएमा धरौटी बापत राखेको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
४. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्को १० प्रतिशत रकम सोहि दिन नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने व्यक्तिको नाममा लिलाम सकार गरिनेछ।
५. तोकिएको लिलामको दिन विदा परे वा सरकारी विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढावढ हुनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलीपल्ट (सरकारी विदा बाहेक) पुनः लिलामको कार्य हुनेछ।
७. लिलाम सकार गरेको अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण सम्बन्धी सम्पूर्ण खर्च तथा लाग्न जाने शुल्क तथा अन्य दै दस्तुर उक्त लिलाम सकार गरि लिनेले नै व्यहोर्नु पर्नेछ।
८. सम्बन्धीत ऋणीले लिलाम प्रकृया अगावै सम्पूर्ण रकम बुझाउन ल्याएमा सो कर्जा सम्बन्धी लिलाम प्रकृया रोकिनेछ।
९. लिलाम प्रकृयामा सो जेथा कसैले सकार नगरेमा प्रचलित कानुनको अधिनमा रहि सो जेथा यस संस्थाले आफ्नो नाममा सकार गरी लिन सक्नेछ।
१०. यस सम्बन्धी अन्य थप जानकारीको लागी डिल्लीबजार, चारखाल स्थित यस संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम हुने मिति : २०८२/०१/१५ गते
समय : दिउँसो ०१:००-५:०० बजे सम्म
लिलाम हुने स्थान : संस्थाको कार्यालय, डिल्लीबजार-३०

वेलफेयर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
डिल्लीबजार, चारखाल, काठमाडौं, फोन नं.: ०१-४५३३७७८, ४५२६७३६

नबिल बैंक लिमिटेड अवकाश कोष (Nabil Bank Limited Retirement Fund) तथा नेपाल बङ्गलादेश बैंक लिमिटेड अवकाश कोष (Nepal Bangladesh Bank Limited Retirement Fund) मा आबद्ध योगदानकर्ताहरुमा सुचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/२० कान्तिपुर दैनिक)

आर्थिक ऐनको दफा २३ मा "आयकर ऐन, २०५८" बमोजिम साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषहरु संवत् २०८३ साल आषाढ मसान्तभित्र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोषद्वारा सञ्चालित अवकाश कोष वा निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोषमा अनिवार्य रुपमा आबद्ध हुनु पर्ने व्यवस्था गरेको छ। साथै आबद्धताको क्रममा साविकको अवकाश कोषमा योगदानकर्ताले जम्मा गरेको अवकाश योगदान तथा सोमा थप भएको एकमुष्ठ रकम सोही अवधिभित्र उपरोक्त कोषमा हस्तान्तरण भएमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम करकट्टी गर्नु नपर्ने व्यवस्था गरेको साथै सोही व्यहोराको सूचना समेत मिति २०८२ साल असार ३१ गते आन्तरिक राजस्व विभागबाट जारी भैसकेको छ।

माथि उल्लेखित आर्थिक ऐन तथा आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम यस नबिल बैंक अन्तर्गत सञ्चालित नबिल बैंक लिमिटेड अवकाश कोष (Nabil Bank Limited Retirement Fund) तथा नेपाल बङ्गलादेश बैंक लिमिटेड अवकाश कोषमा (Nepal Bangladesh Bank Limited Retirement Fund) २०८३ आषाढ मसान्त पश्चात् स्विकृत अवकाश कोषको रुपमा सञ्चालनमा नरहने हुँदा, आबद्ध योगदानकर्ताले जम्मा गरेको अवकाश योगदान वापतको रकम, सोमा थप भएको एकमुष्ट रकम सहितको सम्पूर्ण सम्पति तथा दायित्व सोहि मिति भित्र माथि उल्लेखित संस्थामा अनिवार्य दाखिला गरिसक्नुपर्ने भएकोले योगदानकर्ता संस्था तथा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

नबिल बैंक लिमिटेड अवकाश कोष (Nabil Bank Limited Retirement Fund) तथा नेपाल बङ्गलादेश बैंक लिमिटेड अवकाश कोषमा (Nepal Bangladesh Bank Limited Retirement Fund) आबद्ध भएका योगदानकर्ता संस्थाले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले आबद्ध हुन चाहेको कुनै एक संस्थाको सम्बन्धमा जानकारी सहितको पत्र यस अवकाश कोषको कार्यालय (नबिल बैंक लिमिटेड रहेको कार्यालय, घण्टाघर काठमाडौं) वा आधिकारिक इमेल मार्फत Email: nabil.rf@nabilbank.com तथा नेपाल बङ्गलादेश बैंक अवकाश कोषका लागि Email: nbblrf@nabilbank.com मा पठाउनु हुन अनुरोध छ। सम्बन्धित योगदानकर्ता संस्थाबाट यस सम्बन्धी थप जानकारी प्राप्त हुन नआएको खण्डमा यसै सुचनालाई आधारमानी २०८३ साल आषाढ मसान्तभित्र एकमुष्ट रकम सहितको सम्पूर्ण सम्पति तथा दायित्व आर्थिक ऐनको दफा २३ ले तोकेबमोजिमको स्वीकृति प्राप्त अवकाश कोषमा कोषको सञ्चालक समीतीको निर्णय बमोजिम सम्बन्धित योगदानकर्ताको नाममा दाखिला हुने व्यहोरा समेत जानकारी गराउँदछौं।

पुनश्चः यसै सम्बन्धमा मिति २०८२/०९/२० को कान्तिपुर दैनिक प्रकाशित सूचना बमोजिम जानकारी गराउँदा समेत केही संस्थाहरु सम्पर्कमा नआएको हुँदा सम्पर्कमा नआएका संस्थाहरुको हकमा नबिल बैंक अवकाश कोष र नेपाल बङ्गलादेश बैंक लिमिटेड अवकाश कोषले निर्णय गरी कानून बमोजिम तोकिएको कोष(हरु)मा एकमुष्ट रकम सहितको सम्पूर्ण सम्पति तथा दायित्व स्थानान्तरण/दाखिला गरिएपश्चात सो को सञ्चालन सम्बन्धित संस्थाको तजबिज बमोजिम हुने र यस नबिल बैंक अवकाश कोष र नेपाल बङ्गलादेश बैंक लिमिटेड अवकाश कोषको कुनै जिम्मेवारी नहुने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

नबिल बैंक लिमिटेड अवकाश कोष
NABIL BANK LIMITED RETIREMENT FUND
NEPAL BANGLADESH BANK LTD. RETIREMENT FUND
घण्टाघर, काठमाण्डौ, फोन नं ०१-५९७१८७१

यसरी चलाएका...

पृष्ठ १ बाट क्रमशः

आधारमा गत बिहीबार पक्राउ परेका उनी हाल ललितपुर प्रहरी परिसरको हिरासतमा छन्। भाग्न सक्ने भएकाले पक्राउअघि नै उनको पासपोर्ट रोक्का गरिएको थियो। विभाग स्रोतका अनुसार भट्टविरुद्ध केही दिनमै झन्डै आधा दर्जन कसुरमा मुद्दा लैजाने तयारी छ। बिमा ऐन तथा धितोपत्र ऐनअन्तर्गत कसुर, बैंकिङ कसुर, करछलीदेखि सार्वजनिक सम्पत्तिको दुरुपयोग अभियोगमा भ्रष्टाचार मुद्दा चलाउने तयारी रहेको छानबिनमा संलग्न अधिकारीहरू बताउँछन्।

भट्टविरुद्धको पहिलो मुद्दा बिमा ऐनअन्तर्गतको कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा दर्ता गरिँदै छ। भट्ट र सुलभ अग्रवाललगायतको समूहले हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ८१ करोड दुरुपयोग गरी नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर किनेको अनुसन्धानमा पुष्टि भइसकेको छ। उक्त रकम ५५ नम्बरको भृकुटी स्टक ब्रोकर कम्पनीमा लगेर बाँडफाँट गरेका थिए। अग्रवाल पनि आइतबार पक्राउ परेका छन्। उनका बुबा शंकर अग्रवाल भने शुक्रबारै पक्राउ परेकामा आइतबार छुटेका छन्।

सिंगापुर र थाइल्यान्डमा घर, स्वदेशमा सयौं रोपनी जग्गादेखि आधा दर्जन कम्पनीमा लगानी

अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार 'बिचौलया साम्राज्य'बाटै भट्टले अर्बौंको अकुत सम्पत्ति जोडेका छन्। उनले सिंगापुर र थाइल्यान्डमा घर किनेको स्रोतले बतायो। अनुसन्धानका क्रममा हालै उनलाई प्रहरीले सिंगापुरबाटै झिकाएको थियो। अनुसन्धानमा नआए प्रक्रियाअनुसार पक्राउ गरेर ल्याउने सम्पत्ति शुद्धीकरण विभागको चेतावनीपछि उनी आफैं आएको स्रोतले बतायो।

त्यस्तै, भट्टले काठमाडौंसहित देशका विभिन्न मुख्य सहरहरूमा सयौं रोपनी जग्गा किनेका छन् भने आधा दर्जन कम्पनीमा आफू, परिवार र आफन्तको नाममा लगानी गरेका छन्। खासगरी जलविद्युत् कम्पनीमा उनको लगानी छ। अनुसन्धान अधिकारीहरूका अनुसार उनले आर्जन गरेको धनलाई पुष्टि गर्ने कुनै व्यापार, व्यवसाय र वैध आम्दानी देखिँदैन। राजनीतिक र प्रशासनिक उच्च नेतृत्वलाई हातमा लिएर उनले अकुत सम्पत्ति कमाएका हुन्।

राज्यका निकायमा अनेकौं उजुरी, तर हुँदैनथ्यो कारबाही

दीपक भट्टविरुद्ध राज्यका निकायहरूमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा मात्रै आधा दर्जन उजुरी परेका थिए। तर, कहिल्यै अनुसन्धान टुंगोमा पुर्‍याइएन। विभागका कुनै पनि महानिर्देशकले उनीमाथि अनुसन्धान सुरु गर्ने आँट नै गर्न सकेनन्। करोडौंको शंकास्पद बैंकिङ कारोबार भेटिएपछि नेपाल राष्ट्र बैंकले अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण विभागलाई पत्राचार गरे पनि तत्कालीन प्रधानमन्त्री केपी ओलीको दबाबमा विभाग पन्छिएको थियो। अहिले विभागले उनीविरुद्ध गरिरहेको छानबिन पनि ०८० कै उजुरीको आधारमा हो।

खासगरी पछिल्लो समय जेन-जी विद्रोहपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले भट्टविरुद्ध कारबाही अघि बढाएको थियो। प्रधानमन्त्री कार्कीदेखि अर्थमन्त्री रामेश्वर खनालसम्म भट्टलाई मुद्दा चलाउने सोचमा थिए। तर, छानबिन प्रक्रिया नटुंगिँदा समय लम्बिएको हो। अहिलेको रास्वपा नेतृत्वको सरकारले जोड दिएपछि सम्पत्ति शुद्धीकरण विभाग मुद्दा अभियोजनको तयारीमा छ।

०६१ मै अख्तियारमा झेलेका थिए मुद्दा

२१ पुस ०६१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि सामग्री कम्पनीका तत्कालीन प्रबन्ध सञ्चालक चतुर्भुज भट्टविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। चतुर्भुज उनै दीपक भट्टका बुबा हुन्। रासायनिक मल खरिदको ठेक्कामा विदेशी कम्पनी क्लानपोर्ट इन्टरनेसनलको टेन्डर स्वीकृत गर्दा पटक-पटक गरी ५० लाख ५० हजार घुस खाएको देखिन आएको अख्तियारको आरोप थियो। दीपकले बुबा चतुर्भुजका लागि घुस खाएको दाबी अख्तियारको थियो। दुवैविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको थियो। त्यतिवेला दीपक २५ दिन थुनामा परेका थिए।

'आफ्ना बाबुमार्फत टेन्डर स्वीकृत गराउने जिम्मेवारी लिएका निज चतुर्भुज भट्टका छोरा दीपक भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (२) विपरीत आफ्नो बाबुबाट क्लानपोर्ट इन्टरनेसनलको टेन्डर स्वीकृत गराउन आफ्नो बाबुका निमित्त रिसवत (घुस) लिएको देखिँदा निजलाई सोही ऐनको दफा ३ को उपदफा १ को देहाय (ज) बमोजिम सजाय गरी उपदफा २ बमोजिम रिसवत रकमसमेत जफत हुने गरी'को मागदाबी गरेको थियो। तर, बाबुछोराले नै राजनीतिक पहुँच बनाएका कारण उनीहरूले मुद्दा प्रभावित पार्न चलखेल गरेका थिए। अन्ततः अदालतबाट सफाइ पाएका थिए।

दीपक, विकल, सुनील र प्रदीपको गठजोड

पछिल्लो समय अख्तियारले सूचना प्रविधि (आइटी) र उड्डयन माफियाहरूमाथि कारबाही तीव्र पारेको छ। आइटी क्षेत्रका माफिया मानिएका विकल पौडेल र सुनील पौडेल अहिले जेलमा छन्। सुरक्षा मुद्रण केन्द्र र नेपाल टेलिकममा बसेर कमिसन साम्राज्य फैलाएका उनीहरूविरुद्ध अख्तियारले सात-सातवटा भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको छ। केहीमा ठहर भएर जेलमा सजाय काटिरहेका छन् भने केही मुद्दा विचाराधीन छन्।

त्यस्तै, उड्डयन क्षेत्रमा पनि अख्तियारले कारबाही अघि बढाएको छ। ऋण सहायतामा बनाइएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले दुई मुद्दा दायर गरेको छ। अझै केही मुद्दा विचाराधीन छन्। भक्तपुरको नलिन्चोकमा हेलिपोर्ट निर्माणमा भ्रष्टाचार गरेको अर्को मुद्दा पनि अख्तियारले विशेष अदालतमा दायर गरेको छ। यी तीनवटै मुद्दामा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप अधिकारीलाई अख्तियारले प्रतिवादी बनाएको छ। उनी अहिले पुर्पक्षमा थुनामा छन्। स्रोतका अनुसार पौडेलद्वय, अधिकारी र भट्टबिच एकता थियो। फरक-फरक क्षेत्रका भए पनि उनीहरूको कार्यशैली र उद्देश्य समान देखिएको बताइन्छ।

पौडेलद्वय र अधिकारी कमिसन र भ्रष्टाचारजन्य गतिविधिमा बदनाम छन् भने भट्ट बिचौलियामा। पछिल्लो समय अख्तियारले कमिसनको शृंखला तोड्ने गरी सक्रियता बढाएपछि उनीहरू एक भएका थिए। अख्तियार प्रमुख प्रेमकुमार राईलाई हटाउनेसम्मको खेलमा उनीहरू थिए। केपी ओली सरकारको समयमा नियुक्ति लिएका ५२ पदाधिकारीको मुद्दा सर्वोच्च अदालतमा चल्दा नियुक्ति बदर गराउने गरी फैसला प्रभावित पार्न उनीहरूले कोसिस गरेको स्रोतले बतायो। तर, सर्वोच्चले ती नियुक्ति सदर गरिदिएको थियो।

फिर्ता बोलाइए...

पृष्ठ १ बाट क्रमशः

मात्रै फिर्ता गरेको थियो। ओली नेतृत्वको सरकारले १४ साउन ०८१ मा सिफारिस गरेका १० र त्यसअघिको सरकारले सिफारिस गरेका एक गरी ११ राजदूत फिर्ता भएका थिए। त्यसवेला नरेशविक्रम ढकाल (साउदी अरेबिया), धनप्रसाद पण्डित (इजरायल), सनिल नेपाल (स्पेन), डा. शैल रूपाखेती (जर्मनी), लोकदर्शन रेग्मी (अमेरिका), चन्द्रकुमार घिमिरे (बेलायत), जंगबहादुर चौहान (रुस), रमेशचन्द्र पौडेल (कतार), डा. कृष्णप्रसाद ओली (चीन), डा. नेत्रप्रसाद तिमल्सिना (मलेसिया) र डा. दुर्गाबहादुर सुवेदी (जापान) फिर्ता भएका थिए।

राजनीतिक भागबन्डामै नियुक्त भए पनि महिला, जनजाति र दलित पृष्ठभूमिका राजदूतहरूलाई भने अघिल्लो सरकारले फिर्ता गरेको थिएन। प्रधानमन्त्री कार्कीका प्रमुख सल्लाहकार अजयभद्र खनालको रुचिमा ६ जना राजदूत यथावत् राखेर बाँकीलाई फिर्ता गरिएको बताइएको थियो। ती राजदूत अहिलेको सरकारले फिर्ता बोलाएको हो।

अघिल्लो सरकारले ११ राजदूत फिर्ता गरेपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको थियो। सर्वोच्चले अर्को आदेश नभएसम्म राजदूत फिर्ताको निर्णय कार्यान्वयन नगर्न सरकारका नाममा आदेश दिएको थियो। सरकारले उनीहरूलाई परराष्ट्र मन्त्रालमा कामकाज गर्ने गरी फिर्ता बोलाएको थियो। यीमध्ये नौजनाले राजीनामा दिइसकेका छन्।

कांग्रेसको कोटाबाट राजदूत भएका दुईजनाले परराष्ट्र मन्त्रालयमा हाजिर गर्दै आएका छन्। जर्मनीबाट फिर्ता बोलाइएका डा. शैल रूपाखेती र स्पेनबाट फिर्ता बोलाइएका सनिल नेपालले परराष्ट्रमा हाजिर गरिरहेका छन्। सर्वोच्च उक्त मुद्दाबारे फैसला गरेको छैन। तर, उनीहरूमाथि पनि राजीनामा लागि दबाब परेको छ।

परराष्ट्रमन्त्री मोरिसस जाँदै, भारतीय राजदूतले पनि भेटवार्ता गरे

परराष्ट्रमन्त्री शिशिर खनाल यही साता मोरिसस जाने भएका छन्। उनी द्विपक्षीय औपचारिक भ्रमणमा नभएर नवौं इन्डियन ओसन कन्फरेन्समा सहभागी हुन जाने भएका छन्। परराष्ट्रमन्त्री भएपछि उनी पहिलो विदेश भ्रमणमा जान लागेका हुन्। कार्यक्रम यही अप्रिल १० देखि १२ सम्म मोरिससमा हुनेछ जहाँ भारतीय विदेशमन्त्री डा. एस जयशंकर, भुटानका विदेशमन्त्री दीनानाथ ढुंगेललगायत सहभागी हुनेछन्। कार्यक्रमलाई परराष्ट्रमन्त्री खनालले सम्बोधन गर्ने कार्यक्रम छ। परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले कार्यक्रममा नेपालको सहभागिताका लागि निमन्त्रणा प्राप्त भएको र परराष्ट्रमन्त्रीको सहभागिताका लागि मन्त्रालयले आवश्यक तयारी गरिरहेको बताए। कार्यक्रमको आयोजना इन्डिया फाउन्डेसनले गरेको हो।

परराष्ट्रमन्त्री खनालसँग सोमबार नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरेर विदेशमन्त्री डा. एस जयशंकरको शुभकामना र बधाई पत्र हस्तान्तरण गरेका छन्। परराष्ट्रमन्त्री खनाललाई सोमबारै संयुक्त अरब इमिरेट्सका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री शेख अब्दुल्लाह बिन जायेद अल नहयानले टेलिफोन गरेका छन्। परराष्ट्रमन्त्री खनालले इरानले युएईका नागरिक तथा ऊर्जा पूर्वाधार, बन्दरगाह र विमानस्थलमा भएका आक्रमणप्रति चिन्ता व्यक्त गरेका छन्। परराष्ट्रमन्त्री खनालले युएईमा रहेका नेपालीको सुरक्षाबारे चासो राखेका छन्। परराष्ट्रका अनुसार युएईका उपप्रधानमन्त्री शेखले युएई सरकारले नेपालीसहित त्यहाँ बसोबास गर्दै आएका सबै नागरिकको सुरक्षा सुनिश्चित गर्ने आश्वासन दिएका छन्।

भर्ना शुल्क...

पृष्ठ १ बाट क्रमशः

लिन नपाउने निर्देशिकामा स्पष्ट छ। तर, अधिकांश विद्यालयले तोकिएको भन्दा अत्यधिक शुल्क लिने गरेका छन् भने एउटै विद्यालयमा उपल्लो कक्षामा जाने विद्यार्थीको पनि हरेक वर्ष भर्ना शुल्क असुल्ने गरेका छन्। त्यस्तै, विद्यालयले 'वार्षिक शुल्क'बापत दुई महिनाको मासिक शुल्कबराबर मात्रै लिन पाउने निर्देशिकामा उल्लेख छ। यस्तो शुल्क लिँदा विद्यालयले कारण र खर्चको क्षेत्र पनि खुलाउनुपर्छ। तर, यो शीर्षकमा पनि निजी विद्यालयले मापदण्डभन्दा बढी शुल्क असुल्ने गरेका छन्।

'निजी विद्यालयहरूले हरेक वर्ष थरीथरीका शीर्षकमा विद्यार्थीबाट शुल्क उठाएर हैरान पार्ने गरेका छन्। कतिपय विद्यालयले त वार्षिक र भर्ना शुल्कमा बढी असुल्ने गरेका छन्,' शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने, 'तर, निर्देशिकाले तोकेभन्दा बढी शुल्क उठाउन पाइँदैन। हामीले बढी शुल्क असुल्ने स्कुललाई कारबाही गर्न पालिकालाई भनेका छौं।'

शुल्क निर्धारण मापदण्ड निर्देशिकाले बढीमा १४ शीर्षकमा मात्रै विद्यालयले शुल्क लिन पाउने व्यवस्था गरेको छ। जसअन्तर्गत 'परीक्षा शुल्क' शीर्षकमा मासिक शुल्कको ५० प्रतिशतभन्दा नबढाईकन वार्षिक वा किस्तामा लिनुपर्ने उल्लेख छ। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च यसैभित्र समेटिनुपर्ने भनिएको छ। त्यस्तै, 'शैक्षिक सामग्री शुल्क' शीर्षकमा मासिक शुल्कको १० प्रतिशत वर्षमा एकपटक मात्र लिन पाउने निर्देशिकामा स्पष्ट छ।

त्यसैगरी 'आवास शुल्क' लिन पाउने र यो विद्यार्थीका अभिभावक र विद्यालयबिच सहमतिअनुसार हुनुपर्ने भनिएको छ। जसलाई अभिभावक भेलाबाट पारित गराउनुपर्नेछ। 'खाजा शुल्क' पनि अभिभावक भेलाबाट पारित गराउनुपर्छ। विद्यालयबाट यातायात सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाबाट दुईतिहाइले पारित गरेअनुसार 'यातायात शुल्क' निर्धारण गर्नुपर्ने उल्लेख छ।

विद्यालयहरूले 'विशेष प्रशिक्षण' शीर्षकमा पनि शुल्क लिन पाउँछन्। खेलकुद, संगीत तथा साहित्यिक कार्यक्रमलगायतका तालिम, प्रशिक्षण लिनेहरूसँग यस्तो शुल्क लिन पाउँछ। यो शुल्क पनि उक्त सुविधा लिने विद्यार्थीका अभिभावकहरूको दुईतिहाइ भेलाबाट पारित गर्नुपर्छ।

यसबाहेक विद्यालयले धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क (कम्प्युटर विषय पढ्नेका लागि), स्थानान्तरण प्रमाणपत्र शुल्क, शैक्षिक भ्रमण शुल्क र अन्तरविद्यालय प्रतियोगिता सञ्चालन शुल्क लिन पाउने व्यवस्था संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ मा गरिएको छ।

निर्देशिकाविपरीत शुल्क असुल गरे पहिलोपटक कसुर हेरेर सम्बन्धित विद्यालयलाई २५ हजारसम्म जरिवाना गर्ने कारबाहीको व्यवस्था पनि छ। दोस्रोपटक पनि निर्देशिका उल्लंघन गरे विद्यालयको अनुमति स्वीकृति नै रद्द गरिने उल्लेख छ।

शिक्षा मन्त्रालयले सार्वजनिक सूचना नै जारी गरेर त्यस्ता विद्यालयहरूमा अनुगमन गरी कारबाही गर्न देशभरका सम्बन्धित पालिकाहरूलाई भनेको हो। 'देशका विभिन्न जिल्लाका केही संस्थागत विद्यालयहरूले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ८४ (४) र नियम ७८ (ग) अन्तर्गतको कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८२/१२/२० गतेको आदेश उल्लंघन गरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेको सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यान आकर्षित भएको छ,' मन्त्रालयले भनेको छ, 'विद्यालय सञ्चालनजस्तो गरिमामय र जिम्मेवार प्रणालीमा यस्ता गैरकानुनी कार्यहरू अशोभनीय हुने मात्र नभई दण्डनीयसमेत हुनेतर्फ विद्यालयहरू स्वयं सजग हुनुपर्ने मानिन्छ।' कुनै विद्यालयले बढी भर्ना शुल्क लिए सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको छ।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार विद्यालयहरूले सीमित १४ शीर्षकमा मात्रै शुल्क लिन पाउँछन्। जसमा मासिक शुल्क (पढाइ भएको महिना), वार्षिक शुल्क, भर्ना शुल्क, धरौटी शुल्क, परीक्षा शुल्क, कम्प्युटर शुल्क, क्यारेक्टर सर्टिफिकेट शुल्क, यातायात शुल्क, आवास तथा भोजन शुल्क, शिक्षण अवलोकन तथा भ्रमण शुल्क र विभिन्न अवसरमूलक प्रतियोगितामा भाग लिँदा शुल्क लिन पाउँछन्। वर्षभरि बढीमा १२ महिनाको मात्रै शुल्क लिन पाउनेछन्।

वार्षिक शुल्क लिँदा कारण र खर्चको क्षेत्र पनि खुलाउनुपर्ने निर्देशिकामा उल्लेख छ। वार्षिक शुल्कबाट विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप, खेलकुद, पुस्तकालयलगायतमा खर्च गर्नुपर्नेछ। कतिपय विद्यालयले वार्षिक शुल्कको रकम मर्मतसम्भारमा पनि खर्च गर्ने गरेका छन्।

सरकारले नयाँ शैक्षिक सत्रको पठनपाठन १५ वैशाखपछि मात्रै तय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले नयाँ शैक्षिक सत्रको क्यालेन्डर १५ वैशाखदेखि मात्रै सुरु गर्ने निर्णय गरेको थियो। यसबारे मन्त्रालयले सबै विद्यालयलाई निर्देशन पनि दिइसकेको छ। विगतमा नयाँ शैक्षिक सत्र २ वैशाखदेखि सुरु गरिन्थ्यो। तोकिएको समयभन्दा पहिले भर्ना तथा पठनपाठन सुरु गरे कारबाही हुने मन्त्रालयका प्रवक्ता सापकोटाले बताए।

'निजी र सरकारी विद्यालयको शैक्षिक क्यालेन्डर एकै समयमा सुरु हुन्छ। निजी विद्यालयले लुकिछिपी शैक्षिक कार्यक्रम गर्न पाउँदैनन्। सरकारले विद्यार्थीलाई केही समय आराम होस् र उनीहरू घर तथा खेलकुदका कार्यक्रममा पनि सहभागी हुन् भनेर पुरानो र नयाँ शैक्षिक सत्रबिच केही समय ग्याप राखेको हो,' उनले भने।

मोटरसाइकल हरायो

मिति २०८२/११/२३ गते अन्दाजी २०:३० बजेको समयमा का.जि. का.म.न.पा. बौद्ध-०६ रामहिटीमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन सर्भ हायर पर्चेज लि. (निमा वाङ्छ्र शेर्पा)
मो.सा.नं.: बा.प्र. ०२-०५८ प ११३९
चेसिस नं.: **MD2A13EXX-SCA-82326**
इन्जिन नं.: **DKX-CSA-17182**
सम्पर्क न.: **9863917846**

एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२४

यस एन.एम.बि.सेक्यूरिटीज लिमिटेडको मिति २०८२/१२/१५ आईतबार, बसेको संचालक समितिको ४५औं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको **विशेष साधारण सभा** बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावको जानकारी तथा उपस्थितिका लागी यो सूचना प्रकाशित गरिएको छ। सम्पूर्ण महानुभावहरूलाई उल्लेखित मिति, समय र स्थानमा उपस्थितिका लागी हार्दिक अनुरोध गर्दछौं।

१. विशेष साधारण सभा हुने मिति, समय र स्थान :
मिति : बि.सं. २०८३ साल वैशाख ०७ गते सोमवार (तदनुसार २० अप्रील २०२६)
समय : बिहान १०:०० बजे
स्थान : एनएमबि भवन, एन.एम.बि.सेक्यूरिटीज लिमिटेडको रजिष्टर्ड कार्यालय नक्साल-०१, काठमाण्डौं

२. छलफलका प्रस्तावहरू :
(क) विशेष प्रस्तावहरू :
संस्थाको प्रबन्धपत्र संशोधन गरी कम्पनीको उद्देश्य थप गर्ने सम्बन्धमा।
(ख) विविध।
विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीका लागी कम्पनिको रजिष्टर्ड कार्यालय, एनएमबि भवन नक्साल-०१, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं।

आज्ञाले,
कम्पनी सचिव

फेवातालको...

पृष्ठ १ बाट क्रमशः

प्रतिवेदन अध्ययन गरेर ६५ मिटरभित्रको जग्गाको अवस्था पत्ता लगाउने कार्यादेश दिइएको छ। समितिले प्रतिवेदन दिएपछि वर्षायामको उच्चतम पानी बिन्दुको किनाराबाट ६५ मिटरको कानुनबमोजिम मुआब्जा दिन सहज हुने बताइएको छ।

मन्त्रालयका सचिव मदन भुजेलले समितिले फेवातालको चार किल्ला सिमानाभित्रको जग्गाको हालको अवस्था र निर्माण भएका संरचनालगायतको अध्ययन गर्ने बताए। उनका अनुसार समितिले फेवातालको क्षेत्रभित्र पर्ने सम्पूर्ण कित्ता जग्गाको यथार्थ विवरण संकलन गरी अभिलेखीकरणको काम पनि गर्नेछ। 'फेवातालको चार किल्ला निर्धारण भइसकेको छ। अब चार किल्लाभित्र के-कस्तो जग्गा (निजी, सार्वजनिक र सरकारी), जग्गाको अवस्था, दर्ता स्थिति र केमा प्रयोग भइरहेको छ भनेर समितिले निर्क्योल गर्छ,' उनले भने, 'समितिको प्रतिवेदन प्राप्त भएपछि थप प्रक्रिया अगाडि बढ्छ।'

सर्वोच्चले १६ वैशाख ०७५ मा सरकारका नाममा निर्देशनात्मक आदेश जारी गर्दै ६५ मिटरभित्रका संरचना ६ महिनाभित्र हटाउन निर्देशन दिएको थियो। मानहानिको मुद्दामा सर्वोच्चले फेरि ४ असार ०८० मा ६५ मिटर क्षेत्रलाई हरियाली बनाउन भनेको थियो। तर, ०३२/३३ को नापीपछि व्यक्तिका नाममा दर्ता भएका जग्गाको स्रेस्ता बदर गरी तालको नाममा ल्याउन पनि सर्वोच्चले बाटो खोलेको छ। यसबाहेक ०३२/३३ को नापीअघि दर्ता भएका जग्गाको हकमा भने मुआब्जा दिनुपर्ने फैसला गरेको छ।

अर्थात् ०३२/३३ को नापीभन्दा पहिलेदेखिको साबिक दर्ता, स्रेस्ता, तिरो, निरन्तर भोग रहेकाको हकमा फेवातालको वर्षायामको उच्चतम पानीको बिन्दुको किनाराबाट ६५ मिटरको कानुनबमोजिम मुआब्जा दिनुपर्नेछ। यही फैसला कार्यान्वयनका लागि सरकारले समिति बनाएको हो।

सर्वोच्चको परमादेशपछि महानगरले गण्डकी प्रदेश सरकारसँगको समन्वयमा फेवातालको 'तालघर'को सिमाना यकिन गरी पिलर गाडिसकेको छ। गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेको संयोजकत्वमा फैसला कार्यान्वयन सहजीकरण समिति तालघरभित्र एक हजार ५५ थान पिलर गाडिएको हो।

फेवाताल सीमांकन प्राविधिक उपसमितिका सदस्यसचिव एवं पोखरा महानगरपालिकाका नापी शाखा प्रमुख सर्वेक्षक वासुदेव पौडेलका अनुसार सिँचाइ डिभिजन कार्यालय, कास्कीको रेकर्डमा फेवातालका नक्साहरूको अध्ययनपछि तालमा पानीको उच्चतम बहाव/सतह ७५४.९५ मिटर कायम मानिएको छ। सोही बिन्दुलाई हाई फ्लोड लेभल आधार मान्दा तालघरको क्षेत्रफल ६.३४३ वर्गकिलोमिटर अर्थात् १२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम कायम हुन आएको हो। यो क्षेत्रफल यसअघि पुण्यप्रसाद पौडेलको संयोजकत्वमा गठित फेवातालको चार किल्ला निर्धारण, सीमांकन तथा नक्सांकन समितिले सिफारिस गरेभन्दा एक हजार २१३ रोपनी बढी हो।

तालघरको सिमाना यकिनपछि सर्वोच्चले तोकेको ६५ मिटर क्षेत्रसमेतको कुल क्षेत्रफल पनि तय भइसकेको छ। तालसमेत ६५ मिटर १४ हजार ५७० रोपनी पाँच आना दुई दाम क्षेत्रफल कायम भएको छ। तालको सिमाना छाडेर किनारदेखि ६५ मिटर क्षेत्रभित्र जमिनको मात्रै क्षेत्रफल दुई हजार ५०२ रोपनी पाँच आना कायम भएको छ।

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले चासो राखेपछि गत शनिबार मात्र पोखरा महानगरपालिकाले अतिक्रमित संरचनामा डोजर लगाइएको छ। जसमा पोखरा महानगरपालिका- १८ मा पर्ने सेदी रातमाटो डाँडास्थित एउटा कफी पसलदेखि सोही वडाका पूर्ववडाध्यक्ष रणबहादुर थापाको खापैदीस्थित घर र कर्ण शाक्यको वाटर फ्रन्ट रिसोर्टसम्म ३२ संरचना परेका छन्।

■ मधेश सरकारको गौरव योजना 'मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ' बन्द

सरकार, अख्तियार र कर्मचारीतन्त्रको बेवास्ताले तुहिए किशोरीका सपना



कार्यक्रम अघि बढ्न नसकेकामा दुःखी छु

● **लालबाबु राउत**, पूर्वमुख्यमन्त्री

आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि परेका महिलाको सशक्तीकरण, महिला हिंसा न्यूनीकरण, बालविवाह तथा दाइजो प्रथाको उन्मूलनसहितको उद्देश्यले 'मुख्यमन्त्री बेटी पढाउ बेटी बचाऊ' अभियान सुरु गरेका थियौं। हाम्रो समाजमा रहेका छोराछोरीबिचको विभेद समाप्त हुन्छ र अभिभावकहरूले पनि छोरीलाई उच्च शिक्षा दिलाउनेतर्फ आकर्षित हुन्छ, भ्रुण हत्याजस्ता विकृत समाप्त हुन्छ हाम्रो उद्देश्य थियो। तर, केही कर्मचारीहरूको लापरबाहीले कार्यक्रममा केही प्राविधिक कमीकमजोरी भयो। मपछि आएका मुख्यमन्त्रीहरूले कार्यक्रमलाई अगाडि बढाउन सकेनन्, जुन यो दुःखद पक्ष हो।

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश भवनभित्रको पुरानो गोदाममा अहिले झन्डै पाँच हजार साइकल थन्किएका छन्। धुलो र माकुराको जालले ढाकिएका ती साइकलमध्ये अधिकांशका टायर फुस्किएका छन्, फलाममा खिया लागेर ह्यान्डल जाम भएका छन्। कबाडमा परिणत भएका यी साइकल मधेशका हजारौँ किशोरी विद्यालय पुग्ने सपनाका प्रतीक हुन्। तर, प्रदेश सरकारको लापरबाही, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ढिलासुस्ती र कर्मचारीतन्त्रको बेवास्ताले ती सपना अहिले गोदाममै थुनिएका छन्।

एक समय मधेश प्रदेश सरकारको सबैभन्दा लोकप्रिय सामाजिक अभियान मानिएको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत साइकल वितरण, छोरी बिमा, लोकसेवा तयारी कक्षाजस्ता कार्यक्रम राष्ट्रियस्तरमै चर्चित बनेका थिए। कार्यक्रमको लोकप्रियताकै कारण तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय सरकारलाई आग्रह गरी प्रदेश सरकारलाई कार्यक्रम निरन्तरता दिन थप २५ करोड रुपैयाँ अनुदान उपलब्ध गराउन पहल गरेकी थिइन्। देश-विदेशका संघसंस्थाले पनि यो कार्यक्रमप्रति चासो देखाएपछि तत्कालीन प्रदेश सरकारले यसलाई प्रदेशको गौरवको योजनाका रूपमा अघि बढाएको थियो। तर नीति र कार्यान्वयनमा सुधार गर्नुको साटो प्रदेश सरकार जिम्मेवारीबाट पछि हट्दै चालू आर्थिक वर्षदेखि कार्यक्रम नै बन्द गरेको छ।

आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि परेका महिलाको सशक्तीकरण, महिला हिंसा न्यूनीकरण, बालविवाह तथा दाइजो प्रथाको अन्त्यजस्ता उद्देश्यसहित

■ कबाड बन्दै झन्डै साढे पाँच हजार साइकल



१३ असार ०७६ मा तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको मुख्यमन्त्री 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानसम्बन्धी बैठकले सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई लेडिज साइकल वितरण गर्ने निर्णय गरेको थियो। सोही निर्णयअनुसार मधेश प्रदेश सरकारले चार चरणमा कुल ४२ हजार १४० वटा साइकल खरिद गरेको थियो। पहिलो चरणमा ०७७ चैतमा सरकारले प्रतिसाइकल ६ हजार ४३२ रुपैयाँका दरले १७ हजार २६२ थान साइकल खरिद गरेको थियो। यसका लागि ११ करोड १० लाख २९ हजार ९५८ रुपैयाँ खर्च गरिएको थियो। त्यसैगरी, दोस्रो चरणमा ०७७ जेठमा प्रतिसाइकल आट हजार ४४६ रुपैयाँका दरले १० हजार थान साइकल खरिद गर्न आठ करोड ४४ लाख ६७ हजार ५०० रुपैयाँ खर्च गरिएको थियो। तेस्रो चरणमा पनि ०७७ चैतमै १७ हजार २६२ थान साइकल खरिदका लागि ११ करोड १० लाख २९ हजार १८४ रुपैयाँ खर्च गरिएको थियो। यस चरणमा वीरगञ्जस्थित ओम सत्यसाई प्रालिमार्फत खरिद गरिएका साइकलमा अनियमितता भएको आरोप लागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेको थियो। चौथो चरणमा ३० असार ०७८ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले काठमाडौँस्थित स्यान्यो इन्टरनेसनल प्रालिमार्फत १० हजार थान साइकल खरिद गरेको थियो। यसका लागि आठ करोड ४४ लाख १० हजार रुपैयाँ खर्च गरिएको थियो। यसरी प्रदेश सरकारले चार चरणमा कुल ४२ हजार १४० थान साइकल खरिद गरेको हो। तीमध्ये पहिलो र दोस्रो चरणमा खरिद गरिएका साइकल आव ०७६/७७ मै वितरण गरिसकिएको थियो। तेस्रो चरणका सबै साइकल र चौथो चरणका तीन हजार २०० साइकल आव ०७७/७८ को सुरुवाती अवधिमै वितरण गरिएको थियो। हालसम्म प्रदेश सरकारले ३५ हजार ३४० साइकल छात्राहरूलाई वितरण गरिसकेको छ। बाँकी करिब ६ हजार ८०० साइकल भने जनकपुर चुरोट कारखानाको गोदाममा राखिएको छ।

मधेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान सुरु गरेको थियो। अभियानअन्तर्गत छात्रालाई साइकल वितरण, छोरी शिक्षा बिमा, छात्रामैत्री शौचालय निर्माण, लोकसेवा तयारी कक्षा, स्यानिटरी प्याड वितरण तथा विपन्न र जेहेन्दार छात्राका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको थियो।

किशोरीहरूको शिक्षामा पहुँच बढाउने उद्देश्यले १ माघ ०७५ देखि साइकल वितरण कार्यक्रम सुरु गरिएको थियो। तर, स्पष्ट कार्यविधिको अभाव र शिक्षा निकाय तथा स्थानीय तहसँग समन्वय नगर्दा कार्यक्रम सुरुदेखि नै अव्यवस्थित बन्न पुग्यो। साइकल खरिद प्रक्रियामा अटोमोबाइलसम्बन्धी अनुभव नभएका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय जनकपुरका तत्कालीन प्रमुख डिई भागवान झालाई प्राविधिक प्रमुखको जिम्मेवारी दिइनु पनि विवादको कारण बनेको कर्मचारीहरू बताउँछन्।

तेस्रो चरणको साइकल खरिदमा मापदण्ड नपुगेका साइकल आपूर्ति भएको विषय बाहिरिएपछि १३ असोज ०७८ मा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापा मारी अनुसन्धान थालेको थियो। त्यसपछि अख्तियारले तत्कालीन सचिव यमप्रसाद भुसालसहित सातजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। विशेष अदालतले मुद्दाको फैसला गर्दै डिई भागवान झा र तत्कालीन सचिव भुसाललाई दोषी ठहर गरेको छ भने अन्य कर्मचारीहरूलाई सफाइ दिएको छ। अख्तियारको छानबिनपछि ७ कात्तिक ०७८ को मन्त्रिपरिषद् बैठकले कार्यक्रम सामाजिक विकास मन्त्रालय हुँदै शिक्षा विकास निर्देशनालयमा हस्तान्तरण गरेको थियो। तर, निर्देशनालयमा पुगेपछि पनि साइकल वितरण, कक्षा १२ का छात्रालाई ल्यापटप वितरण र लोकसेवा तयारी कक्षा सञ्चालन हुन सकेनन्। साइकल वितरणका लागि आर्थिक वर्ष ०७९/८० मा २५ करोड र ०८०/८१ मा २० करोड रुपैयाँ विनियोजन गरिए पनि दुवै वर्ष बजेट खर्च हुन सकेन। परिणामस्वरूप दुई आर्थिक वर्षमा कुल ४५ करोड रुपैयाँ बजेट फ्रिज भएको थियो। यसै अभियानअन्तर्गत रहेको छोरी शिक्षा बिमा कार्यक्रम भने आर्थिक वर्ष ०७९/८० र ०८०/८१ सम्म सञ्चालनमा रहे पनि गत आवदेखि पूर्ण रूपमा बन्द गरिएको छ।

■ दायित्व लिन आनाकानी हुँदा तुहियो किशोरीहरूको सपना

तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले सञ्चालन गरेको मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ कार्यक्रमअन्तर्गत खरिद गरिएका साइकलको दायित्व पछिल्ला मुख्यमन्त्रीहरूले लिन आनाकानी गरेपछि कार्यक्रम नै अलपत्र परेको छ। राउतपछि मुख्यमन्त्री बनेका जनता समाजवादी पार्टीका तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवले पनि अघिल्लो सरकारले सुरु गरेको कार्यक्रमको जिम्मेवारी लिन अस्वीकार गरेका थिए। ३० चैत ०७९ मा उनले गोदाममा राखिएका साइकलको सुरक्षा, उपयोग र बाँकी भुक्तानीको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नलिने निर्णयसमेत गराएका थिए।

तर, राउत नेतृत्वकै सरकारले ७ कात्तिक ०७८ मा बसेको मन्त्रिपरिषद् बैठकबाट बेटी पढाऊ बेटी बचाऊ कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण कागजात, बजेट, कर्मचारी र जिम्मेवारी सामाजिक विकास मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय गरेको थियो।

निर्देशनालयमातहत कार्यक्रम आएपछि साइकल वितरणबाहेक छोरी बिमा, छात्रवृत्ति वितरण तथा लोकसेवा तयारी कक्षाजस्ता कार्यक्रम सञ्चालन हुँदै आएका थिए। शिक्षा विकास निर्देशनालयका निर्देशक महेन्द्र महतोका अनुसार ०७८ मा मात्रै कार्यक्रम निर्देशनालयमातहत आएको हो। 'त्यसभन्दाअघिका सबै काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको थियो। कार्यक्रम हाम्रो मातहत आयो, तर अनियमितता भएको भन्दै अख्तियारले छानबिन गरिरहेको अवस्थामा विगतका गतिविधिको जिम्मेवारी लिन सकिने अवस्था थिएन,' उनले भने।

■ खरिदमा अनियमितता, वितरण प्रक्रिया पनि कमजोर

मधेश सरकारले 'बेटी पढाऊ बेटी बचाऊ' अभियानअन्तर्गत चार चरणमा ४२,१४० वटा साइकल खरिद गरेको थियो। तर, तेस्रो चरणमा खरिद गरिएका १७, २६२ साइकलमा अनियमितता भएको पाइएको छ। ०७७ फागुनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले टेन्डर आह्वान गर्दा साइनो इन्टरनेसनल, म्याप हेलेक्सी र ओम सत्यसाई प्रालिले प्रतिस्पर्धा गरेका थिए। सार्वजनिक खरिद ऐनअनुसार सबैभन्दा कम मूल्य कबुल गरेपछि ओम सत्यसाई प्रालिलाई ठेक्का दिइएको थियो। कम्पनीले प्रतिसाइकल भ्याटसहित ६,४३२ रुपैयाँमा आपूर्ति गर्ने प्रस्ताव गरेको थियो। तर, भारतको आपूर्तिकर्ता कम्पनीले उक्त दरमा ब्रान्डेड साइकल उपलब्ध गराउन नसकेपछि कम तौल र मापदण्डभन्दा कमजोर साइकल उत्पादन गरिएको बताइएको छ। खरिद प्रक्रिया अघि तत्कालीन प्राविधिक प्रमुख भागवान झा र कानुन उपसचिव दिलीप प्रधानसहितको टोलीले भारतस्थित कम्पनीमा निरीक्षणसमेत गरेको थियो। तर, आपूर्ति भएपछि साइकलमा नाम, तौल र लेबल स्पष्ट नभएको भन्दै विवाद उत्पन्न भयो।

१३ असोज ०७८ मा अख्तियारले छापा मारेर सम्बन्धित कागजात नियन्त्रणमा लिएको थियो। तेस्रो चरणको खरिदमा अनियमितता देखिएपछि अख्तियारले सातजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। उक्त चरणमा प्रदेश सरकारले ११ करोड १० लाख २९ हजार १८४ रुपैयाँ खर्च गरेको थियो।

साइकल वितरण प्रक्रियामा पनि कमजोरी देखिएको छ। मुख्यमन्त्री कार्यालयले सटिक तथ्यांक नलिई हचुवाका आधारमा साइकल वितरण गरेको पाइएको छ। जिल्ला शिक्षा समन्वय एकाई, शिक्षा विकास निर्देशनालय र स्थानीय तहसँग समन्वय नगरी, केवल छात्राको तीन महिनाको नियमित हाजिरी र जन्मदर्ताको आधारमा साइकल वितरण गरिएको थियो।

महालेखा परीक्षकको ५७औँ वार्षिक प्रतिवेदनले पनि यो कमजोरी औँल्याएको छ। प्रतिवेदनमा सुरुमा कुनै कार्यविधि वा निर्देशिका नबनाई हचुवाको भरमा साइकल वितरण गरिएको र आलोचना भएपछि मात्रै कार्यविधि बनाएर वितरण गरिएको उल्लेख गरिएको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले मुख्यमन्त्री बेटी पढाउ-बेटी बचाउ कार्यक्रम विगतका सरकारकै समयमा बन्द भइसकेकाले तत्काल अघि बढाउने अवस्था नरहेको बताए। कार्यक्रम लोकप्रिय भए पनि विगतमा विवादका कारण बदनाम भएको उनले बताए। 'तर पनि अब के गर्न सकिन्छ भन्ने विषयमा क्याबिनेटमा छलफल गरेर सरकारले निर्णय लिनेछ,' उनले भने।

संक्षेप

विज्ञापन नीति पुनर्विचार गर्न पत्रकार महासंघको आग्रह

काठमाडौं/ नेपाल पत्रकार महासंघले विज्ञापन नीति पुनर्विचार गर्न सरकारलाई आग्रह गरेको छ। महासंघकी अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनालाई भेट गरी ध्यानाकर्षणपत्र बुझाएको छ। अध्यक्ष शर्माले सरकारको पछिल्लो विज्ञापन नीतिले समग्र सञ्चार क्षेत्र प्रभावित हुन सक्ने भन्दै पुनर्विचार गर्न आग्रह गरेकी छिन्। सो अवसरमा सरकारी विज्ञापनसम्बन्धी सरकारको पछिल्लो नीतिका विषयमा छलफल भएको थियो। गत १८ चैतमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी निर्देशनमा सरकारी सञ्चारमाध्यममा मात्र सूचना प्रकाशन-प्रसारण गर्नुपर्ने व्यवस्था गरिएपछि पत्रकारसँग सम्बन्धित संघसंस्थाले विरोध गर्दै आएका छन्। सरकारले भने सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन-प्रसारणमा पारदर्शिता ल्याउन र सरकारी सञ्चारमाध्यमको प्रवर्द्धन गर्न यस्तो व्यवस्था गरिएको जनाएको छ। सञ्चारमन्त्री तिमिल्सिनाले सरकारी विज्ञापनको रकम दुरुपयोग भएको, श्रमजीवी पत्रकार प्रत्यक्ष लाभान्वित हुन नसकेको तथा बिचौलियाको प्रभाव बढेको देखिएकाले यस्तो निर्णय गर्नुपरेको दाबी गरेका थिए। उनले आफू सधैं श्रमजीवी पत्रकारको पक्षमा रहेको र जायज माग सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।



सुदूरपश्चिमको वनमन्त्रीमा कांग्रेसका भट्ट नियुक्त

धनगढी/ सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा प्रदेश सभा सदस्य शिवराज भट्टलाई नियुक्त गरेका छन्। भट्टले प्रदेश प्रमुख नजिर मियाबाट सोमबार बेलुकी पद तथा गोपनीयताको शपथ लिए। यो मन्त्रालयले गत असारदेखि मन्त्रीविहीन थियो। कांग्रेस संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री शाहले मन्त्री नियुक्त गर्नुअघि दलको बैठक राखेका थिए। बैठकले भट्टलाई मन्त्री नियुक्त गर्ने मुख्यमन्त्रीको प्रस्तावमा सर्वसम्मत निर्णय गरेको थियो। भट्ट बैतडी प्रदेश (२) का निर्वाचित सदस्य हुन्। मुख्यमन्त्री शाहले आर्थिक लेनदेनमा जोडिएको भन्दै तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामेश्वर चौधरीलाई गत १९ असारमा बर्खास्त गरेका थिए। त्यसयता यो मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफैँसँग राखेका थिए। चौधरी तत्कालीन नागरिक उन्मुक्ति पार्टीबाट मन्त्री बनेका थिए।

जेन-जी आन्दोलनपछि बागमती प्रदेश सभा बैठक आज बस्दै

मकवानपुर/ जेन-जी आन्दोलनका क्रममा प्रदेश सभा भवनमा क्षति पुगेपछि लामो समयदेखि अवरुद्ध बागमती प्रदेश सभा बैठक मंगलबारदेखि पुनः सञ्चालन हुने भएको छ। हेटौँडा उपमहानगरपालिकापरिसरमा निर्माण गरिएको मुख्यमन्त्री सभाहलमा मंगलबार दिउँसो ४ बजे प्रदेश सभा बैठक बस्ने तय भएको हो। जेन-जी आन्दोलनका क्रममा प्रदेश सभा सचिवालयसहित सभाहल र प्रदेश सरकारका अन्य संरचना जलेपछि प्रदेश सभा बैठक प्रभावित भएको थियो। २७ साउनयता प्रदेश सभा बैठक त्यसयता बस्न सकेको थिएन। उपसभामुख अप्सरा चापागाईंका अनुसार क्षति पुगेको भवनको सामान्य मर्मत गरेर अस्थायी रूपमा बैठक सञ्चालन गर्न लागिएको हो। हाल सभामुख पद रिक्त रहेको अवस्थामा सभा सञ्चालन तथा सचिवालय व्यवस्थापनको जिम्मेवारी उपसभामुख चापागाईंको काँधमा छ। जेन-जी आन्दोलनपछि तत्कालीन सभामुख भुवनकुमार पाठकले पदबाट राजीनामा दिएका थिए। उनले १ असोजमा लिखित राजीनामा दिए पनि ४ मंसिरमा अधिवेशन अन्त्य भएपछि मात्र राजीनामा सार्वजनिक गरिएको थियो।

चुनावी समीक्षा र आगामी रणनीति निर्माणमा जुट्यो नेकपा

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टी चुनावी समीक्षा र आगामी रणनीति निर्माणमा जुटेको छ। तत्कालीन माओवादी र एकीकृत समाजवादीसहित २२ घटक मिलेर बनेको नेकपाले गत २१ फागुनको निर्वाचनमा अनपेक्षित परिणाम ल्याएपछि समीक्षामा जुटेको हो। साथसाथै, एकताका बाँकी काम पनि सम्पन्न गर्ने र एकता महाधिवेशन गरेर अगाडि बढ्ने विषयमा पनि छलफल भइरहेको छ।

संयोजक पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षता र सहसंयोजक माधवकुमार नेपालले सञ्चालन गरेको नेकपाको हाइकमान्ड अर्थात् केन्द्रीय कार्यसंयोजन समितिको बैठकमा नेताहरूले धारणा राखेका छन्। सोमबार झलनाथ खनाल, वामदेव गौतम, राजेन्द्र श्रेष्ठसहित १३ जनाले बोले। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा १९ चैतमा प्रचण्ड र नेपालले धारणा राखेर बैठक सुरु भएको थियो।

खनालले जेन-जी आन्दोलनपछिको अन्तरिम सरकार अर्कैको डिजाइनमा बनेको बताए। प्रचण्ड र नेपालले आफूहरूको पहलमा अन्तरिम सरकार बनेको दाबी गर्दै आएकोमा खनालले त्यसप्रति असहमति जनाएका हुन्। 'हाम्रा संयोजक र सहसंयोजकले आफूहरूको अग्रसरतामा अन्तरिम सरकार बनेको भन्नुभयो। तर, त्यो अर्कैको डिजाइनमा बनेको थियो। कुन उद्देश्यका लागि कसले सरकार बनायो भन्ने पत्तै पाउनुभएन,' खनालको भनाइ उद्धृत गर्दै एक नेताले भने। खनालले विचारका आधारमा पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिए। युवालाई जिम्मेवारी दिएर जानुपर्नेमा समेत खनालले जोड दिएका छन्।

नेता गौतमले पार्टीलाई नयाँ शिराबाट अगाडि बढाउनुपर्नेमा जोड दिए। पार्टीले दिने जिम्मेवारी लिएर संगठन निर्माणमा खटिन तयार रहेको उनको भनाइ थियो। नेता श्रेष्ठले आकलन गरेभन्दा निकै कम सिट जितिएको भन्दै नयाँ ढंगले पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिए। 'हाम्रो आकलन धेरै थियो। तर, त्यसअनुसारको परिणाम आएन। अहिले जनताले एजेन्डा र उम्मेदवार हेरेनन्,' उनले भने।

लेखा अधिकृतविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं/ अकुत सम्पत्ति लुकाउन लेखा अधिकृतले ऋण लिएको नक्कली कागजात बनाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा देखिएको छ। गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका तत्कालीन लेखा अधिकृत झलक शर्मा पौडेलले अकुत सम्पत्तिलाई वैध बनाउने प्रयास गरेको भन्दै उनीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको हो। नक्कली कागजपत्रसमेत खडा गरी उनले दुई करोड ५८ लाख ६७ हजार ३२४ रुपैयाँ शुद्धीकरणको प्रयास गरिएको दाबी गरी आयोगले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अख्तियारले श्रीमती हुमाकुमारी उपाध्यायसहित जमुनाकुमारी रोका क्षेत्री, हरिप्रसाद पौडेल र शान्ति दराई पौडेललाई समेत आयोगको प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ। उनीहरूसँग कारोबार नै नभए पनि ऋण दिएको भनेर कागज बनाई स्रोत नखुलेको सम्पत्तिलाई पुष्टि गर्ने प्रयास भएको थियो। अधिकृत पौडेलको ६ करोड २६ लाख ९३ लाख बिगो कायम गरी गत असारमा आयोगले मुद्दा दायर गरिसकेको छ। लामो समय लेखामा बसेर उनले करोडौंको अवैध सम्पत्ति आर्जन गरेको उजुरीका आधारमा आयोगले छानबिन थालेको थियो।

अख्तियारले सोमबार एकै दिन दुई इन्जिनियरलाई घुससहित पक्राउ गरेको छ। सघन सहरी तथा भवन निर्माण आयोजना धनकुटाका इन्जिनियर सुमन राई र नेपाल विद्युत् प्राधिकरण कञ्चनपुर वितरण केन्द्र सप्तरीका प्रमुख (इन्जिनियर) महेन्द्रकुमार दास घुससहित पक्राउ परेका हुन्।

प्रतिनिधिसभा नियमावली संशोधन गर्न मस्यौदा समिति गठन, तीन अध्यादेश स्वीकृत

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाले नियमावली संशोधन गर्न मस्यौदा समिति गठन गरेको छ। हाल प्रतिनिधिसभा नियमावली २०७९ कार्यान्वयनमा छ। नियमावलीमा देखिएका कमजोरी सुधार्न र समसामयिक बनाउन संसद्मा रहेका ६ वटै दलको प्रतिनिधित्व हुने गरी मस्यौदा समिति गठन गरिएको रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए।

प्रतिनिधिसभाको सोमबार बसेको बैठकमा बुर्लाकोटीले नै १५ सदस्यीय समिति गठनको प्रस्ताव गरेका थिए, जसलाई सभाले सर्वसम्मतबाट स्वीकृत गरेको छ। समितिको सभापतिमा गणेश पराजुलीले जिम्मेवारी पाएका छन्। सदस्यमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निस्कल राई, बलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल छन्।

■ कार्यव्यवस्था परामर्श समिति गठन

प्रतिनिधिसभाले कार्यव्यवस्था तथा परामर्श समिति गठन गरेको छ। बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारणलगायत बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रतिनिधिसभामा रहेको दलीय प्रतिनिधित्वका आधारमा पदेन सदस्यबाहेक बढीमा २१ जना सदस्य रहेको कार्यव्यवस्था परामर्श समिति गठन गर्ने नियमावलीको व्यवस्था छ।

सभामुख डिपी अर्यालको अध्यक्षतामा गठित समितिमा अच्युतम लामिछाने, अफ्साना बानु, आरेन राई, केपी खनाल, कामिनी चौधरी, क्रान्तिशिखा धिताल, खुस्बु ओली, गणेशसिंह ठगुन्ना, गुरुप्रसाद बराल, गंगालक्ष्मी अवाल, तपेश्वर यादव, देवराज पाठक, नरेन्द्रकुमार केरुङ, प्रकाशचन्द्र परियार, निशा डाँगी, बोधनारायण श्रेष्ठ, मीनाकुमारी यादव, युवराज दुलाल, राजन गौतम, डा. राम लामा र विपिनकुमार आचार्य सदस्य छन्।



सोमबार बसेको प्रतिनिधिसभा बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सोमबारको बैठकमा गृहमन्त्री सुधन गुरुङले मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ र नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ स्वीकृत गरियोस् भनी प्रस्ताव राखेका थिए।

■ प्रतिनिधिसभामा सांसदहरूको पहिलो सम्बोधन

गत २१ फागुनको निर्वाचनबाट आएको प्रतिनिधिसभाको बैठकमा सोमबार पहिलोपटक सांसदहरूले विशेष समयमा आफ्नो धारणा राखेका छन्। रास्वपा सांसद निशा डाँगीले सदनमा सांसदहरूले उठाउने क्षेत्रगत समस्यालाई सरकारले गम्भीर रूपमा लिएर समाधानमा ध्यान दिनुपर्ने बताइन्। रास्वपाकै मनीष झाले सदनमा जनताको आवाज दबाइए जनता आफैँ सदनमा प्रवेश गर्न सक्ने भन्दै खबरदारी गरे। गणेश पराजुलीले संसद्मा उठेका प्रश्नहरूको सरकारले समयमै सम्बोधन गर्नुपर्ने बताए।

कांग्रेसका अर्जुननरसिंह केसीले सभामा सत्तापक्षको बहुमत जतिसुकै ठुलो भए पनि सदनको प्रभाव र भूमिका विपक्षीको हुनुपर्नेमा जोड दिए। संसद्लाई सन्तुलित बनाउन सभामुखको ध्यानाकर्षण गराए। उनले विपक्षलाई 'आगोको झिल्को'सँग तुलना गर्दै, सानो भए पनि त्यसको महत्त्व उत्तिकै रहने बताए। एमालेका ऐन महरले सरकारले प्रतिशोध र पूर्वाग्रहको राजनीति बन्द गर्दै गैरकानुनी र गैरन्यायिक ढंगले पक्राउ गरेका पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई तत्काल रिहा गर्नुपर्ने माग गरे। विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन पनि उनले माग गरे।

नेकपाका प्रमुख सचेतक युवराज दुलालले सरकारले जनअपेक्षाअनुसार काम गर्नुपर्नेमा जोड दिँदै संसद्लाई केवल बहुमतका आधारमा निर्णय लिने थलो बनाउनु उचित नहुने बताए। त्यस्तै, राप्रपाकी खुस्बु ओलीले सदन र संसदीय समितिमा छलफल नगरी सरकारले कुन आधारमा एसियाली विकास बैंक र विश्व बैंकबाट ऋण लिने निर्णय गरेको भनेर प्रश्न उठाइन्। उनले पेट्रोलियम पदार्थमा लगाइएको कर हटाएर जनतालाई राहत दिन माग पनि गरिन्।

■ सभामुखले विशिष्ट कुर्सी हटाए

सभामुख डिपी अर्यालले प्रतिनिधिसभाको बैठक कक्षमा आफ्ना लागि राखिएको विशिष्ट कुर्सी हटाएका छन्। यसअघि ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले दुइटा बैठक सञ्चालन गर्दा प्रयोग गरेको कुर्सी अर्यालले सभामुख भएलगत्तै हटाएर सामान्य कुर्सीमा बसेर सभा सञ्चालन गरेका हुन्। सभामुख र सांसद सदनभित्र बराबरी नै भएको र सबै जनताकै प्रतिनिधि भन्दै अर्यालले कुर्सी हटाउन लगाएको सभामुखका स्वकीयसचिव नवराज पाण्डेले बताए।

आइतबार सभामुख निर्वाचित भएका अर्यालले सोमबार प्रतिनिधिसभाको पहिलो बैठक सञ्चालन गरेका छन्। अर्यालले सभाको अध्यक्षता गर्दै संसद्मा आफ्नो भूमिका निष्पक्ष रहने प्रतिबद्धता व्यक्त गरे। 'सबैको समन्वयमा संसद्को गरिमा बढ्नेमा कुनै दुविधा छैन। मेरो भूमिका पूर्ण रूपमा निष्पक्ष हुनेछ,' उनले भने।

आरोग्य दिवस र नेपालको सार्वजनिक कूटनीति

हाम्रो पर्यटन र आरोग्य उद्योग धेरै मात्रामा एक-अर्काबिच अन्तरसम्बन्धित रहेकाले अबका दिनमा दुवै उद्योगलाई सँगै अगाडि बढाउनुपर्छ



● भुवन पौडेल

अग्रलेख

नेपालको प्रस्तावमा संयुक्त राष्ट्र संघको महासभाले यही १० मार्च २०२६ का दिन एक 'रिजोलुसन' पारित गऱ्यो । नेपालद्वारा अगुवाइ गरिएको अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने सो रिजोलुसनमा नेपालसहित अर्मेनिया, अस्ट्रिया, बंगलादेश, भुटान, जर्मनी, भारत, कजाकस्तान, किर्गिस्तान, पाकिस्तान, फिलिपिन्स र उज्बेकिस्तान प्रायोजक मुलुकका रूपमा रहेका थिए । सो रिजोलुसनका पक्षमा एक सय त्रिचालिस मत र विपक्षमा अमेरिकाले मात्र मत दिएको थियो भने सो रिजोलुसन पारित भएसँगै अब प्रत्येक वर्ष १५ अप्रिललाई अन्तर्राष्ट्रिय आरोग्य दिवसका रूपमा संसारभर मनाइने भएको छ ।

अन्तर्राष्ट्रिय सन्दर्भ : विश्वमा आरोग्य उद्योगको ठुलो हिस्सा रहेको छ । एक अध्ययनअनुसार यसको हिस्सा करिब पाँच दशमलव ६ ट्रिलियन अमेरिकी डलर रहेको छ । यसलाई अझ बल दिने गरी जेनेभामा रहेको डिप्लो फाउन्डेसनले आरोग्य क्षेत्रको व्यवसाय/उद्योग मल्टी ट्रिलियन डलरको रहेको उल्लेख गरेको छ । त्यस्तै, विश्वका विभिन्न मुलुकले आरोग्य कूटनीतिमा विशेष जोड दिएको पनि बताएको छ । जस्तो- हाम्रै छिमेकी मित्रराष्ट्र भारतले सन् २०१४ देखि योगलाई विशेष महत्त्व दिएर यसलाई अन्तर्राष्ट्रियकरण गरेको छ । त्यस्तै कोस्टारिकाले शुद्ध जीवन (प्योर लाइफ) का रूपमा 'पुरा भिदा' भन्ने अवधारणा विकास गरेको छ । सैनिक नरहेको/नराख्ने मुलुकले स्वस्थ्य जीवनशैलीमा विशेष ध्यान दिएको छ । 'मानिसमा लगानी न कि सेनामा' भन्ने नारा उनीहरूको रहेको छ । अर्को उदाहरण हाम्रै एसियाली मुलुकआबद्ध आसियन मुलुकको पनि छ । आसियन मुलुकले आरोग्यका लागि एउटै गन्तव्यको नारासहित संयुक्त रूपमा काम गरिरहेका छन् ।

नेपालमा आरोग्य पर्यटनका सम्भावना : नेपाल प्राकृतिक सम्पदामा धनी मात्र नभई यसको भौगोलिक विविधताले यसलाई थप उचाइ दिएको छ । हामीसँग तराई, पहाड र हिमाल छन् अनि सोही किसिमको हावापानी पनि छ । यहाँ मानिसका रुचि र चाहनाअनुसारका स्थानलाई गन्तव्य बनाउन सकिन्छ । एकै दिनमा फरक-फरक हावापानीको अनुभव सजिलै महसुस गराउन सकिन्छ । नेपालमा रहेका जीवन विज्ञान, विपश्यना ध्यान तथा ओसो तपोवन, पर्यापर्यटन, नेचर हाइकिङ, पर्वतीय ट्रेकिङ, आयुर्वेद मसाज तथा उपचार, आध्यात्मिक तीर्थयात्रा (जसका लागि हाम्रा धार्मिक समुदायपिच्छेका फरक-फरक गन्तव्य पनि छन्) जंगल सफारी, ध्वनि उपचार थेरापी/साउन्ड हिलिङ, स्पालगायत यावत् क्षेत्र रहेका छन् ।

विश्वमा आज भौतिक विकासको उच्चतम प्रगतिले मानिसमा व्यक्तिवादिता बढ्दै गएको र सिसा र फलाममिश्रित मानव निर्मित कंक्रिटको जंगलबाट मानिस प्राकृतिक सौन्दर्यको संसारमा रमाउन चाहन्छ, जहाँ कुनै काल्पनिक तथा कृत्रिमता नमिसियोस् । त्यस्तै, अर्को पक्ष भनेको अहिलेको युवापुस्ता पूरै डिजिटल संसारमा रमाउने र एकलकाटे बनेको छ । उनीहरू परिवार र समाजमा भन्दा पनि डिभाइसमा रमाउने गर्छन् र यो जेनेरेसन सधैं तनावमा देखिन्छ । यी सबैलाई आकर्षित गर्नु र उनीहरूको इच्छा पूरा गराउन सक्नु नै आरोग्य पर्यटन हो र त्यसका लागि हाम्रो भूगोल, कला, संस्कृति, परम्परा, चाडपर्व, आयुर्वेद/परम्परागत औषधि/उपचार तथा आध्यात्मिकता जोडिएका क्षेत्र सबै अचुक अस्त्र हुन् । त्यस्तै, हाम्रा रैथाने/अर्गानिक उत्पादन र तिनको स्वाद आफैंमा अर्को आकर्षण हो, मात्र मार्केटिङको आवश्यकता छ । स्थानीय उत्पादनलाई सोहीबमोजिम मूल्य शृंखलामा जोड्नुपर्छ । जस्तो- फ्रान्सको दोम्रो ठुलो सहर लियो आफैंमा 'ग्यास्टोनोमी'मा नाम कहिलेको सहर हो । हाम्रा पहाड र हिमाल यस्ता तपोवन हुन्, जहाँ पहिल्यै ऋषिमुनिले ध्यान गरी मोक्ष प्राप्त गरेका अनेकौं घटना पढ्न पाइन्छ । शिवपुरी बाबा, स्वर्गद्वारी बाबा तथा खप्तड बाबा केही प्रतिनिधि उदाहरण हुन् । लक्ष्मीप्रसाद देवकोटाले के नेपाल सानो छ भन्ने निबन्धमा उल्लेख गरेझैं नेपाल सारमा धेरै ठुलो र सम्पन्न छ । भूगोलका हिसाबले हामी दुई ठुला मुलुकबिच भए पनि हाम्रा विविधतामा हामी धेरै सम्पन्न छौं ।

त्यस्तै विश्वमा अहिले 'बिपिओ'का माध्यमबाट घरबाटै तथा भौतिक रूपमा उपस्थित नभई दूरीमा रहेर कम्प्युटरमा बसेर काम गर्ने ठुलो जमात छ । उनीहरूले संसारका कुनै पनि कुनामा बसेर काम गर्न सक्छन् । उनीहरूलाई विशेषगरी पोर्चुगल, इटली स्पेनजस्ता मुलुकले नोम्याड/फिरन्ते भिसाको उपलब्ध गराएका छन् । नेपालको हावापानी राम्रो भएको तथा खर्चको हिसाबले पनि सस्तो हुने भएकाले नेपालमा बसेर काम गर्न उनीहरूलाई आकर्षित गर्न सकिन्छ । हाम्रो आरोग्य पर्यटनका सम्भावनाले पनि उनीहरूलाई आकर्षित गर्न सक्छ ।

हामीले आरोग्य कूटनीति, आरोग्य उद्योगलाई सशक्त रूपमा अगाडि बढाउन जरुरी छ । हाम्रो पर्यटन उद्योग आरोग्य उद्योगसँग धेरै मात्रामा अन्तरसम्बन्धित रहेकाले दुवै उद्योगलाई सँगै अगाडि बढाउनुपर्छ । नेपालमा आरोग्य उद्योगको ठुलो सम्भावना रहेको छ । यस सन्दर्भमा



नयाँ सरकारको पहिलो बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये एक बुदाँ नं. त्रिहत्तर (७३) मा यस विषयलाई समेटिएको छ । जसमा नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को हब बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने साथै नेपालको प्रस्तावमा संयुक्त राष्ट्र संघले १५ अप्रिललाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकोमा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रलाई धन्यवाद ज्ञापन गर्ने र आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डाका रूपमा लिई 'नेपाल आरोग्य वर्ष २०२७' मनाउन अन्तरनिकाय समन्वय संयन्त्र बनाउने भनी उल्लेख छ । सरकारको यो राष्ट्रिय एजेन्डालाई सफल र प्रभावकारी बनाउन आरोग्य कूटनीतिलाई विशेष महत्त्व दिएर अगाडि बढाउन जरुरी छ । आगामी दिनमा यस उद्योगको सम्भावना झनै बढेर जानेछ । मानिसहरू आफ्नो स्वास्थ्य तथा जीवनशैलीमा दिन-प्रतिदिन सचेत हुँदै गएका छन् । संसारमा मध्यम आय भएका मानिसको संख्या बढ्दै छ भने गरिबी घट्दै छ । यसले मानिसलाई स्वास्थ्यमा अझ बढी लगानी तथा खर्च गर्न प्रेरित गर्छ । नेपाल त्यस्ता मानिसका लागि उत्तम गन्तव्य हुन सक्छ ।

> आरोग्य पर्यटनका लागि हाम्रो भूगोल, कला, संस्कृति, परम्परा, चाडपर्व, आयुर्वेद, परम्परागत औषधि तथा उपचार र आध्यात्मिकता जोडिएका सम्पूर्ण क्षेत्र अचुक अस्त्र हुन्

त्यस्तै दिगो विकासको एजेन्डा नं. तीन (३) पनि स्वास्थ्यसँग सम्बन्धित रहेकाले आरोग्य उद्योगलाई दिगो विकाससँग जोडेर पनि अगाडि बढाउन सकिन्छ । जनताको स्वास्थ्यसँग रहेकाले आधारभूत मानव अधिकार तथा मौलिक हकको विषय पनि हुने नै भयो । आज पनि विश्वमा ठुलो संख्यामा मानिस न्यूनतम स्वास्थ्य सुविधाको पहुँचबाट टाढा रहेको सन्दर्भमा यस दिवस तथा अग्रसरताले सरकारलाई जनताको स्वास्थ्यमा थप जोड दिन प्रेरित गर्नेछ ।

यसै दिन अर्को एक रिजोलुनसन पनि पारित भएको थियो- १ अक्टोबरलाई अन्तर्राष्ट्रिय कफी दिवसका रूपमा मनाउने थियो । ब्राजिलद्वारा अगुवाइ गरिएको सो रिजोलुसनमा नेपाल पनि प्रायोजक मुलुक रहेको थियो । यस विषयमा भने नेपालमा खासै चासो भएन । तर, नेपालले १ मंसिरलाई राष्ट्रिय कफी दिवसका रूपमा मनाउँदै आएको छ भने यस वर्ष एक्काइसौं राष्ट्रिय कफी दिवस मनाइएको थियो ।

नेपालले बहुपक्षीय कूटनीतिक मञ्चमा आफैंले अगुवाइ गरी यस महत्त्वपूर्ण विषयलाई पारित गराउन सफल भएको छ । यो नेपालको ठुलो कूटनीतिक सफलता पनि हो । यसरी नै आगामी दिनमा हाम्रा सम्भावनालाई विश्वसामु चिनाउन पछि पर्नुहुँदैन । नेपालले अगाडि बढाएको यो महत्त्वपूर्ण कदमले नेपालको सौम्य शक्ति विश्वसामु मुखरित भएको छ । नेपालले १५ अप्रिललाई नेपालभित्र तथा विदेशस्थित नेपाली नियोगमार्फत व्यापक प्रचारप्रसारसहित आरोग्य विज्ञानसँग सम्बन्धित कार्यक्रम गरेर भव्य रूपमा मनाउनुपर्छ । जसरी भारतले अन्तर्राष्ट्रिय योग दिवसका माध्यमबाट योगलाई विश्वसामु पुऱ्याउन सफल भएको छ, त्यसैगरी अब नेपालले पनि आरोग्य कूटनीतिलाई सार्वजनिक कूटनीतिका कार्यक्रममा समावेश गरी प्राथमिकतासाथ सञ्चालन गर्नुपर्छ ।

अबको बाटो : सरकारको यस राष्ट्रिय एजेन्डालाई अन्तर्राष्ट्रियकरण गर्न र नेपाललाई आरोग्य पर्यटनको गन्तव्य बनाउन सरोकारवाला निकायले सक्रिय भई सर्वप्रथम त आरोग्य पर्यटनको रणनीति तयार गर्ने र यसको कार्यान्वयनका लागि नेपालभित्रको विषयमा सरकारी निकाय र निजी क्षेत्रसमेतको सहकार्यमा कार्य अगाडि बढाउने, विदेशी पर्यटक भित्र्याउन आरोग्य प्याकेज तयार गर्ने तथा नेपालमा आरोग्य पर्यटन क्षेत्रका सम्बन्धमा अध्ययन गरी जानकारी प्रकाशन गर्ने र सोका आधारमा नेपाली नियोगलाई परराष्ट्र मन्त्रालयको अगुवाइमा प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ । त्यस्तै, परराष्ट्र मन्त्रालयमा रहेको सार्वजनिक कूटनीति महाशाखाले नियोग तथा नेपालका सरोकारवाला निकायसँग समन्वय गर्ने नियोगलाई आरोग्य कूटनीति सञ्चालनका लागि आगामी आर्थिक वर्षको बजेटमा छुट्टै बजेटको व्यवस्थाका लागि पहल गर्ने र सूचकहरू तयार गरी नियोगहरूको कार्यसम्पादनको मूल्यांकनसमेत गर्नुपर्छ । कार्यक्रमलाई संख्या र सारमा हेरेर निरन्तर पृष्ठपोषणसहित परिष्कृत गर्दै जानुपर्छ भने भइरहेका कार्यक्रमलाई नियमित रूपमा आमजनतासम्म पुऱ्याउनुपर्छ । आमसञ्चारको व्यापक विकास र विस्तार भएको विश्वव्यापीकरणमा अहिले यसका लागि धेरै सजिलो पनि छ ।

नेपालले सन् २०२७ लाई नेपाल आरोग्य वर्षका रूपमा मनाउने भनी घोषणा गरेकाले सन् २०२६ को अन्त्यतिर आरोग्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्न सकेमा यसले अन्तर्राष्ट्रिय जगत्को राम्रो ध्यान आकृष्ट गर्न सक्छ । र, आरोग्य वर्षलाई सफलतापूर्वक मनाउन योगदान पुऱ्याउन सक्छ । त्यस्तै, 'एकेडेमिक' तथा 'थिंक ट्यांक'को छलफल तथा अन्तर्क्रियामा समेत यस विषयलाई यथेष्ट स्थान दिन पहल गर्नुपर्छ । विदेशमा रहेका नेपालका अवैतनिक वाणिज्यदूत तथा महावाणिज्यदूतलाई समेत नेपालमा आरोग्य पर्यटन प्रवर्द्धनसम्बन्धी विविध कार्यक्रम आयोजना गर्न प्रेरित गर्न सकिन्छ । त्यसका लागि आवश्यक प्रचारप्रसारका सामग्री उपलब्ध गराउनुपर्छ । उनीहरूको मूल्यांकन पनि कार्यसम्पादनका आधारमा गरी पुनरावलोकन गर्न सकेको खण्डमा नतिजा हासिल गर्न सकिन्छ ।

अहिलेको सार्वजनिक कूटनीति नेटवर्क तथा साझेदारीमा आधारित भएकाले सम्बद्ध सबै पक्षसँग सहकार्य गरी क्रियाकलाप गर्नुपर्ने भएकाले आरोग्य कूटनीतिका मामिलामा पनि यो उत्तिकै सान्दर्भिक हुन्छ । तसर्थ, स्वदेशी तथा विदेशी आमसञ्चारमाध्यम, यस क्षेत्रमा काम गर्ने थिंक ट्यांक तथा निजी क्षेत्रसँग उचित तालमेल गर्नु पनि उत्तिकै जरुरी देखिन्छ । अर्को पक्ष भनेको कार्यक्रमको निरन्तरता पनि हो । अहिले हामीसँग बलियो र स्थिर सरकार भएकाले नीतिगत निरन्तरता पनि हुने देखिन्छ । त्यसैले, हाम्रो मौलिक सौम्य शक्ति भएकाले पनि सबैले विशेष पहलकदमी गर्नैपर्छ ।

(लेखक त्रिभुवन विश्वविद्यालयमा नेपालको सार्वजनिक कूटनीति विषयमा विद्यावारिधि अध्ययनरत छन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



निजामती प्रशासनमा दलीय ट्रेड युनियनको प्रभाव कस्तो छ ?

निजामती प्रशासनमा दलीय ट्रेड युनियनको प्रभाव नकारात्मक मात्र छ । सबैभन्दा पहिले त यो ट्रेड युनियनको मर्मअनुरूप छैन । निजामती प्रशासनमा दलीय क्रियाकलाप देखाउने काम यसले गर्दै आएको छ । सम्बद्ध दलको मन्त्री आउनासाथ कसरी कमाउने, कसलाई कहाँ धपाउने र कसलाई कहाँबाट कहाँ ल्याउने या खटाउनेजस्ता कुराको 'ब्रिफिङ' गर्ने र विपक्षी दलको मन्त्री आउँदा विरोध मात्र गर्ने कार्यमा दलीय ट्रेड युनिनको भूमिका देखिँदै आएको छ । 'राम्रा' र 'आकर्षक' मानिएका स्थानमा दलीय ट्रेड युनियनका पदाधिकारी रहने र काम भने पटक्कै नगर्ने परिपाटी छ । समग्रमा हेर्दा भ्रष्टाचारका संवाहक बनेका दलीय ट्रेड युनियनका गतिविधि सुशासनविरुद्ध लक्षित देखिन्छन् ।

दलीय ट्रेड युनियन खारेज गर्न कति सम्भव छ ?

निजामती सेवामा ट्रेड युनियनको व्यवस्था पूरै खारेज गर्न पनि सकिन्छ । ट्रेड युनियन अधिकार दिनैपरे पनि शाखा अधिकृत र सोभन्दा माथि त दिनै हुँदैन । ऐनमै व्यवस्था भएकाले एउटा आधिकारिक ट्रेड युनियन राख्न सकिन्छ । तर, ऐनमा संशोधन गरी त्यसलाई दलीय रङ दिन नपाइने गरी कडाइ गर्न सकिन्छ । अहिले ठुलो बहुमतसहितको सरकार भएकाले ऐन संशोधनमा कुनै अड्चन आउने अवस्था पनि छैन । तल्ला तहमा ट्रेड युनियन अधिकार दिए पनि ऐन संशोधन गरी छिमेकी भारतमा जस्तै हडताल गर्न नपाइने, कालोपट्टी बाँध्न नपाइने, सेवा प्रवाहमा अवरोध गर्न नपाइनेजस्ता कडा व्यवस्था राख्न सकिन्छ ।

निजामती प्रशासनलाई चुस्त र प्रभावकारी बनाउन के गर्नुपर्ला ?

यसअघि तयार गरिएका अध्ययन प्रतिवेदनलाई थन्क्याएर हुँदैन । तिनले सुझाएका सुधारका कामलाई निरन्तरता दिनुपर्छ । प्रधानमन्त्रीको नेतृत्वमा विज्ञसहितको सानो र चुस्त समूह बनाएर निजामती प्रशासनका कामकारबाहीको सूक्ष्म नियमन गरी सुधारका कदम चाल्नुपर्छ ।

प्रेरक प्रसंग

साथीहरूको भेटघाट

चारजना साथी कलेज जीवनको अन्तिमतिरको नयाँ वर्षमा उनीहरू होटेलमा खाजा खान पुगे । खाँदै गर्दा उनीहरूमध्ये एकले भन्यो- साथीहरू, अब हामी सबै आआफ्ना काममा लाग्छौं । को कहाँ पुग्ने हो, टुंगो छैन । बिचमा भेट होला वा नहोला । कुरा गर्ने समय मिल्ला या नमिल्ला । त्यसैले, अबको ४० वर्षपछि जहाँ पुगे पनि हामी चारैजना आजैको मितिमा यही होटेलमा भेट्नुपर्छ र जो सबैभन्दा पछाडि आउँछ, सो दिनको बिल उसैले तिर्नुपर्छ । साथीको प्रस्तावमा सबैले सहमति जनाए ।

अन्ततः ४० वर्षपछिको नयाँ वर्षमा चारमध्ये एक साथी सोही होटेलमा पुग्यो । होटेल त पाँचतारेमा परिणत भइसकेको रहेछ । ऊ छक्क पर्दै होटेलभित्र प्रवेश गऱ्यो । एकैछिनमा दोस्रो साथी पनि होटेलमा आइपुग्यो । केहीबेरपछि तेस्रो साथी पनि आइपुग्यो । तर, चौथो साथीको अझै कुनै अत्तोपत्तो थिएन । एकैछिनमा वेटरले भने- हजुरहरू खानाको अर्डर गर्दै गर्नुहोस् । त्यतिन्जेलमा हजुरहरूका साथी पनि आइपुगिहोला नि !

एकैछिनमा खाना पनि आइपुग्यो । उनीहरूले चौथो साथीलाई अझै कुरे । ऊ अझै आइपुगेन । उनीहरूले आफ्नो साथीले ठुलो मान्छे बनेर आफूहरूलाई भुलेको गुनासो गर्दै केही समय बिताए । अन्त्यमा साथी नआइपुगेपछि उनीहरूले खाना खाए र बिल तिर्न काउन्टरतिर गए । तर, काउन्टरका म्यानेजरले उनीहरूको बिल पहिल्यै तिरिसकिएको बताए ।

तीनैजना छक्क पर्दै बाहिर निस्किए । त्यति नै वेला एउटा सरकारी गाडी उनीहरूको अगाडि आएर रोकियो । त्यहाँबाट एक युवक ओर्लिए र उनले ती तीनैजनाको पाउ छुँदै भने- म हजुरहरूका चौथा साथीको छोरा हुँ । बाबाले मलाई सरकारी नोकरीमा लाग्न प्रेरित गर्नुभयो । म अहिले यस जिल्लाको सिडिओ भएको छु । उहाँ आजको दिन कुरेर बस्नुभएको थियो । तर, एक महिनाअघि मात्र उहाँको देहान्त भयो । उहाँले नै आज यहाँ आएर हजुरहरूलाई भेट्न भन्नुभएको थियो । साथै, उहाँले होटेलको बिल पनि तिर्नू भन्नुभएको थियो ।

यो सुनेपछि तीनैजना साथीहरूलाई समयमै आफूहरूले भेटघाट र कुराकानी नगरेकोमा सारै पछुतो भयो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दलीय ट्रेड युनियन चाहिँदैन

'दलीय ट्रेड युनियन खारेजीको निर्णयले कर्मचारीतन्त्रमा हलचल' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । यो देशको कर्मचारीतन्त्रलाई भ्रष्ट, कामचोर र अनुत्तरदायी बनाउनुमा दलीय ट्रेड युनियनको ठुलो देन छ । राजनीतिको छत्रछायामा बसेपछि कसैले सरुवा हुनु नपर्ने, राजनीतिक नेतृत्वको तजबिजीमा बढुवा हुने, कसैले खुलेआम भ्रष्टाचार गरे पनि कारबाही नहुनेलगायत विकृति व्यापक मौलाएको छ । त्यसैले गर्दा यतिखेर दलीय ट्रेड युनियनको नाममा चलखेल गर्दै, सुविधा लुट्दै आएका कर्मचारी छटपटिएका छन् । एउटा आधिकारिक ट्रेड युनियनबाहेक अरू सबै खारेज गर्नु आजको आवश्यकता हो । हामीलाई दलीय ट्रेड युनियन कुनै हालतमा चाहिँदैन ।

● **सन्तुमाया विक**, मानभवन, ललितपुर

विगतमा जस्तो नहोस् अब

पेट्रोलियम पदार्थको खपत घटाउन सातामा दुई दिन सार्वजनिक बिदा दिने सरकारले निर्णय गरेको छ । यो निर्णय गलत होइन । तर, विगतमा पनि यस्तो निर्णय भएको थियो । त्यतिखेर पनि सरकारी कार्यालय बिहान ९ बजेदेखि साँझ पाँच बजेसम्म सञ्चालन हुने भनिएको थियो । तर, त्यतिखेर विभिन्न कारणवश सो निर्णय कार्यान्वयनमा समस्या आउँदा तत्कालीन सरकारले आफ्नो निर्णय फिर्ता लिएको थियो । त्यसैले, अब विगतमा जस्तो नहोस् ।

● **सत्या शाक्य**, डिल्लीबजार, काठमाडौं

फुटबल सिध्याउने विवाद

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र अखिल नेपाल फुटबल संघ (एन्फा) बिचको अनावश्यक विवादका कारण यतिखेर नेपाली फुटबल गम्भीर संकटको डिलमा उभिएको छ । तैपनि, राखेप र एन्फाको बुद्धि नपलाएको देख्दा भने अचम्म लागिरहेको छ । यतिखेर विश्व फुटबलका सर्वोच्च निकाय फिफा र एएफसीले नेपाललाई अन्तर्राष्ट्रिय फुटबलमा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन् । के राखेप र एन्फा नेपाली फुटबललाई सिध्याउनै चाहन्छन् हो ? नत्र यो विवाद किन ?

● **गोविन्द बजिमय**, सातदोबाटो, ललितपुर

चाहे गर्न नसकिने के छ ?

चाह्यो भने गर्न के सकिँदैन भन्ने सन्देश वर्तमान गृहमन्त्रीले दिएका छन् । कस्ता कस्ताले त गरेनन् यस्ताले के गर्लान् भन्नेको मुखमा बिर्को लगाइदिएका छन् गृहमन्त्री सुदन गुरुङले । उनको विगतसँग जनतालाई मतलब छैन, मन्त्री भएपछि के गर्छन्, त्यो महत्त्वपूर्ण छ । सय राम्रो काम नहेरी एउटा गल्तीलाई पहाड बनाउने काम अब बन्द गरौं । सक्छौ, सरकारलाई साथ देऊ, सक्दैनौ चुप लागेर बस । सामाजिक सञ्जालमा अनावश्यक लेखेर जनता उचाल्ने काम बन्द गर । काम गर्नेको खुट्टा तान्ने प्रवृत्ति अन्त्य हुनुपर्छ अब ।

गृहमन्त्रीको शपथ लिएपछि जुन काम गुरुङले गरेका छन्, त्यसले सर्वसाधारणमा केही आशा जगाएको छ । गृहमन्त्रीले मात्र होइन, अन्य मन्त्रालयले पनि यसैगरी एक्सनमा आउनुपऱ्यो । हरेक मन्त्रालयले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउने हो भने देश बन्न बेर लाग्दैन । हिजोका दलहरूलाई समस्या के थियो भने सबैजसो दलका नेता, कार्यकर्ता कोही न कोही भ्रष्टाचारमा संलग्न थिए । तिनलाई बचाउनकै लागि कुनै पनि कारबाही गरिएन । जसका कारण नीतिगत भ्रष्टाचार मौलायो । २४ घण्टामा उपत्यकामा गुन्डागर्दी गर्ने १९५ जनालाई प्रहरीले नियन्त्रण लिएको छ । यो गृहमन्त्रीको सफलता हो । एकसाताकै बिचमा पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्री पक्राउ परेका छन् । सायद नेपालको इतिहासमै पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्रीलाई एकसाथ गिरफ्तार गरिएको यो नै पहिलो अवसर हुनुपर्छ । गृहमन्त्री एक्सनमा आएर काम गरिरहेका छन्, सबैले उनलाई हौसला दिनुपर्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

ट्रम्प-नेतान्याहुले इरानमा सद्दामको गल्ती दोहोऱ्याउँदै

अन्धाधुन्ध बमबारीको सामना गरिरहेका इरानीहरू आफ्नो सरकारविरुद्ध उठ्नेछन् भन्ने आशा गर्नु मूर्खता मात्रै होइन, क्रूरता पनि हो



देश/विदेश

● बेहरूज घमारी तब्रिजी

फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि अवैध युद्ध सुरु गर्दा तिनले इरानी जनतालाई सरकारविरुद्ध विद्रोहमा उठ्न आह्वान गरेका थिए । त्यसो भनेर तिनले सैन्य लक्ष्य मात्र नभई नागरिक आवास, विश्वविद्यालय, विद्यालय, अस्पताल, व्यावसायिक भवन र ऐतिहासिक स्थलमा बमबारी गर्न थाले । यी नागरिक स्थलमा भएका विस्फोटको आवाजमा धेरै इरानीले यसअघि सन् १९८०-१९८८ मा भएको इरान-इराक युद्धको प्रतिध्वनि सुनिरहेका छन् ।

त्यतिवेला पनि व्यापक बमबारीबिच इराकी लडाकु विमानले इरानीलाई आफ्नो सरकारविरुद्ध विद्रोहमा उठ्न आग्रह गरिएका फारसी भाषामा लेखिएका पर्चा खसाल्थ्यो । ती पर्चाको अर्थ थियो, इरानी जनताले छिमेकी इराकबाट बमबारी रोकियोस् भन्ने चाहन्छन् भने भर्खरै गठन भएको इस्लामिक सरकार ढाल्नुपर्छ । तर, हामी आमइरानी नागरिक, जसमध्ये धेरै इस्लामिक सरकारका विरोधी थियौं, इराकीहरू हाम्रा मुक्तिदाता हुनेछन् भन्ने कुनै भ्रममा थिएनौं ।

त्यतिवेला इरानभित्रका रहेका हामीजस्ता इस्लामिक सरकारविरोधी दुई समूहमा विभाजित थियौं । ती थिए- सरकारसँगको असमहमतिका बाबजुद इराकी आक्रमणबाट देशको रक्षामा भाग लिनुपर्छ, कि त युद्धको फाइदा उठाएर सरकारविरोधी एजेन्डा थप तीव्र बनाउनुपर्छ । म दोस्रो समूहमा थिएँ, अर्थात् युद्धको फाइदा उठाउँदै धार्मिक संस्था ढाल्नुपर्छ भन्ने विचार बोक्ने । इराकले इरानमाथि आक्रमण सुरु गर्दा इरानको इस्लामिक सरकार बनेको एक वर्ष मात्रै भएको थियो । सरकारप्रति आमइरानीको व्यापक समर्थन देखिन्थ्यो, जसलाई इराक युद्धले झन् सघाएको थियो । इराकका शासक सद्दाम हुसेनले चाँडै के पाठ सिके भने नवगठित इस्लामिक सरकारभित्र कायम अराजकताका बाबजुद ऊ देशको रक्षा गर्न र युद्धमा लाखौं नागरिक परिचालन गर्न सक्षम छ ।

इरानभित्रका सरकारविरोधी समूहमा रहेका हामीले पनि त्यो पाठ धेरै चाँडो सिक्यौं । खासमा युद्धको बहानामा इस्लामिक गणतन्त्रले छिमेकी देशको युद्धविरुद्ध मात्र जनतालाई परिचालन गरेको थिएन । मुल्लाह शासकले विपक्षीलाई कमजोर बनाएर सफलतापूर्वक शक्ति सुदृढ गरेको थियो । दर्सौं हजार सरकारविरोधी पक्राउ परे । धेरैलाई निर्वासित गरियो र हजारौंलाई मृत्युदण्ड दिइयो । यसरी सरकारविरोधीलाई या त निर्मूल पारियो, या निर्वासित गरियो ।

अहिले ४६ वर्षपछि अमेरिकी र इजरायली नेताले सद्दाम हुसेनकै जस्तो भ्रम राखेको देखिन्छ । सद्दामले आफ्ना सेना इरानी भूमिभित्रै पठाएका थिए, अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने हवाई कारबाही मात्र चलाइरहेका छन् । तर, यो झन् खतरनाक हुने गर्छ । किनकि, आक्रमणकारीका कुनै मानिस नमर्ने भएपछि बमवर्षक विमानचालकले जहाँ मन लाग्यो, त्यहीं जुनसुकै समय बमबारी गर्न सहज मान्छन् । यसले तल जमिनमा बस्नेहरूमा थप चिन्ता र डर उत्पन्न गर्छ ।

अर्को भिन्नता अब इस्लामिक गणतन्त्र पहिलेजस्तो नयाँ रहेन । यसले आफ्ना नागरिकको उलेख्य समर्थन



गुमाइसकेको छ । वर्षौंको कठोर आर्थिक प्रतिबन्धले जनताको आमजीवन प्रभावित छ । धेरै इरानी गरिबीमा धकेलिएका छन् । त्यसमाथि शासकहरू भ्रष्टाचारमा चुर्लुम्म डुब्दा मानिसको कठिनाइ झनै बढेको छ । यो तीतो आर्थिक अवस्थामाथि सरकारको क्रूर दमनका कारण आमनागरिक र राज्यबिच ठुलो विभाजन सिर्जना भएको छ । तथापि, यस विभाजनको अर्थ यो थिएन कि अमेरिका-इजरायलले आक्रमण गरेपछि ठुलो संख्याका मानिस त्यसको समर्थनमा आउने थिए । र, मानिसहरू समर्थनमा आएनन् पनि ।


यसैले अमेरिकीहरूले सोचेजस्तो शासन ढलेन । खासमा ट्रम्प प्रशासनले सोचेजस्तो इरानको राज्य संरचना एक व्यक्ति (आयतोल्लाह) माथि मात्र निर्भर थिएन वा छैन ।

संवैधानिक रूपमा इरानका सर्वोच्च नेताको कार्यालयले राज्यका तीनवटै अंगमा ठुलो अधिकार राख्ने गरेको सत्य हो । तर, यसको अर्थ राज्यको शीर्ष नेता मारिँदैमा यसको पतन हुने होइन । इस्लामिक गणतन्त्रमा शक्तिका धेरै स्रोत छन् र तिनको समग्र योगले सम्पूर्ण शासनलाई जोडेको छ भन्ने वासिंटनका थिंक-ट्यांकका विज्ञले बुझ्न सकेनन् । त्यसैले त खामेनीको हत्यापछि पनि शासन यथावत् कामय छ । बरु खामेनीको हत्या गरेर अमेरिका-इजरायलले युद्धमा पनि कुनै पनि देशका शीर्ष नेताको हत्या गर्न नहुने अन्तर्राष्ट्रिय कानुनविरुद्ध गएर युद्ध अपराध गरेका छन् ।

सन् १९८० को दशकमा सद्दाम हुसेनले जस्तै ट्रम्प-नेतान्याहु गठबन्धन बमबारीमार्फत राज्यलाई कमजोर बनाएको र इरानीलाई इस्लामिक गणतन्त्रलाई उखेल्न सहज बनाएको दाबी गरिरहेका छन् । तर, खासमा इरानभरका सहरमा व्यापक बमबारी गरेर र महत्त्वपूर्ण आर्थिक पूर्वाधार नष्ट गरेर उनीहरूले सम्पूर्ण नागरिकलाई सजाय दिइरहेका छन् । अन्धाधुन्ध बमबारी, कठोर आर्थिक प्रतिबन्ध र हत्यामार्फत आमनागरिकको पहिलेदेखिको दुःखमा थप पीडा थोपर्ने अनि तिनै पीडित जनताले सरकार ढालिदिऊन् भनेर आशा गर्ने कार्य मूर्खता र क्रूरता मात्र हो । पहिले यस्तै सोच राख्ने सद्दाम सफल भएनन् । अब ट्रम्प र नेतान्याहु पनि यसमा सफल हुँदैनन् ।

(तब्रिजी प्रिन्सटन विश्वविद्यालयको 'नियर इस्ट स्टडी' विभागका पूर्वप्राध्यापक र अध्यक्ष हुन्)
अलजजिराबाट

भारतमा पतनको सँघारमा माओवादी आन्दोलन



● प्रकाश सिंह
भारतका पूर्वप्रहरी प्रमुख सिंहले 'द नक्सलवादी मुभमेन्ट इन इन्डिया' पुस्तक लेखेका छन् ।



भारतको केन्द्र सरकारले माओवादी विद्रोहलाई एक समय देशको आन्तरिक सुरक्षाका लागि सबैभन्दा ठुलो चुनौती मान्ने गर्थ्यो । आन्दोलन सबैभन्दा शिखरमा पुगेको वर्ष सन् २००९-१० मा माओवादी आन्दोलनको प्रभाव देशका २० राज्यका २२३ जिल्लासम्म फैलिएको थियो । सन् २०१३ मा 'ग्लोबल टेररिज्म एन्ड एमर्जेन्सी अट्याक इन्डेक्स'ले यसलाई विश्वका दश सबैभन्दा सक्रिय गैरराज्य सशस्त्र समूहमध्ये चौथो स्थानमा राखेको थियो ।

भारत सरकारले मार्च २०२६ सम्ममा विद्रोह अन्त्य गर्ने निर्णय गऱ्यो । आज, भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा रहेको यो सशस्त्र आन्दोलन आफ्नो अन्त्यको नजिक पुगेका धेरै संकेत देखिएका छन् । यस दिशामा भारत सरकारले हासिल गरेको सबैभन्दा ठुलो उपलब्धिमध्ये एक माओवादी नेतृत्वको माथिल्लो तहको क्रमिक उन्मूलन हो । आन्दोलनको सञ्चालनका मेरुदण्ड रहेका अधिकांश पोलिटब्युरो र केन्द्रीय समितिका सदस्य या त मारिएका छन्, या पक्राउ परेका छन् । केहीले आत्मसमर्पण गरे । यसले उनीहरूको कमान्ड र नियन्त्रण प्रणालीमा ठुलो धक्का पुऱ्याएको छ ।

नेतृत्वको विनाश

गत वर्ष मे २१ मा छत्तीसगढको अबुझमद क्षेत्रमा भएको मुठभेडमा सिपिआई (माओवादी) का महासचिव नम्बाला केशव राव उर्फ वसवराजु र अन्य २६ जनाको मृत्युले यस अभियानमा एउटा ठुलो मोड लियो । यसले माओवादी आन्दोलनको पतनको सुरुवात गरेको धेरैले अनुमान गरे । त्यस्तै, पिपुल्स लिबरेसन गुरिल्ला आर्मी (पिएलजिए) को पहिलो बटालियनकी कमान्डर माधवी हिदमालाई गत वर्ष नोभेम्बर १८ मा आन्ध्र प्रदेशमा एलिट ग्रेहाउन्ड्सले मार्‍यो । केन्द्रीय समितिका सदस्य गणेश उइके डिसेम्बर २५, २०२५ मा ओडिसाको कन्धमाल जिल्लामा मारिए । झारखण्डको सारन्डा वन क्षेत्रमा सुरक्षा बलसँगको मुठभेडमा अर्का केन्द्रीय समिति सदस्य पातीराम माझीको मृत्यु भयो ।

त्यस्तै, फेब्रुअरी २२ मा केन्द्रीय सैन्य आयोगका महासचिव तथा प्रमुख थिप्पिरी तिरुपति उर्फ देवजीले तेलंगना प्रहरीसमक्ष आत्मसमर्पण गरे । उनी सशस्त्र संघर्षका कट्टर समर्थक थिए । व्यापक क्षतिबिच पार्टीका केन्द्रीय समिति सदस्य तथा सिद्धान्तकार मल्लोजुला वेणुगोपाल रावले नोभेम्बर १९, २०२५ मा एक भिडियो सन्देश जारी गर्दै माओवादीलाई हतियार त्यागेर मुख्य धारमा फर्कन अपिल गरे । 'समय बदलिइसक्यो । देश बदलिएको छ, र परिस्थिति पनि बदलिएको छ । सशस्त्र संघर्ष अब सम्भव छैन । हामीले संविधानअनुसार काम गर्नुपर्छ । यो नै एक मात्र तरिका हो । यो सत्यलाई बेवास्ता नगर्नुहोस्, हतियार त्यागेर जनतामा फर्कनुहोस्,' वेणुगोपाल रावले भिडियो सन्देशमा भनेका थिए ।

यसैबिच, माओवादी सैन्य शक्तिको मेरुदण्ड रहेको पिएलजिए लगभग ध्वस्त भएको छ । भारत सरकारले सञ्चालन गरेको प्रतिविद्रोह अप्रेसन र सुधारिएको गुप्तचर समन्वयले माओवादीको सञ्चालन क्षेत्रलाई उल्लेखनीय रूपमा कम गरेको छ । माओवादी छापामारको गतिविधि निगरानी गर्न ड्रोन र उपग्रह प्रयोग गरिएका छन् । पहिले माओवादी गढ मानिने दुर्गम क्षेत्रमा सेनाले 'फरवार्ड अपरेटिङ आधार' स्थापना गरेको छ ।

छत्तीसगढ-तेलंगना सीमामा रहेको करेगुट्टा पहाडमा २१ दिनसम्म चलेको 'अप्रेसन ब्ल्याक फरेस्ट' विशेषगरी महत्त्वपूर्ण रह्यो । सुरक्षा बलले २७ छापामारलाई मार्‍यो र माओवादी गढलाई ध्वस्त पार्‍यो । यो सैन्य अप्रेसनपछि छत्तीसगढ, तेलंगना र महाराष्ट्रमा ५४ नक्सलवादी पक्राउ परे भने ८४ जनाले आत्मसमर्पण गरे । नतिजास्वरूप माओवादी आन्दोलनसँग अब पहिलेजस्तो ठुलो मात्रामा समन्वित आक्रमण गर्ने क्षमता छैन । हिंसामा उल्लेखनीय कमी आएको छ । नयाँ छापामारको भर्तीमा गिरावट आएको छ, जसले माओवादीको संगठन कमजोर बनेर मनोबल खस्किएको छ ।

> इतिहासमा पटक-पटक देखिएको छ कि जुन आन्दोलन सिर्फ बल प्रयोग गरेर दबाइन्छ र अन्तर्निहित समस्यालाई सम्बोधन गरिँदैन, तब विद्रोह फेरि नयाँ रूपमा पुनः देखा पर्न सक्छ । माओवादी हिंसामा कमी आएको छ, तर यसको अर्थ असन्तुष्टि हराएको छ भन्ने होइन । यो पुनः देखा पर्न सक्छ, चाहे त्यो नयाँ विद्रोहका रूपमा होस् वा स्थानीय विरोध वा अन्य कुनै रूपमा ।

माओवादीले भोगेको पछिल्लो पराजयमा स्पष्ट राजनीतिक दिशा, व्यापक समन्वित सैन्य अप्रेसन र प्रभावी क्षेत्रमा सुधारिएको प्रशासनको भूमिका रहेको भनिएको छ । अहिले त्यस भेगमा सडक निर्माण, मोबाइल टावरको निर्माण, बैंक र हुलाक कार्यालयको सञ्चालन र औद्योगिक प्रशिक्षण संस्थानको स्थापनाले प्रमाणित गर्छ । सन् १९८० को दशकमा पन्जाबमा पृथकतावदको पराजयपछि माओवादी सशस्त्र विद्रोहको अन्त्यलाई भारत सरकारले हासिल गरेको दोस्रो ठुलो विजय मानिँदै छ ।

रणनीतिक विजय

कुनै पनि लामो विद्रोह केवल सैन्य समस्या मात्र हुँदैनन् । तिनीहरू सामाजिक, आर्थिक र राजनीतिक अवस्थासँग गहिरो रूपमा गाँसिएका हुन्छन् । माओवादी आन्दोलनले आदिवासी र सीमान्तकृत समुदायको लामो समयदेखिको गुनासोका कारण बल प्राप्त गऱ्यो र अहिले पनि यी गुनासा पूर्ण रूपमा सम्बोधन भएका छैनन् । खानी क्षेत्रको विस्तार, पूर्वाधार परियोजना र औद्योगिक विस्तारका कारण जनजाति जनसंख्याको एक ठुलो हिस्साले अहिले पनि विस्थापनको सामना गरिरहेको छ । धेरै अवस्थामा पुनर्स्थापना र क्षतिपूर्ति पर्याप्त रूपमा प्रदान गरिएको छैन वा घोषणा भएका क्षतिपूर्तिसमेत कार्यान्वयनमा गएको छैन । यसले गर्दा मानिसमा सरकारबाट हेपिएको वा बेवास्ता गरिएको भावना उत्पन्न भएको छ ।

अर्को चिन्ता 'वन अधिकार ऐन२००६' जस्ता कानुनको कमजोर कार्यान्वयन हो । यो कानुनले वनमा बस्ने आदिवासीलाई भूमि र स्रोतमाथि अधिकार दिने उद्देश्य राखेको थियो । यद्यपि, नोकरशाही ढिलाइ, प्रक्रियागत कठिनाइ र जागरुकताको अभावले वास्तविकतामा यस कानुनको प्रभाव सीमित देखिएको छ । विशिष्ट नीतिभन्दा बाहिर व्यापक समस्याले पनि असन्तुष्टि जगाउन सक्छ । उग्र-वामपन्थबाट प्रभावित क्षेत्र लामो समयदेखि कमजोर शासन, नाजुक पूर्वाधार, स्वास्थ्य तथा शिक्षा सुविधाको अभाव र सीमित आर्थिक अवसरको समस्या जुधिरहेका छन् । हालैका वर्षमा यी क्षेत्रमा केही सुधार भए पनि अझै धेरै खाडल कायम छ ।

आर्थिक होस् वा सामाजिक असमानता अशान्तिको प्रमुख कारण हो । जब विकास नै मानिसलाई तिनको वास्थानबाट बेदखल गर्ने वा केवल स्रोतको दोहनमा मात्र केन्द्रित भएजस्तो देखिन्छ, यसले विद्रोहलाई जन्माउन सक्छ । त्यसकारण, चुनौती केवल सरकारको पहुँच विस्तार गर्नु मात्र होइन । बरु, मानिसले यसको उपस्थितिलाई वैध, जवाफदेही र न्यायपूर्ण रूपमा बुझेको छ भनेर सुनिश्चित गर्नु पनि हो ।

पुनरुत्थानको खतरा

इतिहासमा पटक-पटक देखिएको छ कि जुन आन्दोलन सिर्फ बल प्रयोग गरेर दबाइन्छ र अन्तर्निहित समस्यालाई सम्बोधन गरिँदैन, तब विद्रोह फेरि नयाँ रूपमा पुनः देखा पर्न सक्छ । माओवादी हिंसामा कमी आएको छ, तर यसको अर्थ असन्तुष्टि हराएको छ भन्ने होइन । यो पुनः देखा पर्न सक्छ, चाहे त्यो नयाँ विद्रोहका रूपमा होस् वा स्थानीय विरोध वा अन्य कुनै रूपमा । सामाजिक न्याय, शोषणविरुद्धको लडाइँ र असमानतामाथिको क्रोधमा आधारित नक्सलवादको विचारधाराले अझै पनि भारतीय समाजका केही खण्डलाई प्रभाव पार्न सक्छ ।

अहिलेको अवस्था विशिष्ट

विद्रोह भर्खरै दबाइएको छ, तर यसको विचारधारा अझै पनि कायम रहन सक्छ, भलै सुप्त रूपमा किन नहोस् । अहिलेको समयले भारत सरकारलाई एउटा ऐतिहासिक अवसर प्रस्तुत गरेको छ, अहिले विद्रोह अन्त्य गर्ने मात्र होइन, दिगो शान्ति स्थापना गर्ने अवसर पनि छ । यो प्राप्त गर्न सरकारले सन्तुलित र दूरदर्शी दृष्टिकोण अपनाउनुपर्छ । पहिलो, विकास समावेशी र सहभागितामूलक हुनुपर्छ । आदिवासी समुदायलाई लाभार्थी बनाउने मात्र नभई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ । यो समुदायको अधिकार, सहमति र सांस्कृतिक पहिचानको सम्मान गर्नुपर्छ ।

दोस्रो, वन अधिकार ऐनजस्ता कानुनको उचित कार्यान्वयनमा जोड दिनुपर्छ । भूमि अधिकार र वन स्रोतमा पहुँच सुनिश्चित गर्नाले मूल कारणलाई उल्लेखनीय रूपमा सम्बोधन गर्न सकिन्छ । तेस्रो, तल्लो तहको शासनलाई सुदृढ बनाउनुपर्छ । स्वास्थ्य, शिक्षा र रोजगारीजस्ता आधारभूत सेवालाई प्राथमिकता दिनुपर्छ, विशेषगरी विद्रोह प्रभावित क्षेत्रमा । प्रशासनिक उपस्थितिसँगै संवेदनशीलता र जवाफदेहिता आवश्यक छ । चौथो, सुरक्षा बलले द्वन्द्वबाट सामान्य अवस्थामा संक्रमण रहेको क्षेत्रमा ठुलो सावधानी र विवेकका साथ काम गर्नुपर्छ ।

वास्तविक परीक्षा

भारत अब आफ्नो सबैभन्दा लामो समयदेखि चलिरहेको विद्रोहमध्ये एक अन्त्यको नजिक पुगेको देखिन्छ । माओवादी आन्दोलनको विघटन भारत सरकारको निरन्तर प्रयास र सुधारिएको रणनीतिको परिणाम हो । तर, वास्तविक परीक्षा अझै बाँकी छ । सरकारले अगाडि बढ्दै जाँदा सावधानी, विवेक र संवेदनशीलता देखाउनुपर्छ । नक्सलवादी समस्याको अन्त्य गर्नु भनेको केवल सशस्त्र समूहलाई हराउनु मात्र होइन, बरु समाजमा कामया गहिरा समस्यालाई सम्बोधन गर्नु पनि हो, विशेषगरी आदिवासी क्षेत्रमा । तब मात्र यसले आज प्राप्त गरेको शान्ति भविष्यमा फेरि भंग नहुने सुनिश्चित गर्नेछ ।

द प्रिन्टबाट

सन् १९४८ : विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को स्थापना । डब्लुएचओ विश्वव्यापी रोग र महामारीसँग लड्ने, राष्ट्रिय स्वास्थ्य सेवा निर्माण गर्ने र यसका सदस्य राष्ट्रमा स्वास्थ्य शिक्षा सुधार गर्ने संयुक्त राष्ट्रको एक निकाय हो ।

इतिहासमा आज अप्रिल ७

सन् १९६९ : इन्टरनेटको सुरुवात भयो । एडभान्स्ड रिसर्च प्रोजेक्ट एजेन्सी (एआरपिए) ले बिबिएन टेक्नोलोजीलाई अहिलेको वर्ल्डवाइड वेबको पूर्ववर्ती बनाउन ठेक्का दियो ।

सन् १९९० : फ्रान्समा निर्मित यात्रुवाहक पानीजहाज स्क्यान्डिनेभियन स्टारमा भएको आगजनीमा १५९ जनाको मृत्यु ।

सन् १९९४ : रुवान्डाका प्रधानमन्त्री अगाथे उविलिंगिइमानाको हत्या ।

सन् २००१ : नासाले मार्स ओडिसी अन्तरिक्षयान प्रक्षेपण गऱ्यो ।

दर्जनौंको शंकास्पद मृत्युपछि खोप अभियान सुरु

ढाका / बंगलादेशले देशको सबैभन्दा घातक रोगको लहरमा १०० भन्दा बढी व्यक्तिको शंकास्पद मृत्युपछि आपत्कालीन खोप अभियान सुरु गरेको छ । मृत्यु हुनेमा अधिकांश बालबालिका छन् । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार आइतबार सुरु भएको यो अभियान सात हजार ५०० भन्दा बढी दादुराका शंकास्पद घटनापछि आएको छ । यीमध्ये ९०० भन्दा बढीमा दादुराका केस पुष्टि भएका छन् । स्थानीय सञ्चार माध्यमको रिपोर्टअनुसार दादुराका घटना सन् २०२५ भन्दा तीव्र रूपमा वृद्धि भएका छन् । बंगलादेशले लामो समयदेखि बालबालिकालाई अत्यधिक संक्रामक रोगविरुद्ध खोप लगाउँदै आएको छ, तर हालैको प्रकोपले कार्यक्रमको सफलतामा प्रश्नचिह्न खडा गरेको छ ।

'खोप बालबालिकाका लागि आधारभूत पक्ष हो,' बंगलादेशका लागि युनिसेफ प्रतिनिधि राणा फ्लावर्सले आइतबार एक विज्ञप्तिमा भनिन् । हालको दादुराको प्रकोपले हजारौँ बालबालिका, विशेषगरी सबैभन्दा साना बालबालिकालाई गम्भीर जोखिममा पारेको छ । १७ करोड जनसंख्या भएको बंगलादेशमा नौ महिनासम्मका बालबालिकालाई नियमित दादुरा खोप दिइन्छ । तर, स्वास्थ्य विभागका उपनिर्देशक सहरियार सज्जादका अनुसार हालैको प्रकोपमा संक्रमित भएकामध्ये लगभग एकतिहाइ नौ महिनामुनिका छन् ।

युनिसेफकी फ्लावर्सले भनिन्, 'नियमित खोपका लागि अझै योग्य नभएका यी साना शिशुको संक्रमण चिन्ताजनक छ ।' नियमित खोपका अतिरिक्त बंगलादेशले प्रत्येक चार वर्षमा विशेष दादुरा खोप अभियान सञ्चालन गर्छ । तर, यी अभियान योजनाअनुसार चलेका छैनन् । २०२० पछि कुनै विशेष दादुरा खोप अभियान सञ्चालनमा आएका छैनन् । पहिले कोभिडका कारण र त्यसपछि 'राजनीतिक परिस्थिति'का कारण खोप सञ्चालनमा आउन सकेका छैनन् ।

इरान युद्ध अन्त्य गर्न पाकिस्तानले गऱ्यो दुई चरणको वार्ता प्रस्ताव

इस्लामाबाद / पाकिस्तानले इरानमाथि अमेरिका-इजरायल युद्ध अन्त्य गर्न र हर्मुजको जलमार्ग पुनः खोल्न दुई चरणका योजना प्रस्ताव गरेको छ । प्रस्तावलाई दुवै पक्षले विचार गरिरहेको अलजजिराले जनाएको छ । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले सोमबार पाकिस्तानको कूटनीतिक प्रस्तावलाई स्वीकार गरेको बताए । रोयटर्सका अनुसार प्रस्तावमा इरान र संयुक्त राज्य अमेरिकासँग शत्रुता अन्त्य गर्न योजना साझा गरिएको छ । अमेरिका र इजरायलबाट पछिल्ला आक्रमणबिच इरान आफ्नो सुरक्षामा केन्द्रित रहेको प्रवक्ता बघाईले बताए । तेहरानको एक शीर्ष विश्वविद्यालय र असालुयेहमा रहेको साउथ पार्स पेट्रोकेमिकल प्लान्टमा सोमबार बम विस्फोट हुँदा कम्तीमा ३४ जनाको मृत्यु भएको थियो ।



'दुई चरणको सम्झौता'को एक अंशको रूपमा सम्भावित ४५ दिने युद्धविरामबारे पहिलोपटक आइतबार अमेरिका, इरान र क्षेत्रीय मध्यस्थकर्ताले छलफल गरेका अमेरिका, इजरायली र क्षेत्रीय स्रोतलाई उद्धृत गर्दै एक्सियोस समाचार संस्थाले जनाएको छ । स्रोतले रोयटर्सलाई बताएअनुसार सम्झौताका लागि पाकिस्तानी सेना प्रमुख असिम मुनिर अमेरिकी उपराष्ट्रपति जेडी भान्स, विशेष दूत स्टिव विटकफ र इरानी विदेशमन्त्री अब्बास अराघचीसँग 'रातभर' सम्पर्कमा थिए ।

प्रारम्भिक समझदारीको प्रस्तावलाई अन्तिम रूप दिन पाकिस्तानले निरन्तर प्रयास जारी राखेको छ । प्रस्तावअन्तर्गत युद्धविराम तत्कालै लागू हुने र हर्मुजको जलमार्ग पुनः खोल्न प्रयास गरिने उल्लेख छ । बृहत् सम्झौतालाई अन्तिम रूप दिन १५ देखि २० दिनको समय दिइनेछ । 'इस्लामाबाद सम्झौता' भनिने उक्त प्रस्तावमा हर्मुज जलमार्गका लागि क्षेत्रीय रूपरेखा समावेश हुनेछ, जसमा पाकिस्तानको राजधानीमा अन्तिम प्रत्यक्ष वार्ता हुनेछ । अन्तिम सम्झौतामा प्रतिबन्ध राहत र आणविक गतिविधि सञ्चालन नगर्ने इरानी प्रतिबद्धता समावेश हुने अपेक्षा गरिएको छ ।

यसैबिच, तेहरानले अस्थायी युद्धविरामको अंशको रूपमा हर्मुज जलमार्ग तत्काल नखोल्ने प्रतिक्रिया जनाएको एक वरिष्ठ इरानी अधिकारीले सोमबार रोयटर्सलाई बताए । उनले प्रस्तावको समीक्षा गर्दा समयसीमा स्वीकार नगर्ने पनि बताए । स्थायी युद्धविरामका लागि वासिंटनसँग पनि तयारीको अभाव रहेको ती अधिकारीले बताए । अमेरिकाले पाकिस्तानको योजनाबारे अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । 'पाकिस्तानी अधिकारीहरूले मलाई भनेका छन्, इस्लामाबाद उन्मत्त कूटनीतिमा संलग्न छ,' अलजजिराका ओसामा बिन जाभेदले बताए ।

■ अमेरिकाको १५ बुँदे योजना तर्कहीन : तेहरान

विदेश मन्त्रालयका प्रवक्ता बाघाईले गत महिना अमेरिकाले राखेको १५बुँदे योजनालाई तेहरानले कहिल्यै स्वीकार नगर्ने बताए । उनले भने, 'तेहरानले युद्ध अन्त्य गर्ने हालैका प्रस्तावबिच आफ्ना मागलाई अन्तिम रूप दिएको छ । तर, उपयुक्त भएमात्र ती प्रस्ताव सार्वजनिक गर्नेछ । १५ बुँदे अमेरिकी योजना पाकिस्तान र केही अन्य मित्र राष्ट्रमार्फत प्रतिबिम्बित भएको थियो । यस्ता प्रस्ताव अत्यन्तै महत्त्वाकांक्षी, असामान्य र तर्कहीन छन् ।' बाघाईले इरानको आफ्नै ढाँचा रहेको कुरामा जोड दिए । 'हाम्रा आफ्नै हित र विचारका आधारमा हामीले हाम्रा मागलाई संहिताबद्ध गर्‍यौं,' उनले भने । विदेश मन्त्रालयका प्रवक्ताले मध्यस्थकर्तासँग संलग्न हुनुले कमजोरीलाई संकेत गर्छ भन्ने विचारलाई पनि अस्वीकार गरे ।

UMH UNITED MODI HYDROPOWER

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोन: ०१-४१६५११४, प्याक्स: ०१-४१६५११३
इमेल: unitedmodi@ntc.net.np वेबसाइट: www.umh.com.np

वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/१२/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को बाह्रौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको बाह्रौं वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै वार्षिक साधारण सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थान :

मिति : २०८३ बैशाख २७ गते आइतबार (तद्अनुसार १० मे, २०२६)
समय : विहान ११:०० बजे।
स्थान : कालिमाटि व्यैड्केट, कालीमाटी काठमाण्डौं ।

२. छलफलका विषयहरू :

क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२ लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको संचालक समितिमा २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा ।
५. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

ख) विशेष प्रस्तावहरू

१. कम्पनीले अन्य कम्पनीहरूमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।
२ हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०८३/०१/०४ गते एक दिनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०१/०३ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ ।
२. आफ्नो मन्तव्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई advocatenp7@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं ।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा, साथमा लिई आउन हुन अनुरोध गर्दछौं । कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सकिनेछ । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ ।
५. यसै साधारण सभाबाट कम्पनीको सञ्चालक समितिमा २ (दुई) जना सञ्चालकहरूको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम, निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालयमा रहने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८३/०१/१० गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ ।
६. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या बराबर शेयर कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ ।
७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् । संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।
८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ ।
९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला लगायतका वस्तुहरू नलिई आउन अनुरोध छ ।
१०. अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २४ चैत ०८२

दोस्रो त्रैमासमा ४.०५% आर्थिक वृद्धि

वर्गीकरण गरिएका १८ वटै औद्योगिक क्षेत्रमा सकारात्मक वृद्धि भएको अनुमान, यद्यपि निर्माण क्षेत्र कमजोर, धान उत्पादनमा कमी र केही वस्तुको घरेलु उत्पादन घट्नुका कारण आर्थिक वृद्धिदर सामान्य

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को दोस्रो त्रैमासमा नेपालको अर्थतन्त्र करिब ४.०५ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको त्रैमासिक राष्ट्रिय लेखा तथ्यांकको आँकडाअनुसार अघिल्लो आर्थिक वर्ष ०८१/८२ को सोही अवधिको तुलनामा यस्तो वृद्धि देखिएको हो। पहिलो त्रैमासमा यस्तो वृद्धिदर ३.२४ प्रतिशत थियो।

त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (जिडिपी)सम्बन्धी प्रारम्भिक तथ्यांकअनुसार विद्युत् उत्पादन, बैंक तथा वित्तीय क्षेत्र, बिमा, कृषि उत्पादन, व्यापार, पर्यटनलगायतका क्षेत्रमा वृद्धि भएकाले समग्र आर्थिक गतिविधि बढेको देखिएको छ। प्रस्तुत गरिएका १८ वटा औद्योगिक वर्गीकरणमध्ये सबै क्षेत्रमा सकारात्मक वृद्धि भएको अनुमान गरिएको छ। यद्यपि, निर्माण क्षेत्र कमजोर भएको, धान उत्पादनमा कमी र केही वस्तुको घरेलु उत्पादन घट्नुका कारण आर्थिक वृद्धिदर भने सामान्यस्तरमै देखिएको छ।

कार्यालयका प्रवक्ता एवं उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेका अनुसार अहिले देखिएको आर्थिक वृद्धिको तथ्यांकले आर्थिक गतिविधि सामान्य बन्दै गएको देखाएको छ। उनले भने, 'जेन-जी आन्दोलनको प्रभाव पहिलो त्रैमासमा देखिएको थियो। अहिलेको त्रैमासमा छैन। हामीले जिडिपीमापन प्रोडक्सन एप्रोचबाट गर्ने भएकाले आन्दोलनले केही उद्योग र उत्पादनमा मात्रै अलि-अलि असर गरेको हो, ठुलो असर परेको होइन। अहिलेको त्रैमासमा भने सुधार देखिएको छ।'

उनका अनुसार १८ वटा सेक्टरमध्ये ६ वटा सेक्टरले अर्थतन्त्रलाई माथि तानेको छ। 'यातायात सेवा, पर्यटन आगमन, आवास तथा होटेल, कृषिमा फलफूल, तरकारी र वन पैदावारको उत्पादन बढेको छ,' उनले भने, 'तर, कृषि क्षेत्रमा अपेक्षित वृद्धि हुन सकेको छैन। कृषिमा जति बढ्नुपर्ने हो, त्यति बढेन। मुख्य कारण धान उत्पादन घट्नु हो। धान घटे पनि समग्र कृषि क्षेत्र बढेको छ।'

उनका अनुसार निर्माण क्षेत्र भने अझै सुधार हुन सकेको छैन। उनले भने, 'निर्माण क्षेत्रमा सुधार हुन सकेन। किनभने, निर्माणसँग सम्बन्धित सामग्रीको आयात बढेन। ठेक्काहरू तोडिएका छन्। सरकारी पुँजीगत खर्च पनि कमजोर छ। त्यसले निर्माण क्षेत्र अगाडि बढ्न सकेन।' उनले निर्माण क्षेत्र चलायमान भए अर्थतन्त्र अझ सुधार हुने बताए।

निर्माण क्षेत्र अगाडि बढ्नेबित्तिकै सिमेन्ट, डन्डी, निर्माण सामग्रीको माग बढ्ने कारण उद्योगको उत्पादन बढ्छ, आयात पनि बढ्छ। त्यसले समग्र अर्थतन्त्रलाई अझ माथि लैजाने उनको भनाइ छ। सरकारले पुँजीगत खर्च बढाउन सक्यो भने आर्थिक वृद्धि अझ राम्रो हुन सक्ने उनले बताए।

मौसमी प्रभाव समायोजन गरेर हेर्दा भने चालू आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा दोस्रो त्रैमासमा अर्थतन्त्र २.०४ प्रतिशतले बढेको अनुमान गरिएको छ। पहिलो त्रैमासमा यस्तो वृद्धिदर १.२४ प्रतिशतले ऋणात्मक थियो। १८ मध्ये १६ वटा औद्योगिक क्षेत्रमा वृद्धि र दुई क्षेत्रमा संकुचन देखिएकाले समग्र अर्थतन्त्रमा सामान्य वृद्धि भएको देखिएको हो।

क्षेत्रगत रूपमा हेर्दा सबैभन्दा बढी वृद्धि विद्युत् तथा ग्यास क्षेत्रमा देखिएको छ। यसको वृद्धिदर २२.७४ प्रतिशत रहेको अनुमान छ। त्यसपछि वित्तीय तथा बिमा क्षेत्र १२.५१ प्रतिशत, यातायात तथा भण्डारण ९.६५ प्रतिशत, होटेल तथा रेस्टुरेन्ट (आवास तथा भोजन) ५.१८ प्रतिशत र थोक तथा खुद्रा व्यापार ४.११ प्रतिशतले बढेको अनुमान गरिएको छ।

देशको अर्थतन्त्रमा सबैभन्दा ठुलो योगदान दिने कृषि क्षेत्रको वृद्धिदर भने २.२१ प्रतिशत मात्र रहने अनुमान छ। धान उत्पादन घटे पनि पशुपक्षी, तरकारी, फलफूल र वन पैदावार उत्पादन बढेकाले कृषि क्षेत्रमा समग्र वृद्धि सकारात्मक रहेको देखिएको छ।

आर्थिक वर्ष	त्रैमास	वृद्धिदर (%मा)
०८१/८२	पहिलो त्रैमास	२.९
	दोस्रो	३.८
	तेस्रो	४.२
	चौथो	४.७
०८२/८३	पहिलो	३.२४
	दोस्रो	४.०५

स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय

अर्थतन्त्रको दोस्रो ठुलो हिस्सा ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्र ४.११ प्रतिशतले बढेको छ। स्वदेशी उत्पादन र आयात बढेकाले व्यापार क्षेत्र विस्तार भएको देखिएको हो। तर, पानी आपूर्ति, ढल तथा फोहोर व्यवस्थापन, सार्वजनिक प्रशासन, रक्षा, सामाजिक सुरक्षा र शिक्षा क्षेत्रमा भने निकै कम वृद्धि भएको अनुमान गरिएको छ। दोस्रो त्रैमासमा अर्थतन्त्र बढेको देखिए पनि वृद्धि दर भने मध्यमस्तरमै रहेको सरकारी प्रारम्भिक अनुमानले देखाएको छ। पानी आपूर्ति, ढलनिकास, फोहोर व्यवस्थापनमा ०.५५ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा तथा अनिवार्य सामाजिक सुरक्षामा १.११ प्रतिशत, शिक्षामा १.१६ प्रतिशतजस्ता क्रियाकलापमा न्यून वृद्धि भएको अनुमान छ।

स्मार्ट लाइसेन्स अब एकै दिनमा छापिने

छपाइ बाँकी रहेका करिब २९ लाख लाइसेन्स आगामी असार मसान्तसम्म छपाइ सम्पन्न गर्ने लक्ष्य

कृष्ण रिजाल/नयाँ पत्रिका

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै स्मार्ट लाइसेन्स छापेर विभागलाई हस्तान्तरण गर्ने व्यवस्था सुरु गरेको छ। मन्त्रालयले आफूमातहतको सुरक्षण मुद्रण केन्द्रको अत्याधुनिक छपाइ मेसिनमार्फत एकै दिनमा सवारीचालक अनुमतिपत्र छपाइ गरी हस्तान्तरण गर्ने व्यवस्था सुरु गरेको बताएको हो।

मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले १० वटा प्रमुख सुधारात्मक कार्यक्रमसहितको विस्तृत कार्ययोजना स्वीकृत गरेको छ। उक्त कार्ययोजनामा 'लाइसेन्स २४ घण्टाभित्रै छपाइ सुरु गरिएको र छपाइ बाँकी रहेका करिब २९ लाख लाइसेन्स ०८३ असार मसान्तसम्म छपाइ सम्पन्न गर्ने लक्ष्य राखिएको' उल्लेख छ।

१३ चैतको मन्त्रिपरिषद्को निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित मन्त्रालयले विषय क्षेत्रअनुसार प्रमुख कार्य, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार अधिकारी तोकी कार्ययोजना कार्यान्वयनमा ल्याएको मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगरले जानकारी दिए।

मन्त्रालयका अनुसार डिजिटल शासनको अवधारणालाई सुदृढ गर्दै सेवा प्रवाहमा सहजता, लागत न्यूनीकरण र समय बचत गर्ने लक्ष्यका साथ विभिन्न दशवटा प्राथमिकताका



कार्यक्रम स्वीकृत गरिएको छ।

जसअनुसार नागरिक एपमार्फत प्रहरी प्रतिवेदन, राहदानी तथा सवारीचालक अनुमतिपत्रलगायत विभिन्न सरकारी सेवालाई अन्तरआबद्ध गरी ४५ दिनभित्र एकीकृत आवेदन प्रणाली सञ्चालनमा ल्याइनेछ। यसमध्ये नागरिक एपमार्फत प्रहरी प्रतिवेदन प्राप्त गर्ने प्रणाली कार्यान्वयन भइसकेको छ।

प्राथमिकताका कार्यक्रममा सरकारी सेवा नागरिकको घरदैलोमै पुऱ्याउने लक्ष्यसहित ९० दिनभित्र हुलाक सेवालाई सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने, डाँकमार्गको पुनरावलोकन ०८३ वैशाख मसान्तसम्म सम्पन्न गर्ने, हुलाकमार्फत राहदानी, सवारीचालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र

सञ्चार मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगर भन्छन्-



१३ चैतको मन्त्रिपरिषद्को निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित मन्त्रालयले विषय क्षेत्रअनुसार प्रमुख कार्य, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार अधिकारी तोकी कार्ययोजना कार्यान्वयनमा ल्याएको छ।

तथा नेपाल टेलिकमका सिमकार्डलगायत कागजात सबै जिल्लाका वितरण केन्द्रसम्म पुऱ्याउने, स्वास्थ्य परीक्षणका नमुना सुरक्षित रूपमा प्रयोगशालासम्म ढुवानी गर्ने व्यवस्थासमेत मिलाइनेलगायत रहेका छन्।



सरकारी एप र वेबसाइट प्रयोगकर्तामैत्री बनाइने

मन्त्रालयले सरकारी वेबसाइट तथा एप प्रयोगकर्तामैत्री बनाउन दुई सय ५० भन्दा बढी सरकारी वेबसाइट तथा मोबाइल एपलाई अपांगतामैत्री तथा कम प्रविधिक ज्ञान भएका नागरिकले समेत सहज रूपमा प्रयोग गर्न सक्ने गरी अद्यावधिक गर्नेसमेत जनाएको छ। त्यस्तै, फोर-जीसँग सम्बन्धित नीतिगत व्यवस्था ३० दिनभित्र परिमार्जन गरी यस्तो सेवाको गुणस्तर सुधार गर्न थप फ्रिक्वेन्सी उपलब्ध गराउने, नेपालमा सूचना प्रविधि, विद्युतीय शासन, साइबर सुरक्षा, डेटा संरक्षण तथा कृत्रिम बौद्धिकतासम्बन्धी नीतिगत सुनिश्चितताका लागि ९० दिनभित्र सम्बन्धित विधेयक तर्जुमा गर्नेसमेत कार्ययोजनामा उल्लेख छ।

हुलाकको कुरियर सेवा अब द्रुतमार्गबाट

मन्त्रालयले हुलाकमार्फत हुने कुरियर सेवाका लागि अब 'एक्सप्रेस वे' (द्रुतमार्ग) प्रयोग गर्ने तथा अब सार्वजनिक बिदाका दिन पनि हुलाकबाट कुरियर सेवा दिने व्यवस्था मिलाएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले विभिन्न निकायसँगको समन्वयमा हुलाकबाट हुने वस्तु आयात-निर्यातका लागि थप सहज बनाएको हो। यस व्यवस्थाबाट विदेश पठाइने तथा विदेशबाट आयात गरिएका मालवस्तुको जाँचपास छिटो, सुरक्षित र भरपर्दो हुने अपेक्षा गरिएको छ। हुलाक सेवा विभाग, त्रिभुवन विमानस्थल भन्सार कार्यालय र नागरिक उड्डयन प्राधिकरणबिचको समन्वयमा यो प्रणाली लागू गरिएको हो।

मापदण्डमा पर्ने सबै संस्था श्रमिकको स्वास्थ्य परीक्षण गर्न योग्य

काठमाडौं/ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको मापदण्डमा पर्ने सबै स्वास्थ्य संस्थालाई श्रमिकको स्वास्थ्य परीक्षणका लागि सूचीकृत गर्ने भएको छ। मन्त्रालयले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न चाहने अस्पतालसहितका स्वास्थ्य संस्थालाई सूचीकृत हुन आह्वान गरेसँगै यस्तो जानकारी दिएको हो। मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले भने 'अस्पतालसहितका स्वास्थ्य संस्थालाई सूचीकृत हुन आह्वान गरेका छौँ, निवेदन दिनेमध्ये मापदण्डमा पर्ने सबैलाई अनुमति दिएपछि श्रमिकले पायक पर्ने ठाउँमा गएर स्वास्थ्य परीक्षण गर्न सक्ने अवस्था रहन्छ।'

श्रममन्त्री दीपक साहले १७ चैतमा वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा भइरहेको सिन्डिकेट तोड्ने निर्णय गरेका थिए। लगत्तै मन्त्रालयले सबै स्वास्थ्य संस्थाबाट निरोगिताको प्रमाणपत्र लिन सक्ने व्यवस्था कार्यान्वयनका लागि सोमबार सूचना प्रकाशित गरेको हो। त्यस्तै, वैदेशिक रोजगार नियमावली, २०६४ मा 'नेपाल सरकारले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण नेपाल सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाबाट गराउन यस नियममा भएको व्यवस्थाले बाधा पुगेको मानिनेछैन,' भन्ने व्यवस्थालाई पनि आधार मानेर मन्त्री साहले निर्णय गरेका थिए। सोही निर्णयअनुसार अस्पताललाई सूचीकृतका लागि आह्वान गरेको मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए। 'अस्पतालसहितका स्वास्थ्य संस्थालाई सूचीकृत हुन आह्वान गरेका छौँ,' उनले भने, 'निवेदन दिनेमध्ये मापदण्डमा पर्ने सबैलाई अनुमति दिएपछि श्रमिकले पायक पर्ने ठाउँमा गएर स्वास्थ्य परीक्षण गर्न सक्ने अवस्था रहन्छ।'

लगानीकर्तालाई आश्वस्त पार्दै अर्थमन्त्री

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार गठन भएयता सेयर बजारमा ठुलो गिरावट आएपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजार र लगानीकर्तालाई आश्वस्त पार्ने प्रयास गरेका छन्। उनले सोमबार सेयर लगानीकर्ता तथा आर्थिक पत्रकारहरूसँग छुट्टाछुट्टै छलफल गरेर रास्वपा सरकार सेयर बजारप्रति उदार रहेको प्रस्ट पारेका हुन्। सरकारले धरपकड गर्ने नीति नलिएको, तर इन्साइडर ट्रेडिङ र म्यानिपुलेसन गर्नेलाई कारबाही गर्नेसमेत उनले बताए।

अर्थमन्त्रीले सोमबार स्टक ब्रोकर एसोसिएसन, नेपाल आर्थिक पत्रकार समाज (सेजन) र नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का प्रतिनिधिसँग छुट्टाछुट्टै छलफल गर्दै वर्तमान सरकार सेयर बजारप्रति उदार रहेको भन्दै अफवाह फैलाउनेलाई कारबाही गरिने बताए। उनले नेपालको सेयर बजारमा अफवाह फैलाउने र इनसाइडर ट्रेडिङ गर्नेलाई निस्तेज पारिने बताएका छन्। 'सेयर बजार नेपालका अन्य क्षेत्रभन्दा बढी व्यवस्थित र पारदर्शी छ। पेपरलेस प्रणाली, बैंकमार्फत कारोबार, लाभांश सिधै खातामा, कर प्रणाली स्पष्ट, कसले



'सरकारले धरपकड गर्ने नीति लिएको छैन, तर इन्साइडर ट्रेडिङ र म्यानिपुलेसन गर्नेलाई कारबाही हुन्छ'

किन्यो-बेच्यो भन्ने ट्र्याक गर्न सकिने भएकाले यो प्रणाली विश्वसनीय छ, सेयर बजारलाई सरकारले डिजिटलाइजेसनको नमुना क्षेत्रका रूपमा लिएको छ। प्रधानमन्त्रीले पनि अन्य क्षेत्रमा पनि स्टक मार्केटको जस्तो डिजिटलाइजेसन गर्न खोज्नुभएको छ,' उनले भने, 'स्टक मार्केटमा आएर 'सम्पत्ति कहाँबाट ल्यायौ ?' भनेर सोध्ने अवस्था छैन। सरकारले धरपकड गर्ने नीति लिएको छैन।' सेयर बजारमा सम्पत्ति शुद्धीकरण छानबिन गर्नेतर्फ सरकारले नसोचेको अर्थमन्त्रीको भनाइ छ। सेयर बजार नेपालका अन्य क्षेत्रभन्दा पारदर्शी भएकाले बजारमा भित्रिएको लगानीको सम्पत्ति शुद्धीकरण छानबिन गर्नेतर्फ सरकार नरहेको उनले स्पष्ट पारे। यही कारण, लगानीकर्ता आत्तिनुनपर्ने वाग्लेको भनाइ छ।

स्टक मार्केटबारे बोल्दै उनले बजारमा अफवाह फैलाइएको भन्दै चिन्ता व्यक्त गरे। 'सरकारले अघि बढाएको सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानलाई देखाउँदै केही समूहले चलखेल गर्न खोजेको छ,' वाग्लेले भने, 'तैपनि, इनसाइडर ट्रेडिङ गर्ने र नियमविपरीत कारोबार गर्नेलाई निस्तेज पारिन्छ।' तर, सेयर बजारमा भएको लगानीको वैधता खोज्नेबारे अहिले नै सरकारले छलफल नगरेको वाग्लेको भनाइ छ।

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्धारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	सुरक्षणको विवरण
शाखा कार्यालय: लाहान शाखा, सिराहा	
१. घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा सा.फ./प्रा.फ.न.घ.उ.सि. १२४०९/०७७/०७८ कायम भई मिति २०७७/११/२८ मा दर्ता भएको **नर्वदा बहुउद्देश्य कृषि फार्म (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानीदिने: भगवती क्षेत्री** **व्यक्तिगत जमानीदिने: इन्द्र बहादुर क्षेत्री, मनोज कोइराला, इन्दिरा कुमारी राउत, सरोज कोइराला र शोभा रेग्मी** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।०८।१७ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८२।०३।०५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८२।०८।०७ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना।	भक्त बहादुर क्षेत्रीको नाति बल बहादुर क्षेत्रीको छोरा सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ८ (हाल लाहान न.पा. वडा नं. १३) बस्ने **इन्द्र बहादुर क्षेत्रीको** नाममा दर्ता कायम रहेको सिराहा जिल्ला बस्तीपुर गा.वि.स.वडा नं. २ख (हाल लाहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. २९, ३३ र ३५ को क्षेत्रफल क्रमश: ५–७–०–०, ०–३–८–०, र ०–५–७–० (विघा) जग्गा समेत।
२. अमृत पासमानको नाति नन्दलाल पासमानको छोरा सिरहा जिल्ला ईटहर्वा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित सखुवानन्कारकट्टी गा.पा. वडा नं. ५) बस्ने **भक्त प्रल्हाद पासमान (ऋणी)** **व्यक्तिगत जमानी दिने: नन्दलाल पासमान, प्रेरणा देवी पासमान र रिंकी देवी पासमान** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।०६।२१ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०९।०१ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८१।१०।०९ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना।	अमृत पासमानको नाति बलधारी पासवानको छोरा सिराहा जिल्ला इटहर्वा गा.वि.स. वडा नं. ६ (परिवर्तित सखुवानन्कारकट्टी गा.पा. वडा नं. ५) बस्ने **नन्द लाल पासवानको** नाममा दर्ता कायम रहेको सिराहा जिल्ला इटहर्वा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित सखुवानन्कारकट्टी गा. पा. वडा नं. ५) स्थित कित्ता नं. २१ को क्षेत्रफल ०–०–१६–० (विघा) जग्गा समेत।
शाखा कार्यालय: धनगढीमाई शाखा, सिराहा	
मोति लाल ठाकुरको नाति ज्ञान चन्द्र ठाकुरको छोरा सिराहा जिल्ला वरियारपट्टी गा.वि.स. वडा नं. ६ (हाल वरियारपट्टी गा.पा वडा नं. ३) बस्ने **राम अशिष ठाकुर (ऋणी)** **व्यक्तिगत जमानी दिने: मिथलेश कुमार ठाकुर र शुभ काली देवी ठाकुर** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।१०।२५ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना। मिति २०८२।०२।२७ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८२।०४।२६ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना।	**ऋणि राम अशिष ठाकुरको** नाममा दर्ता कायम रहेको सिराहा जिल्ला वरियारपट्टी गा.वि.स. वडा नं. ६ (वरियारपट्टी गा.पा वडा नं. ०३) स्थित कित्ता नं. ३४३० को क्षेत्रफल ०–४–१६.५–० (विघा) जग्गा समेत।
शाखा कार्यालय: पोखरा शाखा, कास्की	
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६२४४०/७७/०७८ कायम भई मिति २०७८/०१/०६ मा दर्ता भएको **मि.आर.फोर्टि सिक्स मोटर स्पोर्टस् प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: भरत मर्सेनी** **व्यक्तिगत जमानि दिने: कान्त बाबु मर्सेनी र गिता मर्सेनी** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।१०।११ को कारोवार दैनिकमा ३५ दिने सार्वजनिक सूचना। मिति २०८२।०१।१९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८२।०२।२२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना।	तिलकराम मर्सेनीको नाति भोजराज मर्सेनीको छोरा तनहुँ जिल्ला अरुणोदय गा.वि.स वडा नं ६ (हाल परिवर्तित भिमाद न.पा. वडा नं. १) बस्ने **कान्त बाबु मर्सेनीको** नाममा दर्ता कायम रहेको: क) तनहुँ जिल्ला भिमाद गा.वि.स. वडा नं. १ख (हाल परिवर्तित भिमाद न.पा वडा नं. ६) स्थित कित्ता नं. ८५० को क्षेत्रफल ०–२–०–२, कित्ता नं. ८५२ को क्षेत्रफल ०–१–३–२ र कित्ता नं. २९७ को क्षेत्रफल ०–८–०–० (रोपनी) जग्गा समेत। ख) तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं. ७ख (हाल परिवर्तित शुक्लागण्डकी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७९८ को क्षेत्रफल ०–६–२–०, कित्ता नं. ८३९ को क्षेत्रफल ०–५–२–० र कित्ता नं. ८४७ को क्षेत्रफल ०–५–१–० (रोपनी) जग्गा समेत।
शाखा कार्यालय : ईनरुवा शाखा शाखा, सुनसरी	
हस्त ब. विश्वकर्माको बुहारी कोटे विश्वकर्माको छोरी गिर बहादुर विश्वकर्माको पत्नी खोटाङ जिल्ला ज्यामिरे गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला इटहरी उप म.न.पा. वडा नं. १७ बस्ने **रमला विश्वकर्मा (ऋणी)** **व्यक्तिगत जमानी दिने: गिर बहादुर विश्वकर्मा** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०४।०६ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	**ऋणी रमला विश्वकर्मा -१** र डाकमान विश्वकर्माको नाति हस्त ब.विश्वकर्माको छोरा खोटाङ जिल्ला ज्यामिरे गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला इटहरी उप म.न.पा. वडा नं. १७ बस्ने **गिर बहादुर विश्वकर्मा-१** समेत जना २ को संयुक्त नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला हांसपोसा गा.वि.स वडा नं. ७क (हाल परिवर्तित इटहरी उप म.न.पा. वडा नं. १७) स्थित कित्ता नं ७१५ को क्षेत्रफल १८६.२५ वर्ग मिटरको घर/जग्गा समेत।
शाखा कार्यालय: लामाचौर शाखा, कास्की	
किम प्रसाद श्रेष्ठको बुहारी जित बहादुर श्रेष्ठको छोरी सोम बहादुर श्रेष्ठको पत्नी तनहुँ जिल्ला भानुमती गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९ बस्ने **सुनिता श्रेष्ठ (ऋणी)** **व्यक्तिगत जमानी दिने: सोम बहादुर श्रेष्ठ, कृपा श्रेष्ठ र अनिता श्रेष्ठ** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०२।२७ को नागरिक राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	**ऋणी सुनिता श्रेष्ठको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला शुक्रनगर गा.वि.स. वडा नं. १क (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. २५) स्थित कि.नं. ९५३ को क्षेत्रफल ०–०–१४.२५–० (विघा) को जग्गा समेत।
शाखा कार्यालय: मेनरोड नारायणगढ शाखा, चितवन	
१. चन्द्रमान ताम्राकारको नाति दिल बहादुर ताम्राकारको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ६ (हाल भरतपुर म.न.पा. वडा नं. ३) बस्ने **दीर्घ मान श्रेष्ठ (ऋणी)** **व्यक्तिगत जमानतकर्ता: दीर्घ मान श्रेष्ठ, उषा खाँड, दिल बहादुर ताम्राकार, फुलमाया ताम्राकार, कृष्ण कुमार ताम्राकार, दुर्गा देवी प्रजापती, विबेक ताम्राकार (श्रेष्ठ) र सरस्वती महर्जन**	टुल्के ताम्राकारको नाति चन्द्रमान ताम्राकारको छोरा चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ३) बस्ने **दिल बहादुर ताम्राकारको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला नारायणगढ गा.वि.स. वडा नं. ६ख (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३३८ को क्षेत्रफल ०–०–४.५–०, कित्ता नं. १०३ को क्षेत्रफल ०–०–१०.५–० र कित्ता नं. ३४० को क्षेत्रफल ०–०–९–० (विघा) घर/जग्गा समेत।
२. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५४२३२/०७७/०७८ कायम भई मिति २०७७/१०/१६ मा दर्ता भएको **होटल कुण्डलिनी प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानतकर्ता: दीर्घ मान श्रेष्ठ** **व्यक्तिगत जमानतकर्ता: उषा खाँड, दिल बहादुर ताम्राकार, कृष्ण कुमार ताम्राकार, विबेक ताम्राकार (श्रेष्ठ), सरस्वती महर्जन, फुलमाया ताम्राकार र दुर्गा देवी प्रजापती**	**ऋणी होटल कुण्डलिनी प्रा.लि.को** नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला तिलकपुर गा.वि.स वडा नं. २ख (हाल परिवर्तित नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम) जिल्ला सरावल गा.पा. वडा नं. १) स्थित कित्ता नं २८७ क्षेत्रफल ०–०–१०–०, कित्ता नं. २८५ क्षेत्रफल ०–०–१०–०, कित्ता नं. ४११ क्षेत्रफल ०–०–१०–० र कित्ता नं. २८६ क्षेत्रफल ०–०–१०–० (विघा) घर/जग्गा समेत।
३. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१९८०८/०७६/०७७ कायम भई मिति २०७६।०४।१३ मा दर्ता भएको **चितवन सि फुड्स प्रा. लि. (ऋणी)** **सञ्चालक तथा व्यक्तिगत जमानतकर्ता:** **कृष्ण कुमार ताम्राकार र सरस्वती महर्जन** **व्यक्तिगत जमानतकर्ता: दीर्घ मान श्रेष्ठ, उषा खाँड, दिल बहादुर ताम्राकार, कृष्ण कुमार ताम्राकार, विबेक ताम्राकार (श्रेष्ठ), सरस्वती महर्जन, फूलमाया ताम्राकार र दुर्गा देवी प्रजापती**	**ऋणी चितवन सि फुड्स प्रा.लि.को** नाममा दर्ता कायम रहेको चितवन जिल्ला नारायणगढ गा.वि.स. वडा नं. ६ग (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७४ क्षेत्रफल ०–०–१६.२५–० (विघा) जग्गा समेत।
४. डिल्ली प्रसाद सापकोटाको बुहारी रमाकान्त पाठकको छोरी रामचन्द्र सापकोटाको पत्नि चितवन जिल्ला गीतानगर गा.वि.स वडा नं. ८ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ६) बस्ने **पवित्रा सापकोटा (ऋणी)** **व्यक्तिगत जमानीदिने: राम चन्द्र सापकोटा र लिलावती सापकोटा** **यसअधि प्रकाशित सूचना:** मिति २०८०।०६।२४ को आर्थिक अभियान दैनिकमा ३५ दिने सूचना। मिति २०८१।०१।२६ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८१।०२।२८ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना।	लिलाधर सापकोटाको नाति डिल्ली प्रसाद सापकोटाको छोरा चितवन जिल्ला गीतानगर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ६) बस्ने **रामचन्द्र सापकोटाको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला गीतानगर गा.वि.स. वडा नं. ८क (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. १३९ क्षेत्रफल २२०१.०८, कित्ता नं. १७९७ क्षेत्रफल ३५०५.०५ र कित्ता नं. १८५ क्षेत्रफल ४१४८.२१ वर्ग मिटर जग्गा समेत।

बोलपत्रका शर्तहरू :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ।

२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०१/०८ कार्यालय समय सम्म	२०८३/०१/१३ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

ज्योति विकासद्वारा मोतीविन्दुको निःशुल्क शल्यक्रिया

काठमाडौं/ ज्योति विकास बैंकले सप्तरीमा निःशुल्क मोतीविन्दु शल्यक्रिया शिविर सञ्चालन गरेको छ। बैंकले तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा जिल्लाको रूपनगरमा स्थित तिलगंगा शिविर सञ्चालन गरेको हो। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत सो कार्यक्रम गरिएको बताइएको छ।

शिविरमा दुई हजारजनाको निःशुल्क आँखा जाँच गरिएको थियो। कुल चार सय सातजनाको शल्यक्रिया भएकामा बैंकको प्रत्यक्ष सहयोगमा ७० जना स्थानीयको शल्यक्रिया भएको छ। साथै, अन्य बिरामीलाई शल्यक्रियापश्चात् आवश्यक पर्ने चस्मा र औषधि पनि निःशुल्क प्रदान गरिएको बताइएको छ। यस पहलमार्फत दृष्टिविहीन हुन सक्ने जोखिममा रहेका समुदायका सदस्यलाई निःशुल्क सेवा दिइएको छ।



बैंकले आफ्नो १७औँ वार्षिकोत्सवको अवसरमा तिलगंगा आँखा प्रतिष्ठानसँग सहकार्य गरी निःशुल्क मोतीविन्दु शल्यक्रिया सेवा प्रदान गर्ने घोषणा गरेको थियो। उक्त सहकार्य सम्झौताअनुरूप मोतीविन्दु शल्यक्रिया सम्पन्न गरिएको छ। बैंकले आगामी दिनहरूमा पनि यस्ता प्रभावमुखी सामाजिक पहलहरूलाई निरन्तरता दिँदै समाजको समग्र विकास र अभ्युदयमा योगदान पुऱ्याउने प्रतिबद्धता जनाएको छ।

साथै, बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवनरक्षा गर्न ७० वटा न्यानो नानीमार्फत नेपाली शिशुको जीवनरक्षा गर्दै आएको बताइएको छ। बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल एक सय १७ शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ वटा एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ।

सिएफ मोटोका स्पेयर पार्टस् देशभर उपलब्ध

काठमाडौं/ सिएफ मोटो नेपालले देशका विभिन्न प्रमुख सहरहरूमा आफ्ना जेन्युइन स्पेयर पार्टस् किफायती तथा ग्राहकमैत्री मूल्यमा उपलब्ध गराएको घोषणा गरेको छ। ग्राहक सन्तुष्टि र आफ्टर-सेल्स सेवालाई अझ प्रभावकारी बनाउने उद्देश्यसहित कम्पनीले यो घोषणा गरेको हो। यस पहलले देशभरका सिएफ मोटो प्रयोगकर्तालाई सहज पहुँच, भरपर्दो सेवा र किफायती मर्मत सुविधा उपलब्ध गराउने कम्पनीले बताएको छ।

सिएफले नेपालको प्रिमियम मोटरसाइकल सेग्मेन्टमा आफ्नो उपस्थिति विस्तार गरिरहेको जनाएको छ। काठमाडौं उपत्यकाभित्र तथा बाहिर दुवै क्षेत्रमा स्पेयर पार्टस्को सहज उपलब्धता सुनिश्चित गर्दै आफ्नो सेवा सञ्जाललाई थप सुदृढ बनाइरहेको दाबी गरिएको छ। कम्पनीले स्पेयर पार्टस्को मूल्यलाई ग्राहकमैत्री बनाउनुका साथै आफ्ना प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिएका विभिन्न तहका तालिम कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आएको पनि बताइएको छ।



कम्पनीका अनुसार ग्राहकले उपत्यकाभित्र कालोपुल, बुद्धनगर, सल्लाघारीस्थित आधिकारिक केन्द्रमा जेज्युइन स्पेयर पार्टस् उपलब्ध हुनेछन्। त्यस्तै, उपत्यकाबाहिर बिर्तामोड, इटहरी, हेटौँडा, चितवन, बुटवल, पोखरा, नेपालगन्जमा पनि स्पेयर पार्टस् उपलब्ध हुने कम्पनीको भनाइ छ।

देशभर स्पेयर पार्टस्को उपलब्धता विस्तार गरेसँगै कम्पनीले ग्राहकको समय बचत गर्ने र मर्मत सेवा अझ सहज बनाउने लक्ष्य राखेको छ।

क्रम्पटनले ल्यायो नयाँ वर्षलक्षित अफर



काठमाडौं/ क्रम्प्टन ब्रान्डले नयाँ वर्ष ०८३ लाई लक्षित गर्दै नयाँ अफर सार्वजनिक गरेको छ। 'गर्मीले होइन, क्रम्प्टनले जित्छ' भन्ने मुख्य सन्देशसहित कम्पनीले विशेष उपभोक्ता अफर सार्वजनिक गरेको हो। नयाँ वर्ष र गर्मी मौसमलाई लक्षित गरी ल्याइएको यस अफरले उपभोक्तालाई उत्कृष्ट कुलिङ समाधानसँगै आकर्षक उपहार जित्ने अवसर प्रदान गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ।

अफरअन्तर्गत क्रम्प्टनका विभिन्न उत्पादन खरिद गर्ने ग्राहकले क्युआर कोड स्क्यान गरी आफ्नो विवरण दर्ता गर्न सक्नेछन्। दर्ता भएका सहभागीलाई कम्प्युटराइज्ड प्रणालीमार्फत लक्की ड्रमा समावेश गरिने जनाइएको छ। यस योजनामा बम्पर उपहारस्वरूप माइडियाको २३६ लिटर डबल डोर रेफ्रिजेरेटर राखिएको छ भने प्रत्येक पन्ध्र दिनमा क्रम्प्टन मिक्स्चर ग्राइन्डर जित्ने अवसर पनि छ। भारतीय ब्रान्ड क्रम्प्टनले एयर कुलर, वाटर हिटर, मिक्सर ग्राइन्डरलगायतका घरायसी उपकरण उत्पादन गर्दै आएको छ। नेपाल यो कम्पनीका उत्पादन सिजी इलेक्ट्रोनिक्सले बिक्री-वितरण गर्दै आइरहेको छ।

भ्यासलिनको ग्लुटा-ह्या बजारमा

काठमाडौं/ युनिलिभर नेपालअन्तर्गतको ब्रान्ड भ्यासलिनले विश्वव्यापी रूपमा सफल उत्पादन भ्यासलिन ग्लुटा-ह्या नेपाली बजारमा सार्वजनिक गरेको छ। कम्पनीले 'सो स्टपर स्किन' कार्यक्रममार्फत सार्वजनिक गरेको हो। कार्यक्रममा अन्नपूर्णा शर्मा, कविता नेपाली र मल्लिका महतलगायत सहभागी थिए।

युनिलिभर नेपालकी मार्केटिङ प्रमुख सुरभि गोस्वामीले भनिन्, 'सो स्टपर स्किन' शक्तिशाली सोचमा आधारित थियो। सो रोक्ने कुरा कुनै एक व्यक्तिले होइन, बरु आफ्नै छालाप्रतिको आत्मविश्वासले हो।'



यस कार्यक्रमले ग्लुटा-ह्याको चमकदार र स्वस्थ देखिने छालालाई नै ध्यानको वास्तविक केन्द्रका रूपमा उजागर गरेको बताइएको छ।

कम्पनीका अनुसार ग्लुटा-ह्या एक हल्का तथा छिटो अवशोषित हुने सेरम-इन-लोसन हो। यो भिटामिन सीभन्दा १० गुणा बढी शक्तिशाली रहेको बताइएको छ। डिप हाइड्रेसरको प्रयोगमार्फत छालालाई उज्यालो र नरम बनाउन तयार गरिएको बताइएको छ। यो लगाउनासाथ पानीका थोपामा परिणत हुने र नियमित प्रयोगमा चिपचिपे नहुने, चम्किलो र एक समान रङको रूप प्रदान गर्ने हुन्छ। ग्लुटा-ह्या २०० मिलि र ७० मिलि प्याकमा उपलब्ध छ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले चिन बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार र प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	**Morbidelli-C252V**	Bike	Morbidelli	C-252V	249.1CC	China	1	9,70,000.00	9,70,000.00

United Traders Syndicate Pvt. Ltd.
Anand Nagar, Dhumbarahi Kathmandu, Nepal.
Pan no : 300047372
Contact Number : 01-4008801

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मकम्पनीले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	**TOYOTA GR YARIS**	SUV	TOYOTA	GXPA16R-AGFGZW	1618	JAPAN	1	21,350,000	21,350,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्बाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

(प्रकाशित मिति : २०८२/१२/२४)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य देदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/१२/३०

तपशिल

बोलपत्र खोलिने मिति
२०८३/०१/०२ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१	**ऋणी : ललित राना (सवारी साधन खरिद कर्जा),** (ना.प्र.नं. २३१९९, मिति २०६०/०८/१६ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको),ठेगाना : बुटवल म.न.पा. १०, रुपन्देही, बाबु : थमन राना, बाजे : पदम बहादुर राना **ऋण प्रवाह गर्ने शाखा : बुटवल** **व्यक्तिगत जमानीकर्ता :** **पूर्ण माया राना-जमानीकर्ता** (ना.प्र.नं. २/५४५६, मिति २०६३/०६/०६ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) पति : थमन राना, ससुरा : पदम बहादुर राना	यस बैंकको नाममा दर्ता कायम रहेको तपशिल बमोजिको सवारी साधन : **कम्पनीको नाम :** VE Commercial (Eicher Company) **सवारीको मोडेल :** Eicher 35.31 KHSD Truck **निर्माण वर्ष** : 2016 **च्यासिस नं. :** MC2L1KRC0FH008036 **ईन्जिन नं.** : E613CDFH043614 **सवारी दर्ता नं.** : ना ६ ख ३२४२ **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही/ सम्बन्धीत यातायात नजिकको शाखा
२.	**ऋणी : सुदुर पश्चिम भोजनालय (आवधिक कर्जा)** प्राईभेट फर्म दर्ता नं. : ११०२०, ठेगाना : का.म.न.पा. ९, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राज्यश्वरी कुँवर-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १२५६९, मिति २०५४/०६/०२ मा जि.प्र.का.अछामबाट जारी भएको) पति : जगत बहादुर कुँवर, ससुरा : धन सिंह कुँवर **२. जगत बहादुर कुँवर-जमानीकर्ता** (ना.प्र.नं. १०९८/०४०/४१, मिति २०४०/१२/२१ मा जि.प्र.का.अछामबाट जारी भएको) बाबु : धन सिंह कुँवर, बाजे : गगन सिंह कुँवर **३. विजय कुँवर-जमानीकर्ता** (ना.प्र.नं. ६९-०१-७०-०२२०२, मिति २०७०/०६/२४ मा जि.प्र.का. अछामबाट जारी भएको) बाबु : जगत बहादुर कुँवर, बाजे : धन सिंह कुँवर	विजय कुँवरको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ४३०(१०३० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय साँफेबगर, अछाम/सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : तरङ्गा ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. (विविध कर्जा)** दर्ता.नं. : ३०७१७१/०७९/०८०, ठेगाना : का.म.न.पा. १६, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : सातदोबाटो** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजन अधिकारी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.७६३५०, मिति २०५८/०१/२९ मा जि.प्र.का.गोरखाबाट जारी भएको) बाबु : चन्द्र बहादुर अधिकारी, बाजे : कृष्ण बहादुर अधिकारी **२. रितु खड्का-जमानीकर्ता** (ना.प्र.नं.१४१४९८, मिति २०६३/०७/०९ मा जि.प्र.का.गोरखाबाट जारी भएको) बाबु : लिला बहादुर खड्का, बाजे : लाल बहादुर खड्का	तरङ्गा ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि को नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स./न.पा. वडा नं. २(ग) स्थित कि.नं. ४७८(०-७-०-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सातदोबाटो, ललितपुर /सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणी : राजन अधिकारी (व्यक्तिगत धितो कर्जा)** (ना.प्र.नं.७६३५०, मिति २०५८/०१/२९ मा जि.प्र.का.गोरखाबाट जारी भएको), ठेगाना : गोरखा न.पा. ६, हाल का.म.न.पा. ३, टोखा **ऋण प्रवाह गर्ने शाखा : सातदोबाटो** **व्यक्तिगत जमानीकर्ता :** **रितु खड्का-जमानीकर्ता** (ना.प्र.नं.१४१४९८, मिति २०६३/०७/०९ मा जि.प्र.का.गोरखाबाट जारी भएको), बाबु : लिला बहादुर खड्का, बाजे : लाल बहादुर खड्का	राजन अधिकारीको नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिरुटार गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ९५२(०-७-१-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सातदोबाटो, ललितपुर /सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन ।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/-तिरी लिन सकिनेछ ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

कालंगा हाइड्रो लिमिटेड
Kalanga Hydro Limited

रजिष्टर्ड कार्यालय : ल.पु.म.न.पा.-३, धोबिघाट, ललितपुर, नेपाल, फोन नं.०१-५५२९९२७ र ५५२४३३५
इमेल: hydrokalanga@gmail.com वेवसाइट: www.kalangahydro.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

कालंगा हाइड्रो लिमिटेडको जारी पूँजी रु.१,४०,००,००,०००/- (अक्षरेपी एक अर्ब चालीस करोड मात्र) मध्ये ३५% अर्थात रु.४९,००,००,०००/- (अक्षरेपी उनान्पचास करोड रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ४९,००,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर मिति २०८२ चैत्र १० गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा अधिक शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ चैत्र २४ गते बैकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ चैत्र २४ गते बैकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रहरु, नियमन निकायहरु तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

अति प्रभावित क्षेत्र	शेयर संख्या
अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ -३ समेत), त्यस्तै बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा. को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा.को वडा नं. १	९,१०,००० कित्ता
प्रभावित क्षेत्र	**शेयर संख्या**
प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिकाका अति प्रभावित क्षेत्रमा नपरेका वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका वडाहरु ।	४,९०,००० कित्ता

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ३०,००० कित्ता**

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने

संस्थापक/संचालक तथा कर्मचारीहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।

संक्षिप्त वित्तीय विवरण :

विवरण	वास्तविक			*२०८२/२०८३ पौष मसान्त	प्रक्षेपित		
	आ.व. ०७५/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२		आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ (रु.)	११६.५१	१००.२४	५८.५६	१०५.०५	१०५.८३	११६.६६	१२५.०८
प्रति शेयर आम्दानी (रु.)	(१०.५३)	(१५.४४)	(१.४८)	६.५३	६.७७	१०.८३	१२.४२
संचित नाफा (नोक्सान) (रु. हजारमा)	१४३,६८०	२,१६०	(१३,१४४)	४६,२५५	८१,६८२	२३३,२६३	४०७,१४४

*नोट : *अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षकबाट प्रमाणित भएको हो ।*

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम	प्रति मेगावाट लागत रकम	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति
कालंगागाड जलविद्युत आयोजना	१५.३३ मे.वा.	रु.४,३३,९३,४२,३१०।०३	रु.२८,३०,६२,१२०।६८	२०७२/१२/१४ गते

अनुमति बहाल रहने मिति	विद्युत उत्पादन अनुमतिको बाँकी अवधी	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	सरकारलाई आयोजना हस्तान्तरण गर्ने मिति
२१०७/१२/१३ गते	२५ वर्ष १ महिना	९.२९ वर्ष	१८.०१ वर्ष	२१०७/१२/१३ गते

परियोजनाको आन्तरिक प्रतिफल दर (IRR) र खुद वर्तमान मूल्य (NPV) सम्बन्धी विवरण:

आयोजनाको आन्तरिक प्रतिफल दर (IRR) ९.७८% र खुद वर्तमान मूल्य (NPV) रु.७०.१६ करोड रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०८०/०१/२१ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP BB- (Is) [Double B Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेकोमा मिति २०८२/०९/१५ मा उक्त रेटिङ्ग (Upgrade) भई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्राप्त भएको छ। "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले Moderate risk of default regarding timely servicing of financial obligations in Nepal बुझाउँछ। यो २०८२/०९/१५ मा सोहि रेटिङ्ग एजेन्सीबाट (Upgrade) भएको हो र यसको बैधता २०८३/१०/०९ (जनवरी २३, २०२७) सम्म रहनेछ। केयर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधारहरू जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने ÷(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ६० मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : डिसेम्बर ३०, २०२५ (मिति २०८२/०९/१५) **बहाल रहने अवधि : जनवरी २३, २०२७ (मिति २०८३/१०/०९)**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

निष्काशन तथा बिक्री प्रबन्धक :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालय: सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

का.नि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७७
मंगलबार २४ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

त्रिवि क्रिकेट मैदानको सम्झौता नवीकरण गर्ने क्यानको तयारी



फाइल तस्बिर

क्यान र त्रिभुवन विश्वविद्यालयबिच १ वैशाख ०५९ देखि ०८३ वैशाखसम्म त्रिवि मैदान प्रयोग गर्ने सम्झौता भएको थियो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले त्रिवि क्रिकेट मैदानको सम्झौता नवीकरण गर्ने समझदारीको प्रक्रिया अगाडि बढाएको छ। क्यानको सोमबार बसेको कार्यसमितिको बैठकले त्रिवि मैदानको नवीकरण गर्न सम्बन्धित निकायसँग आग्रह गरिएको प्रवक्ता छुम्बी लामाले बताए। त्रिविसँग मैदानको नवीकरण गर्ने प्रस्ताव राष्ट्रिय खेलकुद परिषद् (राखेप) र खेलकुद मन्त्रालयलगायतका सरोकारवाला निकायलाई क्यानले पठाउने उनले बताए।

'बोर्ड बैठकले त्रिवि मैदानसँगको सम्झौता नवीकरण गर्ने निर्णय गरेको छ। राखेप र युवा तथा खेलकुद मन्त्रालयलगायतका सरोकारवाला निकायलाई हामी पत्र पठाउँनेछौं,' उनले भने। क्यानले प्रयोग गरिरहेको त्रिवि क्रिकेट मैदानको सम्झौता अर्को महिना सकिँदै छ। 'क्यान र त्रिभुवन विश्वविद्यालयबिच भएको सम्झौताको समय ०८३ को वैशाखमा सकिँदै छ,' लामाले भने, 'यो समयभन्दा अगाडि नै सम्झौता हुने विश्वास छ।' क्यान र विश्व विद्यालयबिच ०५९ को वैशाख १ देखि ०८३ वैशाखसम्मको २५ वर्षका लागि त्रिवि मैदान प्रयोग गर्ने भनी सम्झौता भएको थियो।

त्रिवि र क्यानबिच सुरुका तीन वर्षमा वार्षिक तीन लाख रुपैयाँ तिर्ने सहमति भएको थियो। त्यसपछि पाँच वर्षमा भाडा वृद्धी गर्ने उल्लेख गरिएको थियो। सुरुको ३ वर्ष क्यानले वार्षिक ३ लाख रुपैयाँ भाडा दिँदै आएको थियो। तर तेस्रो वर्षपछि भने क्यानले वार्षिक ९ लाख रुपैयाँ भाडा त्रिविलाई दिँदै आएको छ। मैदानका लागि आवश्यक भौतिक संरचना सबै क्यानले नै बनाउनुपर्ने सम्झौतामा उल्लेख छ।

त्रिविले क्रिकेट हुँदा हल्ला भएको र विश्वविद्यालयको वातावरण बिग्रिएको भन्दै सम्झौता थप गर्न चाहिरहेको छैन। क्यानले सरकारको प्राथमिकतामा त्रिवि मैदान रहेकाले सम्झौता थप हुनुपर्ने माग गर्दै आएको छ। मैदानमा राज्यको ठुलो लगानी भइसकेको र नेपाली क्रिकेटको मुख्य केन्द्र भएकाले सम्झौता नवीकरण हुनुपर्ने प्रवक्ता लामाले बताए। 'यस मैदानमा राज्यको पनि ठुलो लगानी भइसकेको छ। नेपालमा एक मात्र अन्तर्राष्ट्रिय प्रतियोगिता गराउने त्रिवि मैदान नै हो,' उनले भने, 'फ्लडलाइटसहित १० हजार दर्शक क्षमताको रंगशाला निर्माण भइसकेको छ। यसमा क्यानले भन्दा पनि सम्बन्धित निकायले हेर्नुपर्छ।' १९ चैतमा क्रिकेट मैदानको भाडा सम्झौता नमिलेको र विश्वविद्यालयको हितविपरीत भएको जनाउँदै त्यसको पुनरावलोकन गर्न भन्दै त्रिभुवन विश्व विद्यालय क्रिकेट संघले सातबुँदे माग राखेको थियो।

त्रिभुवन विश्वविद्यालय क्रिकेट संघका पूर्वअध्यक्ष तथा बागमती क्रिकेट संघका निर्देशक अनिल अधिकारी प्रक्रियागत ढंगले सम्झौता हुनपर्ने बताए। 'खेल र खेलाडीलाई समस्या पार्न खोजेका होइनौं, तर केवल सम्झौता प्रक्रियागत ढंगले अघि बढोस् भने माग हो,' अधिकारीले सातबुँदे माग बुझाउन भनेका थिए। मैदानबाट हुने आम्दानी तथा रोयल्टीमा त्रिभुवन विश्वविद्यालयलाई पनि भागीदार बनाई त्रिविको खेलकुद विज्ञान विभाग तथा खेलकुद विकासका लागि प्रयोग हुनुपर्नेसहितका संघको माग रहेको छ। यसैबिच, सरकारले त्रिवि क्रिकेट मैदानलाई आधुनिकस्तरको क्रिकेट मैदानमा रूपान्तरण गर्ने योजना बनाइसकेको छ। प्यारापिट र फ्लडलाइट निर्माणका लागि बोलपत्रसमेत स्वीकृत भइसकेको अवस्था छ।

'मैदान नेपाली क्रिकेट खेलको विकासका लागि त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको करार सम्झौता अवधि थपका लागि तथा हाल राष्ट्रिय खेलकुद परिषद्मातहत सञ्चालनमा रहेको तल्लो मूलपानी क्रिकेट मैदान यस संघलाई हस्तान्तरण गरिदिनका लागि राष्ट्रिय खेलकुद परिषद्मार्फत नेपाल सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरिएको छ,' क्यानको बैठकले निर्णय गरेको छ। यसअघि १७ सदस्यीय निर्वाचित कार्यसमितिमध्ये उपाध्यक्ष रोशन सिंहसहित आठजना सदस्यले बैठक बहिष्कार गरेका थिए। उनीहरूले दोस्रो एनपिएलको हिसाब अध्ययन गरेर मात्र पास गर्ने अडान राखेका थिए।

दोस्रो एनपिएलबाट क्यानको आम्दानी नौ करोड २१ लाख

क्यानको केन्द्रीय कार्यसमितिको बैठकले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को आयव्यय विवरण अनुमोदन गरेको छ। जसअनुसार क्यानले नौ करोड २१ लाख २१ हजार ९३५ रुपैयाँ ५ पैसा खुद आम्दानी गरेको छ। क्यानले सार्वजनिक गरेको एनपिएलको आयव्यय विवरणअनुसार क्यानलाई ग्रस रेभिन्यु ४७ करोड ३६ लाख पाँच सय ५९ रुपैयाँभन्दा बढी आम्दानी भएको थियो। १ देखि २७ मंसिरसम्म भएको दोस्रो एनपिएल आयोजना गर्न क्यानले २१ करोड ९६ लाख रुपैयाँ खर्च गरेको थियो। यसबाट कुल नाफा २५ करोड ३९ लाख रुपैयाँ भएको छ। एनपिएलको कुल आम्दानीमा टिकेटिङ, ब्रोडकास्टिङ र मार्केटिङको ३२ करोडभन्दा बढी रुपैयाँ र बाँकी १५ करोड रुपैयाँ फ्रेन्चाइजको वार्षिक रकम समावेश रहेको छ। 'टिकेटिङ, ब्रोडकास्टिङ र मार्केटिङबाट उठेको कुल रकमको ५० प्रतिशत १६ करोड १८ लाख ७३ हजार पाँच सय रुपैयाँ एनपिएलका सहभागी आठ फ्रेन्चाइज टोलीले प्राप्त गर्नेछन्,' क्यानले जनाएको छ।

क्यानको साधारणसभा विराटनगरमा हुने

क्यानले वार्षिक साधारणसभा ०८३ वैशाख २७ र २८ गते विराटनगरमा आयोजना गर्ने निर्णय गरेको छ। क्यानले चारवर्षे कार्यकाल सकिएका २० जिल्लाका क्रिकेट संघहरूको कार्यकाल जेठ मसान्तसम्म थप गर्ने र सो अवधिभित्रै निर्वाचन सम्पन्न गर्न निर्देशन दिने निर्णय गरेको प्रवक्ता लामाले बताए। ०८३ जेठ मसान्तभित्र निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गरी यस संघमा जानकारी गराएपश्चात् जेठ मसान्तभित्र अनिवार्य रूपमा निर्वाचन सम्पन्न गर्नका लागि संघबाट पत्राचार गर्ने निर्णय भएको क्यानले जनाएको छ। केन्द्रीय कार्यालय मूलपानीमा बसेको बैठकले क्यानको सन् २०२६ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने निर्णय गरेको छ। यसैबिच आइसिसीको निर्देशन बमोजिम क्यान वार्षिक रूपमा प्राप्त हुने बजेटबाट महिला क्रिकेट खेलको विकासको लागि ५ लाख डलर लगानी गर्नुपर्ने भएको हुँदा यस वर्षदेखि समग्र महिला क्रिकेटको विकासमा पाँच लाख डलर लगानीको व्यवस्था गर्ने निर्णय पनि क्यानले गरेको छ।

अर्जुनको शतकमा आर्मी १३८ रनले विजयी

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लबले अर्जुन साउदको शतकीय इनिङ्सको योगदानमा सोमबार प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशलाई १३८ रनको फराकिलोअन्तरले हराएको छ। वीरगन्ज क्रिकेट मैदानमा सोमबार पहिलो ब्याटिङ गरेको आर्मीले ४८ ओभरमा सबै विकेट गुमाएर २६८ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा कर्णाली ४२.१ ओभरमा १३० रनमा समेटियो। जितसँगै आर्मी शीर्ष स्थानमा उक्लिएको छ। आर्मीले ६ खेलमा पाँच जितका साथ सर्वाधिक ११ अंक जोडेको छ।

अघिल्लो दिन शीर्ष स्थानमा रहेको सुदूरपश्चिम १० अंकका साथ दोस्रो स्थानमा झरेको छ। चालू प्रधानमन्त्री कपमा नेपाल पुलिस, लुम्बिनी, मधेश र एपिएफले समान सात अंक बनाएका छन्। रनरेटका आधारमा नेपाल पुलिस तेस्रो, लुम्बिनी चौथो, मधेश छैटौं र नेपाल एपिएफ सातौं स्थानमा छन्। आर्मीले कर्णालीलाई हराउँदा ब्याटिङमा अर्जुनको साथ पाउँदा बलिङतर्फ बसिर अहमादले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले ७.१ ओभरमा १५ रन खर्चेर तीन विकेट लिए। यसैगरी सहाब आलमले पनि कसिलो बलिङ गरेका थिए। उनले नौ ओभरमा १८ रन खर्चेर तीन विकेट हात पारे। सिमर आकाश चन्दले सात ओभरमा दुई मेडन राखी ३७ रन खर्चेर दुई विकेट लिए। कर्णालीले लक्ष्य पछ्याएको इनिङ्समा विपिन शाहीले सर्वाधिक ४० रनको योगदान दिएका थिए। उनले ७० बलमा ६ चौका प्रहार गरे। मध्यक्रमका अर्जुन घर्तीले ५८ बलमा ३२ रन तथा दीपेन्द्र रावतले ४२ बलमा २५ रन जोडेका थिए। सो इनिङ तीनजना ब्याट्सम्यानले रनै बनाउन सकेनन्।

अर्जुन शतक बनाउने छैटौं खेलाडी

सिजन २०२५/२६ को प्रधानमन्त्री कपमा अहिलेसम्म ६ ब्याट्सम्यानले शतकीय इनिङ्स खेलेका छन्। छैटौं शतक बनाउने खेलाडी अर्जुन साउद हुन्। उनले कर्णालीविरुद्ध १२१ रनको योगदन दिएका थिए। यसक्रममा उनले १० चौका र तीन छक्का प्रहार गरे। आर्मीको सुरुवाती ब्याटिङ गतिलो भएन। इनिङ्सको ८.६ ओभरमा आर्मीले चार विकेट गुमाएर ३८ रन जोडेको थियो। त्यसपछि अर्जुन र बसिर अहमादबिच पाँचौं विकेटका लागि ९९ रनको साझेदारी गर्दै टोलीलाई १३७/५ को स्थितिमा राखे। बसिरले ७० बलमा ४५ रन बनाए। अर्जुनले सन्तोष कार्कीसँग ४३ रनको साझेदारी गरी टोलीलाई ३७.३ ओभरमा १८०-६ को स्थितिमा राखे।

नरेश साउदले १४ बलमा २० रन बनाए। आर्मीका अन्तिम ब्याट्सम्यानका रूपमा अर्जुन नै आउट भएका थिए। उनी ४७.६ ओभरमा एलबिडब्लू भएका थिए। अर्जुनअघि प्रधानमन्त्री कपमा शतकीय इनिङ्स खेल्नेहरू आर्मीका बसिर अहमद, नेपाल पुलिसका शंकर राना र एपिएफ क्लबका आसिफ सेखले शतक थिए। बसिरले पुलिसविरुद्ध, शंकरले बागमती र आसिफले बागमतीविरुद्ध शतकीय इनिङ्स खेलेका थिए। यसैगरी लुम्बिनीका रञ्जित खत्रीले पुलिसविरुद्ध र गण्डकीका अर्जुन कुमालले कोशीविरुद्ध शतक लगाएका थिए।

एपिएफको तेस्रो जित

नेपाल एपिएफ क्लबले जनकपुर रंगशालामा उत्कृष्ट फर्ममा रहेको सुदूरपश्चिमलाई ४५ रनले निराश बनाएको छ। पहिलो ब्याटिङ गरेको एपिएफले ५० ओभरमा नौ विकेट गुमाएर २५९ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा सुदूरपश्चिम ४६.३ ओभरमा २१४ रनमा अलआउट भयो। एपिएफको जितमा युवराज खत्रीले पाँच विकेटको प्रदर्शन गरेका थिए। उनले १० ओभर बलिङ गरी ३४ रन खर्चेका थिए। एपिएफका लागि अभिषेक गौतमले ३२ रनमा दुई विकेट लिए। कमल ऐरी र रोहितकुमार पौडेलले समान एक विकेट हात पारे। सुदूरपश्चिमले लक्ष्य पछ्याएको इनिङ्समा अशोक धामीले सर्वाधिक ५० रनको योगदान दिएका थिए।



प्रधानमन्त्री कपको शीर्ष स्थानमा उक्लिएको आर्मीका अर्जुन साउदले कर्णालीविरुद्ध १२० बलमा १२१ रन बनाए

खेल संक्षेप

युनिटी गेम्समा सीमान्तलाई स्वर्ण

काठमाडौं/ नेपाली भेट्रान टेनिस खेलाडी सीमान्त गुरुङले एनसिटिसी आइसिएस युनिटी गेम्समा दोहोरो स्वर्ण जितेका छन्। अस्ट्रेलियाको मेलबर्नमा भएको प्रतियोगितामा सीमान्तले भेट्रान ३५ वर्षमाथि पुरुष एकल र डबल्समा स्वर्ण जितेका हुन्। नेपाली कम्युनिटी टेनिस क्लब (एनसिटिसी)द्वारा आयोजित प्रतियोगिताको एकलमा सीमान्तले अनुप गुरुङलाई हराएका थिए। डबल्समा सीमान्तले अशोक गुरुङसँग मिलेर अनुप गुरुङ र कुमार खत्रीको जोडीलाई पाखा लगाए। इन्टरमिडिएट एकलमा दीपेश घिमिरेले भीष्म गौतमलाई पाखा लगाउँदै विजेता बने। विजेतालाई एनसिटिसीका अध्यक्ष केशव खत्रीलगायतले एक कार्यक्रमबिच पुरस्कार वितरण गरे। अध्यक्ष खत्रीले नेपाली टेनिस समुदायलाई जोड्ने लक्ष्यका साथ प्रतियोगिताको सुरु गरिएको बताए। आयोजक क्लबका सचिव भीष्म गौतमले भविष्यमा अझ ठुला कार्यक्रम आयोजना गर्ने लक्ष्य रहेको बताउँदै प्रतियोगिताले नेपाली खेलकुद समुदायमा एकता र उत्कृष्टताको नयाँ सन्देश दिने विश्वास व्यक्त गरे।



युएस ओपन कराँतेमा सन्तोषले जिते कांस्य

काठमाडौं/ नेपालका सन्तोष राईले अमेरिकामा भएको युएसए ओपन कराँते च्याम्पियनसिप २०२६ मा कातातर्फ कांस्य पदक जितेका छन्। टेक्सास राज्यस्थित फोर्ट वर्थ कन्भेन्सन सेन्टरमा भएको च्याम्पियनसिपमा नेपाली खेलाडी सन्तोषले काता विधातर्फ कांस्य पदक जितेका हुन्। सन्तोषले रिपेचाजमार्फत पदक सुरक्षित गरेका छन्। रिपेचाजमा अमेरिकाका कारास्क्वेललाई हराउँदै सन्तोषले नेपाललाई पदक दिलाए। उनले दोस्रो खेलमा पनि अमेरिकाकै कोम्पस जोनीलाई पराजित गरे। तेस्रो खेलमा भने उनी ओसाको हिसाओसँग पराजित भए।

फेन्सिङकी अनिताले सगरमाथा आरोहण गर्ने

काठमाडौं/ फेन्सिङ खेलाडी अनिता कार्कीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने भएकी छिन्। नेपाल ओलम्पियन संघका अध्यक्ष दीपक विष्ट र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले सोमबार अनितालाई बिदाइ गरेका छन्। अनिता मंगलबार काठमाडौंबाट लुक्ला प्रस्थान गर्नेछिन्। करिब एक सातामा बेसक्याम्प पुगेपछि स्वास्थ्यलगायतको स्थिति हेरेर आरोहण मिति तय हुने उनले बताइन्। अनिताले आरोहण क्रममा ओलम्पियन संघ, खेलाडी संघ, नेपाल फेन्सिङ संघलगायतको झन्डा लिएर जानेछिन्।

चन्द्रगढी महिला गोल्डकपको विजेताले ११ लाख पाउने

झापा/ आगामी ५ वैशाखदेखि हुने चन्द्रगढी महिला गोल्डकप फुटबल प्रतियोगिताको विजेताले ११ लाख रुपैयाँ हात पार्ने भएको छ। आयोजक चन्द्रगढी युवा क्लबले सोमबार खेलतालिका सार्वजनिक गर्दै पुरस्कार धनराशि पनि सार्वजनिक गरेको हो। प्रतियोगिता १४ वैशाखसम्म हुनेछ। आयोजकका अनुसार चन्द्रगढी महिला गोल्डकप महिला फुटबलकै सर्वाधिक धनराशि भएको जनाएको छ। उपविजेताले पाँच लाख र प्रत्येक खेलका प्लेयर अफ द म्याचले १० हजार रुपैयाँ पाउनेछन्। उद्घाटन खेलमा पोखराको आरएस पोखरा फुटबल क्लबले त्रिभुवन आर्मी क्लबको सामना गर्नेछ। ६ वैशाखमा भुटानको थिम्पु सिटी र चर्च ब्वाइज युनाइटेडबिच प्रतिस्पर्धा हुने अध्यक्ष रोहित सुब्बाले बताए। ७ वैशाखमा नेपाल पुलिसले आयोजक चन्द्रगढी युवा क्लबको सामना गर्नेछ। प्रतियोगिताको पहिलो सेमिफाइनल १२ वैशाख र दोस्रो सेमिफाइनल १३ वैशाखमा हुनेछ। फाइनल खेल १४ वैशाखमा हुने सुब्बाले बताए। सर्वोत्कृष्ट खेलाडीले ५० हजारसँगै उत्कृष्ट गोल रक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही २५ हजार रुपैयाँ पाउनेछन्।

वडा नम्बर ११ लाई बुद्धिचालको उपाधि



काठमाडौं/ वडा नम्बर ११ ले सहिद सुरज शाक्य स्मृति अन्तरवडाव्यापी च्यापिड रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि जितेको छ। कामनपा वडा नं. २२ ले आयोजना भएको सात चरणको दुईदिने प्रतियोगितामा च्याम्पियन वडा नम्बर ११ ले सर्वाधिक १३ अंक बनाएको हो। वडा नम्बर ११ ले सर्वाधिक ६ जित र एक बराबरी नतिजा निकालेको थियो। च्याम्पियन टोलीमा एफएम क्षितिज भण्डारी, बिजेश राजकर्णिकार, प्रवीर केसी (यू-१६) र राधिका पौडेल (महिला)ले प्रतिस्पर्धा गरेका थिए। आयोजक वडा नम्बर २२ को 'ए' उपविजेता बन्यो। वडा नम्बर २२ ले सातमध्ये पाँचमा जित, एक बराबरी र एक हारमा खेल्यो। वडा नम्बर २२ बाट सिएम नवीन तण्डुकार, दोस्रो बोर्डमा प्रकाशचन्द्र नेपाल, तेस्रो बोर्डमा यू-१६ का हार्दिक पन्त र चौथो बोर्डमा महिला खेलाडी पूजा भण्डारीले प्रतिस्पर्धा गरेका थिए।

१४औं कान्तिपुर हाफ म्याराथन ५ वैशाखमा

नयाँ पत्रिका



कान्तिपुर मिडिया ग्रुपको आयोजनामा १४औं कान्तिपुर हाफ म्याराथन आगामी ५ वैशाखमा हुने भएको छ। हाफ म्याराथनको मुख्य नारा 'रन फर नेपाल' राखिएको छ। प्रतियोगितामा ग्लोबल आइएमई बैंक मुख्य प्रायोजक र एक्सट्रम इनर्जी ड्रिंक सहयोगीका रूपमा रहेको सोमबार आयोजकले पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ। यस वर्षदेखि हाफ म्याराथनमा प्रविधिको प्रयोग गरेर धावकले दौड पूरा गरेको सही समय (एक्युरेट टाइमिङ) मापन गर्न सक्नेछन्।

दौडमा चार विधा समावेश गरिएको कान्तिपुर मिडिया ग्रुपका सिइओ महेश स्वाँरले बताए। मुख्य विधा २१.१ किलोमिटर हाफ म्याराथन हुनेछ। त्यस्तै, कर्पोरेट तथा प्रभावशाली व्यक्तिहरूको दौड पाँच किलोमिटर, एक्सट्रम कलेज रन सात किलोमिटर र ह्विलचेयर दौड तीन किलोमिटर हुने उनले बताए। हाफ म्याराथनमा पुरुष तथा महिला तर्फका विजेताले जनही १ लाख ५० हजार रुपैयाँ पाउनेछन्। दोस्रो हुनेले ७५ हजार, तेस्रोले ३० हजार र चौथो स्थानमा रहने खेलाडीले १० हजार रुपैयाँ पाउनेछन्। ह्विलचेयर दौडका विजेताले ३५ हजार रुपैयाँ, दोस्रो हुनेले २५ हजार र तेस्रो हुनेले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। कर्पोरेट तथा कलेज दौडमा पुरुष र महिला दुवैतर्फ शीर्ष तीन स्थानमा रहनेलाई विभिन्न पुरस्कार तथा उपहार प्रदान गरिनेछ। एथलेटिक्स संघका सचिव आरके विष्टले कान्तिपुर हाफ स्थापित भइसकेको र यसको आयोजनाले नेपाली खेलाडीको प्रदर्शनमा सकारात्मक प्रभाव पार्ने बताए।

ग्लोबल आइएमईका सिइओ सुरेन्द्रराज रेग्मीले सामाजिक उत्तरदायित्व वहनका क्रममा खेलकुदमा जोडिएको बताए।

पन्जाबका कप्तान श्रयशलाई २४ लाख भारु जरिवाना



१९औं आइपिएलको सातौं खेलमा चेन्नई सुपर किंग्सविरुद्ध निर्धारित समयमा बलिङ पूरा गर्न नसकेपछि पन्जाबका श्रयश एयरलाई २५ प्रतिशत म्याच फीबराबर आर्थिक कारबाही

एजेन्सी

पन्जाब किंग्सका कप्तान श्रयश एयरले १९औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा चेन्नई सुपर किंग्सविरुद्ध स्लो ओभर फर्याँकेका कारण २४ लाख भारु जरिवाना तिर्नुपर्ने भएको छ। आइपिएलको सातौं खेलमा पन्जाबले चेन्नईलाई पाँच विकेटले हराउँदा कप्तान श्रयशले निर्धारित समयमा टोलीको बलिङ पूरा गर्न नसकेको आइपिएलले जनाएको छ। सो खेलमा कप्तान मात्र होइन, पन्जाबका अन्य सबै खेलाडी पनि आर्थिक दण्डित भएका छन्। उनीहरूमाथि ६ लाख भारु जरिवाना आइपिएलले तोकेको छ। आइपिएलको नियमअनुसार फ्रेन्चाइज टोलीका कप्तानले अर्को खेलमा स्लो ओभर बलिङ गरे खण्ड ३० लाख भारु जरिवना लाग्न सक्छ। यसका साथै उसले एक खेल प्रतिबन्धको सजाय पनि पाउनेछन्।

चेन्नईविरुद्धको प्रतिस्पर्धामा कप्तान श्रयशले २९ बलमा ५० रन जोडेका थिए। उनले नेहलसँग ५९ रनको साझेदारी गदै पन्जाबको जित पक्का बनाएका थिए। पन्जाबले २०९ रनको लक्ष्य सहजै पछ्याएको थियो।

अभिषेकलाई २५ प्रतिशत जरिवाना

आइपिएलले सनराइजर्स हैदराबादका ओपनर अभिषेक शर्माले कोड अफ कन्डक्ट तोडेका कारण २५ प्रतिशत फी जरिवाना लगाएको छ। अभिषेकले कोलकाता नाइट राइडर्सविरुद्ध खेल भावनाविपरीत काम गरेको आइपिएलको भनाइ छ। गैरजिम्मेवारी कार्य गरेका कारण उनलाई एक डिमेरिट अंक दिइएको छ। अभिषेकले आफ्नो गल्ती स्वीकार गरेका छन्।

उनले आइपिएलको लेभल १ अनुसार कारवाही स्विकार भएको अनुशासन कमिटीलाई जानकारी दिएका छन्। 'खेल दौरान मैले भावनाविपरीत काम गरेको स्वीकार गर्छु,' उनले भनेका छन्, 'आइपिएलको नियमअनुसार अम्पायरले दिने कारबाही भोग्न तयार छु।' आइपिएलको आचारसंहिताको आर्टिकल २.३ अनुसार अभिषेकले नियम तोडेका हुन्। यस आर्टिकलमा खेलाडीले मैदानमा विपक्षी खेलाडी वा अस्वाभाविक काम गरे आर्टिक २.३ को नियम तोडिएको मानिनेछ। आचारसंहिताले यस्तो कार्यलाई अनुचित व्यवहार भनेको छ।

क्याचआउट हुँदा रिसाएका अभिषेक

कोलकाताविरुद्धको खेलमा अभिषेक ८.४ ओभरमा क्याचआउट भएका थिए। ब्लेसिङ मुजरवानीले प्रतिघण्टा ११२ किमिको स्पिडमा फ्याँकेको बललाई उनले पुल सट लगाएका थिए। अभिषेकले प्रहार गरेको बल डिप स्क्वायरमा वरुण चक्रवर्तीबाट क्याचआउट भएका थिए। लगभग बाउन्ड्री लाइनमै क्याचआउट भएपछि अभिषेकले त्यसलाई सुरुमा स्वीकार गरेनन्। त्यसपछि क्याचआउटको निर्णय थर्ड अम्पायरबाट भयो।

थर्ड अम्पायरको निर्णयबाट उनले असन्तुष्ट जनाएका थिए। टिभी रिप्लेमा वरुणले लिएको क्याच फरक-फरक कोणबाट हेरिएको थियो। क्याच आउट हुनुअघि उनले २१ बलमा ४८ रन बनाएका थिए। आइपिएलको लेभल १ को नियम उल्लंघन गर्ने खेलाडीको हकमा म्याच रेफ्रीकै रिपोर्ट अन्तिम हुने छ। फिल्ड रेफ्रीले प्रस्ताव गरेको कारवाही आइपिएलले गर्नुपर्ने छ।

अभिषेकले आफ्नो गल्ति स्विकार गरेका कारण सजाय कम गरिएको आइपिएलले जनाएको छ। तर, एक अंक डिमेरिट पाउँदा उनले अब अर्को खेलमा सावधानी रूपमा खेल्नुपर्नेछ। आगामी कुनै पनि खेलमा यो अंक प्राप्त हुँदा उनले एक खेल गुमाउने पक्का छ। एक खेलाडीले चार डिमेरिट अंक पाउँदा दुई वा सो भन्दा बढी खेल गुमाउने छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com